# बार्षिक गतिविधि प्रतिवेदन

## आ.ब. २०७९-०८०

राष्ट्रिय मानव अधिकार आयोग
कर्णाली प्रदेश कार्यालय, सुर्खेत

# कार्यालयबाट भएका गतिविधी सम्वन्धी फोटोहरू













# वार्षिक गतिविधी प्रतिवेदन
## (आ.व. २०७९-८०)

राष्ट्रिय मानव अधिकार आयोग
कर्णाली प्रदेश कार्यालय, सुर्खेत

लेखन/सम्पादन समितीः श्री लोकनाथ बास्तोला, उपसचिव/कार्यालय प्रमुख - संयोजक
श्री मानबहादुर कार्की, मानव अधिकार अधिकृत - सदस्य
श्री नरेन्द्र खत्री, मानव अधिकार अधिकृत - सदस्य

प्रकाशकः राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालय, सुर्खेत
प्रकाशन मितिः २०८० असार
संस्करणः प्रथम
प्रतिः २००
मुद्रणः

सर्वाधिकारः राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालय, सुर्खेत

@आयोगको यस कार्यालयको पूर्व स्वीकृती विना यस प्रतिवेदनलाइ बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी संग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । तर बौद्धिक वा शैक्षिक प्रयोजनको लागि श्रोत खुलाइ आवश्यक अंशहरु साभार गरी प्रयोग गर्न सकिनेछ ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्धन गर्नु राज्यको दायित्व हो । नेपालको संविधान तथा नेपाल पक्ष भएका मानव अधिकार संबन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा निहित हक अधिकारहरु नागरिकले निर्बाध रुपमा उपभोग गर्न पाउनु पर्दछ । मानव अधिकार उल्लंघन तथा दुरुत्साहनका घटना हुन नदिन, राज्य संयन्त्रलाई मानव अधिकार संरक्षणमा जवाफदेही बनाउन तथा देशमा मानव अधिकार संस्कृतिको विकास गर्न मानव अधिकारको क्षेत्रमा कार्यरत सबै निकायहरुको सार्थक प्रयास आजको प्रमुख आवश्यकता हो ।

मानव अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिवद्धता र मौलिक हक तथा विश्वव्यापी आवधिक समीक्षाबाट नेपालले प्राप्त गरेका सिफारिश समेतका विषयलाई समेटी नेपाल सरकारले मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना जारी गरी कार्यान्वयनको क्रममा रहेको छ । यस कार्ययोजनाले मानव अधिकार संरक्षणमा संघ, प्रदेश र स्थानीय तहलाई विशेष जिम्मेवारी तोकेको छ । यसको कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगले पनि पाएको छ । आगामि दिनमा प्रदेश सरकार र स्थानीय तहबाट समेत मानव अधिकारका विषयलाई प्राथमिकतामा राखी कार्यान्वयनमा जानेछ भन्ने मैंले विश्वास लिएको छु ।

मानव अधिकार संरक्षण तथा संवर्धन सम्बन्धी गतिविधीहरु साथै वर्षभरी सम्पादन गरेका कार्यहरु समेटी आयोगको कर्णाली प्रदेश कार्यालयबाट प्रकाशित गरिएको यो वार्षिक गतिविधी सम्बन्धी प्रतिवेदनले कर्णाली प्रदेश अन्तर्गत रहेका जिल्लाहरुको मानव अधिकारको अवस्था चित्रण गरी सरोकारवाला सबैमा सुसूचित हुन सहयोग पुऱ्याउने छ ।

यस वार्षिक गतिविधी प्रतिवेदन तयार गर्न संलग्न आयोगको कर्णाली प्रदेश कार्यालयका कार्यालय प्रमुख श्री लोकनाथ बास्तोला र प्रतिवेदन प्रकाशनमा संलग्न सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

तपबहादुर मगर
अध्यक्ष

३१ असार २०८०

## मन्तव्य

नेपाल मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धीहरुको पक्ष राष्ट्र बनेको छ । नेपालको संविधान २०७२ मा मानव अधिकारका थुप्रै प्रावधानहरुलाइ मौलिक हकको रुपमा स्थापित गरेको छ । अतः मानव अधिकारको सम्मान, संरक्षण र परिपुर्ति गर्नु राज्यको दायित्व हो ।

मानव अधिकारको सुनिश्चितताको लागि नेपालको संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ ले राष्ट्रिय मानव अधिकार आयोगलाइ संवैधानिक तथा कानुनी दायित्व सुम्पेको छ । आयोगलाइ मानव अधिकार उल्लंघन तथा दुरुत्साहनका उजुरी ग्रहण गरी उजुरीउपर अनुसन्धान र सिफारिश गर्ने अधिकार दिएको छ । त्यस्तै मानव अधिकार अवस्थाको निरन्तर अनुगमन गर्ने, कानुन पुनरावलोकन गर्ने, मानव अधिकार शिक्षाको प्रवर्धन गर्ने साथै नेपाल सरकारको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दायित्वहरुको सम्बन्धमा प्रतिवेदनभाथि सुझाव तथा सिफारिश गर्ने अभिभारा समेत सुम्पेको छ ।

नेपाल संघिय संरचनामा गइसकेको अवस्थामा मानव अधिकार सुनिश्चतताका लागि तीन तहका सरकारहरुलाइ थप जवाफदेही बनाउन आयोगले रणनीति योजना(२०२१-२०२६) ले तय गरेको निर्दिष्ट लक्ष्यहरु र उद्देश्यहरु प्राप्त गर्न आफ्ना कार्यालयहरु मार्फत वार्षिक कार्यायोजना बनाइ कार्य गरिरहेको छ । यसै सन्दर्भमा यसै वर्षमात्रै स्थापना भएको आयोगको कर्णाली प्रदेश कार्यालयले स्थापनाको छोटो अवधिमा नै आ व २०७९/०८० मा मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान, मानव अधिकार अवस्थाको अनुगमन र प्रवर्धनात्मक कार्यक्रमहरु सहितका गतिविधीहरुलाइ समेटेर आफ्नो वार्षिक गतिविधी प्रतिवेदन तयार गरेकोमा खुशी प्रकट गर्दछु । यस गतिविधी प्रतिवेदनमा हासिल भेरका महत्वपुर्ण उपलब्धि र चुनौतीहरु समेत समावेश गरी प्रकाशन भएको हुँदा त्यस क्षेत्रको समग्र मानव अधिकार अवस्था र कार्यालयको कामको समेत मुल्यांकन गर्न सरोकारवाला सबैलाइ सहज हुनेछ भन्ने मैले आशा एवम् विश्वास लिएको छु ।

वार्षिक गतिविधी प्रतिवेदनमा समावेश भएका विषयवस्तु कार्यालयको कामको समग्र प्रतिफल हो । कार्यालयको कामको प्रभावकारिता मापन गर्ने प्रमुख सुचक पनि हो । जसकले कार्यालयको गतिविधीहरु बारे जानकारी राख्न चाहने जोसुकैलाइ पनि उपयोगी हुने देखिन्छ । कर्णाली प्रदेश कार्यालय सुर्खेतको आ व २०७९/०८० को वार्षिक गतिविधी प्रतिवेदनमा त्यस क्षेत्रको मानव अधिकार अवस्था सम्बन्धी सूचना समावेश समेत भएकाले प्रतिवेदनले प्रदेशको मानव अधिकार अवस्थाबारे बुझ्न सजिलो बनाएको छ । प्रतिवेदनलाइ यस अवस्थामा पुऱ्याइ दस्तावेजीकरण गर्ने/गराउने प्रदेश कार्यालयका प्रमुख श्री लोकनाथ बास्तोलासहित लेखन एवम् अन्य सहित लेखन एवं अन्य कार्यमा सम्लग्न हुने सम्पुर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मुरारिप्रसाद खरेल
का. मु. सचिव

२१ असार २०८०

# राष्ट्रिय मानव अधिकार आयोग
# National Human Rights Commission
कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत Karnali Province Office, Birendranagar, Surkhet


## मन्तव्य

मानव अधिकार मानिस भएकै कारण सबै मानिसहरुलाइ विना भेदभाव समान रुपमा प्राप्त हुने विषय हो। यसको अभावमा सभ्य समाज र जीवनको कल्पना गर्न सकिदैन। यसको प्रभावकारी कार्यान्वयन नै मानव अधिकार प्रत्याभुतीको एक मात्र उपाय हो। मानव अधिकारको सम्मान, संरक्षण र पुरिपर्ती राज्यले अनिवार्य रुपमा पुरा गर्नु पर्ने दायित्व हो। त्यस्तै गरी मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चतता गर्ने दायित्व संवैधानिक रुपमा राष्ट्रिय मानव अधिकार आयोगमा रहेकोले आफ्नो उक्त संवैधानिक दायित्व पुरा गर्नको लागि यसले आफ्नो पहुँच विस्तार गरी बढीभन्दा बढी नागरिकहरु समक्ष पुग्ने प्रयत्न गरी रहेको छ। यसै क्रममा कर्णाली प्रदेशमा पनि २०७९ साल जेठबाट सुर्खेत कार्यालयको नामबाट कर्णाली प्रदेशको राजधानी सुर्खेतमा कार्यालय स्थापना गरी कार्य गर्दै आएकोमा २०७९ साल असोज महिनाबाट राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयको विधिवत स्थापना भइ कार्यालय सञ्चालन हुँदै आएको छ।

कर्णाली प्रदेश प्राकृतिक सुन्दरताका हिसाबले निकै अगाडी रहे पनि भौगोलिक विकटताले गर्दा मानव अधिकार दृष्टिकोणले जटिलता पनि त्यतिकै छ। शिक्षा, स्वास्थ्य, र विकासको दृष्टिकोणले अन्य प्रदेशको तुलनामा यो प्रदेश पछाडी रहेको छ। महिला हिंसा, बाल बिवाह, जातीय विभेद, शिक्षा तथा स्वास्थ्य यस प्रदेशको मानव अधिकारका मुख्य सवालहरु भएपनि यहाँको भौगोलिक जटिलता, प्रतिकुल मौसम, कार्यालयमा उपलब्ध सिमित भौतिक एवम् मानव श्रोत साधनका कारण सोचे जसरी उपलब्धी हासील गर्न सकिएको छैन। भौगोलिक जटिलताका कारण मानव अधिकार अनुगमन एवम् अनुसन्धानसम्बन्धी कार्यका लागि जिल्ला वाहिर खटेको टोलीले कष्टप्रद पैदल यात्रा समेत गर्नु परेको थियो। त्यस्तै गरी आर्थिक वर्ष शुरु भएको ३ महिनापछि मात्रै कार्यालयको लागि विनियोजित बजेट खर्च गर्ने गरी कार्य प्रारम्भ गरिएको थियो।

अतः यी सबै अभाव, जटिलता र अप्ठयारका बाबजुद पनि आर्थिक प्रगति ९९.६८ प्रतिशत र भौतिक प्रगति ३०० प्रतिशत हासिल गर्नु निकै उत्साहजनक कुरा हो। यसले आगामी वर्ष थप जोश, जाँगर र उत्साहका साथ काम गर्न हौसला प्रदान गरेको छ। प्रस्तुत प्रतिवेदन तयार गर्ने क्रममा पुर्ण रुपमा खटिनु हुने सहकर्मी मानव अधिकार अधिकृतद्वय श्री मान बहादुर कार्की र श्री नरेन्द्र खत्रीलाइ विशेष धन्यवाद दिन चाहान्छु। त्यस्तै गरी कार्य सम्पादनका क्रममा सहयोग पुर्‍याउनु हुने कार्यालयका अन्य कर्मचारीहरु सवारी चालक श्री रेशम बहादुर थापा, कार्यालय सहयोगी श्री बलसिंह सुनार, सुरक्षागार्ड श्री जीवन महत्त, श्री सिता चौधरी र श्री नन्द बुढा धन्यवादका पात्र रहेका छन्। कार्य सम्पादन गर्ने सम्बन्धमा नियमितरूपमा आवश्यक निर्देशन, सल्लाह र सुझाव प्रदान गर्नुहुने आयोगका माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरु र का.मु.सचिव श्री मुरारीप्रसाद खरेलज्यूप्रति विशेष आभार प्रकट गर्न चाहान्छु।

लोकनाथ बास्तोला
कार्यालय प्रमुख/उप–सचिव

३१ आषाढ २०८०

## सङ्क्षिप्त रूप

| | |
|---|---|
| आ.ब. | आर्थिक बर्ष |
| क्र.सं. | क्रम संख्या |
| के.का. | केन्द्रिय कार्यालय |
| गा.पा | गाउँपीलिका |
| न.पा | नगरपालिका |
| नं. | नम्बर |
| पृ. | पृष्ठ |
| मा.अ.अ. | मानव अधिकार अधिकृत |
| VPR | Universal Periodic Review |
| ICCPR | International Covenant on Civil and Political Rights |
| ESCR | Covenant on Economics, Social and Cultural Rights |
| CRC | Convention on the Rights of the Child |
| CEDAW | The Convention on the Elimination of all forms of Discrimination against Women |
| CRPD | Convention on the Rights of Persons with Disabilities |
| CMW | The International Convention on Migrant Workes and Member of their Families |
| CAT | Convention Against Torture and other cruel inhuman or degrading treatment or punishment |
| PHCC | Primary Health Care Centre |
| HPs | Health Post |
| PHC-ORCs | Primary Health Centre-Out Reach Clinic |
| FCHVs | Female Community Health Volunteer |
| CERD | Convention on the Elimination of all forms of Racial Discrimination |

# बिषय सूची

## परिच्छेद १ : प्रारम्भिक


१.१. पृष्ठभुमि १

१.२. प्रतिवेदनको उद्देश्य २

१.३. प्रतिवेदन सिमा ३


## परिच्छेद २ : आयोगको काम कर्तव्य र अधिकार


२.१. आयोगको काम, कर्तव्य र अधिकार ४

२.२. आयोगको कर्तव्य ४

२.३. आयोगको काम ४

२.३.१. संरक्षण सम्बन्धी ४

२.३.२. संवर्धन सम्बन्धी ५

२.३.३. कानुन पुनरावलोकन सम्बन्धी ५

२.३.४. सिफारिश सम्बन्धी ५

२.४. आयोगको अधिकार ६


## परिच्छेद ३ : कर्णाली प्रदेश कार्यालय सुर्खेतको जिम्मेवारी


३.१. अख्तियारी ७

३.२. कार्यक्षेत्र ७

३.३. सांगठनिक संरचना ७

३.४. कर्मचारीको जिम्मेवारी बाँडफाँड ८


## परिच्छेद ४ : आ.ब. ०७९/०८० मा सम्पन्न कार्यक्रम एवम् गतिविधि


४.१. आ.ब. ०७९/०८० को स्वीर्कत बजेट तथा कार्यक्रम ९

४.२. आर्थिक तथा भौतिक प्रगति १०

१. अनुगमन सम्बन्धी कार्य १०

२. अनुसन्धान सम्बन्धी कार्य ११

२.१ उजुरी फाइलहरुको विवरण ११

२.२ जिल्लागत उजुरी विवरण १२

२.३ महासंधीको आधारमा उजुरी विवरण १४

२.४ आ.व. २०७९/०८० मा दर्ता भएका उजुरीहरुको विवरण १५

२.५ सशस्त्र द्वन्द्वसँग सम्बन्धित र असम्बन्धित उजुरीहरु १६

२.६ आ.व. २०७९/०८० मा गरिएको अनुसन्धान विवरण १७

२.७ आ.व. २०७९/०८० मा अनुसन्धान सम्पन्न उजुरी विवरण १७

२.८ आयोगबाट निर्णय भएका कर्णाली प्रदेशका उजुरी विवरण १९

२.९ राय, सुझाव तथा परामर्श सम्बन्धी कार्य २०

३. प्रवर्धन सम्बन्धी कार्य २१
३.१ यस कार्यालयम आफैले आयोजना गरेको कार्यक्रम २१
३.२ समन्वय तथा सहकार्यमा गरेको कार्यक्रम २१
३.३ श्रोत व्यक्तीको रुपमा २२
३.४ अन्य संघ संस्थाको कार्यक्रममा सहभागीता २२
३.५ बैठकहरुमा सहभागीता २२

## परिच्छेद ५ : मानव अधिकार अवस्था

५.१. पृष्ठभूमि २४
५.२. नागरिक तथा राजनीतिक अधिकार २४
५.३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार २६
५.४. जातीय भेदभाव विरुद्धको अधिकार २९
५.५ महिला अधिकार ३१
५.६. बाल अधिकार ३२
५.७ बलपुर्वक वेपत्ता विरुद्धको अधिकार ३३
५.८ यातना विरुद्धको अधिकार ३४
५.९. मानव बेचविखन तथा आप्रवासी कामदारहरूको अधिकार ३५
५.१०. अपाङ्गता भएका व्यक्तीहरुको अधिकार ३५
५.११ तेस्रो लिङ्गीको अधिकार ३६
५.१२ वातावरणको अधिकार ३६
५.१३ मानव अधिकार रक्षकको अधिकार ३७
५.१४ आम निर्वाचन २०८० र मानव अधिकार ३८

## परिच्छेद ६ : उपलब्धि र चुनौति

६.१ उपलब्धी ४४
६.१.१ आठ जिल्लामा उपस्थिती ४४
६.१.२. लक्षित सबै कार्यक्रमहरु समयमान नै सम्पन्न ४४
६.१.३. आर्थिक तथा भौतिक प्रगति हासिल ४५
६.१.४. बाल सुधारगृह स्थापनाको लागि मूख्यमन्त्रीलाइ पत्राचार ४५
६.१.५. कर्णाली प्रदेश कार्यालयको स्थापना र संचालन ४५
६.२ चुनौति ४६
६.२.१ आन्तरिक चुनौति ४६
६.२.२ बाह्य चुनौति ४७
६.३ सुझाव ४८

## अनुसूचिहरु


| | | |
|---|---|---|
| अनुसूचि १ : | कर्णाली प्रदेश कार्यालयमा सुर्खेतमा कार्यरत कर्मचारीहरुको विवरण | ४९ |
| अनुसूचि २ : | बार्षिक बजेट, कार्यक्रम र प्रगति विवरण | ५० |
| अनुसूचि ३ : | अनुगमन विवरण | ५१ |
| अनुसूचि ४ : | राय, सुझाव तथा परामर्श सम्बन्धी कार्यको विवरण | ५५ |
| अनुसूचि ५ : | यस कार्यालय आफैले गरेको कार्यक्रमको विवरण | ५६ |
| अनुसूचि ६ : | समन्वय तथा सहकार्यमा गरिएका कार्यक्रमको विवरण | ५७ |
| अनुसूचि ७ : | श्रोत व्यक्तीको रुपमा सहभागीता सम्बन्धी विवरण | ५८ |
| अनुसूचि ८ : | अन्य संघ संस्थाको कार्यक्रममा सहभागीता सम्बन्धी विवरण | ५९ |
| अनुसूचि ९ : | वभिन्न बैठकहरुमा सहभागीमा सम्बन्धी विवरण | ६३ |

# परिच्छेद-एक

## प्रारम्भिक

### १.१ पृष्ठभुमी

मानव अधिकार यही हो भनी परिभाषा गर्न त्यति सजिलो छैन । तरपनि आमाको गर्भमा मानिसको रुपमा रहन शुरु गरेदेखि मृत्यु भइ अन्तिम संस्कार गर्ने बेलासम्म नै मानव अधिकार प्राप्तिको विषय हुने मानिन्छ। त्यसैले यसलाइ गर्भदेखि मृत्यु पर्यन्त मानव भएर बाँच्न आवश्यक सम्पुर्ण अधिकारलाइ मानव अधिकारको रुपमा लिन सकिन्छ। मानिस प्राकृतिक प्राणी भएकोले मानव अधिकारलाई प्राकृतिक अधिकार पनि भनिन्छ। मानव अधिकारको विधिशास्त्रीय मान्यता अनुसार यसलाई जे जसरी अर्थ्याएपनि राज्यको संविधान वा कानूनमा त्यसको सुनिश्चितता नगरेसम्म दावी योग्य बन्न सक्दैन । यसलाई अर्को अर्थमा भन्नुपर्दा नागरिकको हक अधिकारलाई संविधान वा प्रचलित कानूनमा व्यवस्था नगरेसम्म आधिकारिकता प्राप्त गर्न सक्दैन । त्यसैले यसलाइ राज्यले संविधान र प्रचलित कानूनमा ब्यवस्था गर्न आवश्यक हुन्छ ।

मानव अधिकारको सर्वमान्य परिभाषा हालसम्म भएको नभएपनि नेपालको हकमा पहिलो पटक राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ मा यसको परिभाषा गरिएको थियो । उक्त ऐनको दफा २(च) ले "मानवको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानून द्धारा प्रदान गरीएका अधिकार सम्झनु पर्दछ । सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय संधिमा निहित अधिकार समेतलाई जनाउँदछ ।" भनि परिभाषित गरिएको थियो । हाल राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा २(च) मा यसको परिभाषा गरिएको छ जस अनुसार "मानव अधिकार भन्नाले व्यक्तीको जीवन, स्वतन्त्रता, समानता, र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्दछ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाइ जनाउँदछ" भनी परिभाषा गरेको पाइन्छ ।

नेपालको संविधानको प्रस्तावनादेखी नै मानव अधिकारका विभिन्न विषयहरु समेटिएको पाइन्छ। धेरै मानव अधिकारका विषयलाइ मौलिक हकको रुपमा स्थान दिइ नागरिकको अधिकारलाइ सुरक्षित गर्ने प्रयास गरेको देखिन्छ । त्यस्तै गरी मानव अधिकारका विविध विषयलाइ संबोधन हुने गरी थुप्रै कानुनहरु बनाइ लागु गरेको पनि पाइन्छ ।

राज्यले संविधान, पक्ष राष्ट्र भइ सकेको मानव अधिकार संबन्धी अन्तर्राष्ट्रिय महासंधीहरु तथा प्रचलित कानूनले प्रदान गरेको मानव अधिकारको सम्मान, संरक्षण तथा त्यसको संवर्धन गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गरेको हो । मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम वि.सं. २०५७ साल ज्येष्ठ १३ गते स्थापित भएको यस आयोग प्रारम्भमा कानूनी सन्यन्त्र (Statutory Body) को रुपमा रहेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ देखि संवैधानिक निकाय (Constitutional Body) को रुपमा स्तरोन्नती भइ हालको संविधानले पनि संवैधानिक हैसियत कायमै राखेकोछ । मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने संवैधानिक दायित्व रहेको यस आयोगले नागरिकहरुको सहज पहुँचका लागि देशैभरी विभिन्न कार्यालयहरुको स्थापना गरी कार्य गर्दै आइरहेको छ ।

राज्यको पुनसंरचना भइ देश संघियतामा गएपछि सबै प्रदेशको राजधानीमा प्रदेश कार्यालयको स्थापना गर्ने आयोगको नीति बमोजिम यस कर्णाली प्रदेशको राजधानी सुर्खेतमा पनि मिति २०७९ साल जेठ महिनामा राष्ट्रिय मानव अधिकार आयोगको सुर्खेत कार्यालय स्थापना भइ कार्य शुरु भएकोमा मिति २०७९ साल असोजबाट कर्णाली प्रदेश कार्यालयको रुपमा परिणत भइ कार्य संचालन गर्दै आइरहेको छ। देशमा संघियता कार्यान्वयन हुनु पुर्व नेपालगंज स्थित मध्यपश्चिमाञ्चल क्षेत्रीकय कार्यालयको क्षेत्राधिकारभित्र रहेकोमा संघियता कार्यान्वयन पश्चात यस प्रदेश कार्यालयको स्थापना नहुन्जेलसम्म जुम्ला स्थित कर्णाली प्रदेश शाखा कार्यालयबाट नै यस प्रदेश अन्तर्गतको कार्य हुँदै आएको थियो। कर्णाली प्रदेश कार्यालयको स्थापना २०७९ साल असोज महिनामा भएको भएतापनि यसले २०७९ साल कार्तिक महिनाको अन्तिम सँगाबाट मात्रै मानव अधिकार संरक्षण तथा संवर्द्धनको कार्य शुरु गरेको थियो।

यस कार्यालयले स्थापना काल देखि नै आफ्नो क्षेत्राधिकार भित्र रहि तोकिएको कार्य गर्दै आइरहेको छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९, राष्ट्रिय मानव अधिकार आयोग उजूरी तथा कारवाही सम्बन्धी निर्देशिका, २०६९ द्वारा आयोगले प्रदान गरेको अख्तियारीभित्र रहि कार्य गर्दै आइरहेको छ। मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन गर्ने गराउने सम्बन्धी आयोगको कार्यादेश मुताविक यस कार्यालयले मानव अधिकार अनुगमन, अनुसन्धान र प्रबर्द्धनसम्बन्धी कार्य निरन्तररूपमा गर्दै आइरहेको छ। यस आ.ब. मा विनीयोजित बजेट तथा बजेटै नभएको सवालमा पनि यस कार्यालयबाट कार्य हुँदै आएको छ। नेपालको संविधानको धारा २९३ को उपधारा ३ मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहिको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ भन्ने व्यवस्था समेत भएको सन्दर्भमा यस कार्यालयबाट कर्णाली प्रदेश भरी भए गरेका कार्य तथा सो को प्रगति र यस प्रदेशको मानव अधिकारको अवस्थालाई समेटि प्रस्तुत प्रतिवेदन तयार पारिएको छ।
यस प्रतिवेदनमा ६ परिच्छेद र ९ अनुसूची रहेका छन्। प्रतिवेदनभित्र मूलतः कर्णाली प्रदेशको मानव अधिकार अवस्था, कार्यालयमा रहेका/परेका उजूरी, उजूरीउपर अनुसन्धान, अनुगमन, संवर्धन, आयोगबाट यस प्रदेशका उजुरीउपर भएका निर्णय, सिफारिस आदिसम्बन्धी कार्यहरूको विवरण समावेश गरिएको छ। यसको साथै सरोकारवालाहरूसँग यस कार्यालयको समन्वय तथा सम्बन्ध, उपलब्धि, चुनौती र सुझावहरूको समेत चर्चा छ।

## १.२ प्रतिवेदनको उद्देश्य

राष्ट्रिय मानव अधिकार आयोग संवैधानिक निकायको रुपमा रहेको संवैधानिक दायित्व बमोजिम यसले प्रत्येक वर्ष आफुले गरेका काम कारवाहीहरु सहितको प्रतिवेदन तयार गरी राष्ट्रपतिलाइ बुझाउनु पर्ने हुन्छ। त्यस्तै गरी संवैधानिक निकायहरुले प्रत्येक प्रदेशको काम कारवाहिको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ भन्ने व्यवस्था समेत भएको सन्दर्भमा यस कार्यालयले कर्णाली प्र्रदेशको काम कारवाहीको सम्बन्धमा यो प्रतिवेदन तयार गरेको हो। साथै यस कार्यालयले वर्षभरी आफुले गरेको काम कारवाहीको दस्तावेजीकरण गरी अभिलेख राख्ने पनि यस प्रतिवेदनको उद्देश्य हो। यस

कार्यालयलाई आ.ब. ०७९/८० मा प्राप्त वजेट र कार्यक्रमको प्रगति अवस्था के कस्तो रहयो ? मानव अधिकारको अवस्था कस्तो रहयो ? उपलब्धि, समस्या, चुनौति र समाधानका उपायहरु के कस्तो रहेका छन् भन्ने विषयमा जानकारी प्रदान गर्ने र भए गरेको कामको दस्तावेजीकरण गरी आयोगको कर्णाली प्रदेश कार्यालयबारे सरोकारवालाहरुलाइ जानकारी दिने र जानकारी लिन चाहने सबै वर्ग वा सर्वसाधारणलाई जानकारी उपब्ध गराउने पनि यस प्रतिवेदनको उद्देश्य हो ।

## १.३ प्रतिवेदनको सिमा

यस कार्यालयको लागि आ.व. २०७९/८० मा स्विकृत बार्षिक बजेट तथा कार्यक्रम बमोजिम सम्पन्न गतिविधीहरु, स्विकृत बार्षिक बजेट तथा कार्यक्रम बाहेकका यस कार्यालयले आवश्यक र उचित ठानी सम्पन्न गरिएका मानव अधिकार संरक्षण, संवर्धन तथा प्रवर्धन सम्बन्धी गतिविधीहरुलाइ यस प्रतिवेदनको आधार वनाइएको छ । आ.व. २०७९/८० मा सम्पन्न गतिविधीहरु मात्रै यस प्रतिवेदनमा समेटिएकाले यो नै यसको समय सिमा हो । यस प्रतिवेदनमा समेटिएका सबै गतिविधीहरु तथा तथ्यहरु यसै आर्थिक बर्षमा आधारित रहेका छन् ।

मानव अधिकार अनुगमन सम्बन्धमा स्थलगत र डेष्क मार्फत विभिन्न सञ्चार माध्यममा प्रकासँग मानव अधिकारसम्बन्धी समाचार, सुचना एवम् जानकारीलाई पनि मानव अधिकार अवस्था मापनको लागि आधार वनाइएको छ । त्यस्तै यस कार्यालयको कार्यक्षेत्रभित्रका सरकारी कार्यालयहरु जस्तै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय तह लगायत मानव अधिकारको क्षेत्रमा क्रियाशिल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ सस्थाहरू, पत्रकार, नागरिक समाजसँग विभिन्न समयमा गरिएका अर्न्तक्रिया एवम् छलफलबाट प्राप्त जानकारीहरूलाई पनि यस प्रतिवेदनमा समेटिएको छ । कर्णाली प्रदेशका डोल्पा र हुम्ला बाहेकका आठ ओटा जिल्लामा स्थलगत अनुगमन गरेपनि उक्त दुइ जिल्लामा स्थलगत अनुगमन गर्न नसकिएका कारण अन्य श्रोतलाइ आधार मानिएको छ ।

# परिच्छेद - दुई

# आयोगको काम, कर्तव्य र अधिकार

## २.१. आयोगको काम, कर्तव्य र अधिकार

आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सहितको कार्यादेश नेपालको संविधान २०७२ को धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले प्रदान गरेको छ। आयोगको काममा कुनैपनि किसिमको हस्तक्षेप नहोस् भन्दै पेरिस सिद्धान्तलाई घरेलुकरण गर्ने सन्दर्भमा संविधानको धारा २९३ ले संसदीय समितिले अन्य संवैधानिक निकायहरूलाई निर्देशन वा राय सल्लाह दिनसक्ने अधिकार राखेपनि यस आयोगको हकमा निर्देशन वा राय सल्लाह पनि दिन नपाउने व्यवस्था गरी आयोगको स्वतन्त्रता र स्वायत्ततालाई संवैधानिक संरक्षण प्रदान गरेको छ।

## २.२. आयोगको कर्तव्य

> "संवैधानिक निकायका प्रमुख र पदाधिकारी संघिय संसदप्रति उत्तरदायी र जवाफदेही रहनुपर्ने छ। प्रतिनिधिसभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका अन्य संवैधानिक निकायको प्रतिवेदन लगायतका कामकारवाहीको अनुगमन र मुल्याकंन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ।"
> -नेपालको संविधान, धारा २९३

नेपालको संविधान, २०७२ को धारा २४९(१) अनुसार "मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने" आयोगको कर्तव्य हो।

## २.३. आयोगको काम

आयोगले आफ्नो कर्तव्य पूरा गर्नका लागि नेपालको संविधान, २०७२ धारा २४९(२) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम देहायका कामहरु गर्दछः

### २.३.१. संरक्षण सम्बन्धी

**(क) उजुरी ग्रहण, अनुसन्धान तथा छानवीन**

- मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा उजूरी ग्रहण गर्ने, स्वयम् जानकारी (Suo–Motto) मा लिई उजूरी दर्ता गर्ने र सो उपर अनुसन्धान/छानवीन गर्ने।
- मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारवाही गर्न सिफारिस गर्ने।
- मानव अधिकार उल्लङ्घन सम्बन्धमा आयोगले गरेको सिफारिश वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने।

**(ख) मानव अधिकार अनुगमन**

- मानव अधिकारको विद्यमान अवस्थाबारे समीक्षा गरी सो सम्बन्धी प्रतिवेदनहरू सार्वजनिक गर्ने ।
- कारागार, नेपाल सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा निजी संस्था वा अन्य कुनै ठाउँको निरीक्षण तथा अनुगमन गर्ने, गराउने र मानव अधिकारको संरक्षणको लागि त्यस्ता निकाय, संस्था वा ठाउँमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिने ।
- मानव अधिकार संरक्षण तथा त्यसको कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने र
- मानव अधिकार संरक्षणका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

## २.३.२ मानव अधिकार संवर्धन

- मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने ।
- मानव अधिकार संवर्धन, प्रवर्धनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने ।
- मानव अधिकार संवर्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

## २.३.३ मानव अधिकार सम्बन्धी कानून पुनरावलोकन

- मानव अधिकारसँग सम्बन्धीत कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने ।

## २.३.४ सिफारिश

- मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिश गर्ने ।
- नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने ।
- मानव अधिकार उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धीत निकाय समक्ष सिफारिश गर्ने ।
- मानव अधिकार सम्बन्धी प्रचलित कानूनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिश गर्ने ।
- मानव अधिकार सम्बन्धी शिक्षामूलक विषयवस्तुलाई विद्यालय तथा विश्व विद्यालयको पाठ्यक्रममा समावेश गर्न सम्बन्धीत निकायमा सिफारिश गर्ने ।
- मानव अधिकारसँग सम्बन्धीत कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने । तथा त्यसमा गर्नंपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिश गर्ने ।
- मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने ।

## २.४. आयोगको अधिकार

- मानव अधिकार उल्लङ्घन वा ज्यादतीका घटनाको अनुसन्धानको क्रममा आयोगलाई अदालतलाई भए सरहको अधिकार रहेको छ। यस सम्बन्धमा संविधानको धारा २४९(३) ले व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार रहेको छ ।
- मानव अधिकार उल्लङ्घन भएको वा हुन लागेको सूचना कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने ।
- कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारवाही गर्नुपर्ने आवश्यक देखिएमा बिना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने ।
- मानव अधिकार उल्लङ्घनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

# परिच्छेद - तीन

# कर्णाली प्रदेश कार्यालय सुर्खेतको जिम्मेवारी

## ३.१. अख्तियारी

कर्णाली प्रदेशको सुर्खेत जिल्लामा आयोगको कार्यालय २०७९ साल जेठमा सुर्खेत कार्यालयको नामबाट स्थापित भइ सञ्चालन हुदै आएकोमा २०७९ साल असोजबाट कर्णाली प्रदेश कार्यालयको रुपमा स्थापित भइ सञ्चालन भइ रहेको छ । यस कार्यालयलाइ प्राप्त अख्तियारी अनुसार वर्तमान कार्यालयको कार्यादेश मानव अधिकार अनुगमन, अनुसन्धान र प्रबर्द्धनसम्बन्धी कार्य रहेको छ । यस कार्यादेश अन्तर्गत रही यस कार्यालयको कार्यक्षेत्रभित्रको जिल्लामा मानव अधिकारका विषयवस्तु उपर अनुगमन, अनुसन्धान तथा प्रबर्द्धनसम्बन्धी कार्य गर्दछ । मानव अधिकार अनुगमन अन्तर्गत मानव अधिकारका विविध विषयहरुको आवधिक अनुगमन गरी मानव अधिकार अवस्थाको समिक्षा गर्दछ । मानव अधिकार अनुसन्धान अन्तर्गत कार्यक्षेत्रभित्रका जिल्लाहरुबाट प्राप्त मानव अधिकार उजुरीहरु एवम् मानव अधिकार उल्लघंन तथा ज्यादती सम्बन्धमा भएका घटना उपर आयोगको ऐन, नियमावली र निर्देशिका बमोजिम अनुसन्धान कार्य सम्पन्न गरी निणयार्थ आयोगमा पेश गर्दछ । मानव अधिकार उल्लंघनका उजुरी उपर अनुसन्धान गर्दा ऐनबमोजिम अदालतलाई भए सरहको अख्तियारी प्रयोग गर्दछ । त्यस्तै मानव अधिकार संवर्धन अन्तर्गत मानव अधिकारसम्बन्धी जनचेतना निर्माण गर्ने कार्यमा भुमिका निर्वाह गर्दछ । त्यस्तै नेपाल सरकारका सरकारी कार्यालयहरु र मानव अधिकार क्षेत्रमा कार्यरत नागरिक समाजका व्यक्ति, संघ संस्थाहरु, मानव अधिकार रक्षक, पत्रकार आदीसँग समन्वय तथा सहकार्य पनि गर्दछ ।

## ३.२. कार्यक्षेत्र

यस कार्यालयको भौगोलिक कार्यक्षेत्र कर्णाली प्रदेशको सबै जिल्लाहरु हो । यस प्रदेशमा सुर्खेत, दैलेख, जाजरकोट, रुकुम पशिचम, सल्यान, कालीकोट, जुम्ला डोल्पा, मुगु र हुम्ला गरी १० ओटा जिल्लाहरु रहेका छन् । जुम्ला जिल्लामा कर्णाली प्रदेश शाखा कार्यालय भनी एक जना अधिकृत र १ जना श्रेणी विहिन कर्मचारी राखी सञ्चालन भएपनि सो कार्यालयको लागि कुनै पनि बजेटको व्यवस्था नभएकाले यसै कार्यालयको निर्देशन र समन्वयमा कार्य हुने गरेको छ। यसर्थ कर्णाली प्रदेशका सबै जिल्लाहरु यस कार्यालयको कार्यक्षेत्र भित्र पर्दछन् । यस प्रदेशका १० जिल्ला मध्ये २ जिल्ला डोल्पा र हुम्ला अझैपनि सडक सञ्जालसँग जोडिन सकेका छैनन् जसका कारण यी दुइ जिल्लामा आवत जावत निकै कठिनाइ रहेको छ ।

## ३.३. सांगठनिक संरचना

आयोगको सांगठानिक संरचना आयोगको सिफारिसमा नेपाल सरकारले स्विकृत गरेपछि लागु हुने कानूनी व्यवस्था रहेको छ । नेपालमा संघियता लागू हुनुपुर्व स्विकृत सांगठानिक संरचना नै हालसम्म कायम रहेको छ । नेपालको संघीय संरचनानुसार सांगठानिक संरचनामा परिवर्तन गरी स्वीकृतीको लागि आयोगले नेपाल सरकार समक्ष पठाएको वर्षौं बिती सक्दा पनि स्वीकृत भएर आएको छैन। प्रस्तावित संरचना बमोजिम नै कर्णाली प्रदेश कार्यालयको स्थापना भइ सञ्चालन भइ रहेको छ ।

यस कार्यालयमा हाल ७ जना मात्रै कर्मचारी रहेका छन् । ती सात जनामा उपसचिव एक, मानवअधिकार अधिकृत दुई, कार्यलय सहयोगी एक, सुरक्षा गार्ड दुई र सवारी चालक १ जना रहेका छन् । समावेशी दृष्टिकोणले हेर्ने हो भने दरबन्दी अनुसारको कूल सात जनामा सातै जना पुरुष कर्मचारी रहेको अवस्था छ भने एकजना पनि महिला कर्मचारी छैनन् । तर  हाल काजमा १ जना महिला सुरक्षा गार्ड रहेकाले १ जना भएपनि महिला कर्मचारी कार्यरत भएको मान्न सकिन्छ । हाल यस कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची १ मा राखिएको छ ।

## ३.४. कर्मचारीहरुको जिम्मेवारी बाडफाँड

आयोगको ऐन, नियमावली तथा निर्देशिका बमोजिम आयोगद्धारा यस कार्यालयलाई प्रदत्त जिम्मेवारी वहन गर्नु यस कार्यालयको कर्तव्य हो । कार्यालयको उद्धेश्य प्राप्ति कुनै एक कर्मचारीबाट मात्र सम्भव नभई कार्यालय सहयोगीदेखि कार्यालय प्रमुखसम्मको सवैको सामुहिक प्रयासबाट मात्र सम्भव हुन्छ । यस कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्य विभाजन देहाय बमोजीम गरिएको छः

**तालिका १ : कर्मचारीको जिम्मेवारी वाडफाँड**

| क्र.सं. | जिम्मेवारी | जिम्मेवारी | पद |
|---|---|---|---|
| १ | • मानव अधिकार अनुगमन तथा अनुसन्धान कार्य गर्ने र आवश्यकता अनुसार टोली खटाउने ।<br>• समन्वय सहकार्य गर्ने ।<br>• प्रबर्द्धनात्मक क्रियाकलाप गर्ने ।<br>• स्विकृत बार्षिक कार्ययोजना कार्यान्वयन गर्ने गराउने ।<br>• कार्यालयको समग्र व्यवस्थापन मिलाउने<br>• आयोगको केन्द्रिय कार्यालयको निर्देशन कार्यान्वयन गर्ने गराउने । | श्री लोकनाथ बास्तोला | उपसचिव कार्यालय प्रमुख |
| २. | • ICCPR, CEDAW, CRC, CERD, ESCR, CAT, DISSAPPERANCE, CMW & CRPD<br>• उजुरी ग्रहण व्यवस्थापन<br>• सुचना व्यवस्थापन | श्री मानबहादुर कार्की | मानव अधिकार अधिकृत |
| ३. | लेखा तथा प्रशासनसम्बन्धि कामकारवाही | श्री नरेन्द्र खत्री | मानव अधिकार अधिकृत |
| ४. | सवारी सम्बन्धी | श्री रेशमबहादुर थापा | हलुका सवारी चालक |
| ५. | कार्यालयको कामकारवाहीमा सहयोग गर्ने । | श्री बलसिंह सुनार | कार्यालय सहयोगी |
| ६. | कार्यालय सुरक्षासम्बन्धी कामकारवाही | श्री जीवन महत,<br>श्री नन्द बुढा र<br>श्री सीता चौधरी | सुरक्षा गार्ड |

# परिच्छेद-चार

## आ.ब. ०७९/८० मा सम्पन्न कार्यक्रम एवम् गतिविधी

### ४.१. आ.ब. ०७९/८० को स्वीकृत बजेट तथा कार्यक्रम

यस कार्यालयबाट अर्थ मन्त्रालयको मन्त्रालयगत सुचना प्रणाली (Line Ministry Budget Inormation System–LMBIS) मा विनियोजित बजेट तथा कार्यक्रमको सिमाभित्र रहेर खर्च गरिएको छ । यस आ.व. मा कार्यक्रमतर्फ कुल जम्मा रु.८,२०,०००।- बजेट विनियोजन भएकोमा विभिन्न दिवस मनाउने, अनुगमन, अनुसन्धान र अर्ध वार्षिक समीक्षा रहेको थियो तर अर्ध वार्षिक समीक्षाको बजेट अर्थ मन्त्रालयले खर्च कटौतीका क्रममा रोक्का राखी पछी पुरै बजेट कटौती गरेको थियो ।

कार्यक्रम तर्फको बार्षिक कार्ययोजनामा मानव अधिकार उल्लघंनका घटनाका उजुरी फाइलहरुको अनुसन्धान, मानव अधिकार उल्लघंनका घटनाहरुको आकष्मिक अनुगमन, मानव अधिकार अनुगमन, नागरिकको स्वास्थयको अधिकार सम्बन्धी अनुगमन आदी रहेका थिए भने दिवस मनाउनेतर्फ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) र आयोगको स्थापना दिवस (जेठ १३) मात्रै रहेको थियो । सो विषयहरुमा जम्मा कार्यक्रम संख्या देहायबमोजिम रहेको थियो ।

**तालिका २ : चालु आ.ब.को बार्षिक कार्यक्रम**

| क्र.सं. | कार्यक्रम शिर्षक | संख्या | कैफियत |
|---|---|---|---|
| | **कोड नं. २२५२२ तर्फ कुल कार्यक्रम** | ११ | |
| १ | मानवअधिकार उल्लघंनका घटना, उजुरी तथा फाइलहरुको अनुसन्धान | ४ | |
| २ | मानव अधिकार उल्लघंनका घटनाहरुको आकस्मिक अनुगमन | ४ | |
| ३ | खाद्य अधिका/को अवःथा अनुगमन | २ | |
| ४ | आयोगको चौमासीक अर्धवार्षिक र वार्षिक योजना कार्यान्वयनको समीक्षा | १ | पछि कटौती भएको |
| | **कोड नं. २२५२९ तर्फ (दिवस मनाउने)** | २ | |
| २ | आयोगको स्थापना दिवस मनाउने | १ | |
| ३ | अन्तर्राष्ट्रिय मानव अधिकार दिवस डिसेम्बर १० मनाउने | १ | |
| | **कुलजम्मा** | **१३** | |

उल्लेखित कार्यक्रम बमोजिमको सम्पुर्ण कार्यक्रम तोकिएको समयभित्र नै सम्पन्न गरिएको थियो भने खर्चको सम्बन्धमा पनि शतप्रतिशत जस्तै भएको थियो । यस कार्यालयले विनीयोजित बजेटको सिमा र तोकिएको अख्तियारीभित्र रही अपेक्षित उपलब्धि हासिल गर्न सकेको अवस्था छ । विनियोजित बजेट बाहेक पनि यस कार्यालयले आफ्नै पहल, तथा समन्वय र सहकार्यमा पनि धेरै कार्यक्रमहरु गरेको छ। यस अवधिमा कुल जम्मा १८ ओटा अनुगमन, ८ ओटा अनुसन्धान मिसन र १४ ओटा अन्य कार्यक्रम (समन्वय तथा सहकार्यमा समेत) सम्पन्न भएको छ । जसको विषयगत अवस्था सहितको विस्तृत विवरण तल उल्लेख गरिएको छः

## ४.२. आर्थिक तथा भौतिक प्रगति

चालु आर्थिक बर्ष ०७९/८० का लागि यस कार्यालयलाई प्रशासनिक र कार्यक्रम तर्फ गरी कुल वजेट रु.१००,३४,०००।- विनियोजन भएकोमा प्रशासनिकतर्फ रु. ९२,१४०००।- र कार्यक्रमतर्फ रु.८,२०,०००।- विनियोजन भएको थियो । जसमा प्रशासनिकतर्फ जम्मा रु.५९,४९,२२५।- खर्च भइ ६४.५६ प्रतिशत प्रगती भएको देखिन्छ भने कार्यक्रमतर्फ जम्मा रु. ८,१७,४४९।- खर्च भइ ९९.६८ प्रतिशत प्रगती भएको देखिन्छ। यस आ.व. मा यस कार्यालयको लागि कुल रु.१००,३४,०००।- रकम विनियोजन गरेको थियो । कुल वजेटको प्रशासनिक तर्फ ९२ प्रतिशत ९२,१४,०००।- र कार्यक्रम तर्फ ८ प्रतिशत वजेट रु ८,२०,०००।- विनियोजन गरेको थियो ।

**कार्यक्रमतर्फ तर्फ ९९.६८ प्रतिशत**
**प्रशासनिकतर्फ ६४.५६ प्रतिशत**
**भौतिक प्रगति करीब..३०० प्रतिशत**

बार्षिक कार्ययोजनानुसार कुल कार्यक्रम संख्या १३ रहेकोमा ४० ओटा सम्पन्न भएको हुनाले भौतिक प्रगति करीब ३०० प्रतिशत रहेको छ । कार्यक्रमगत र पूँजीगत खर्चको स्विकृत बार्षिक कार्ययोजना र प्रगति विवरण अनुसूचि-२ मा रहेको छ ।

वार्षिक कार्ययोजना तथा बजेट तोकिएको र नतोकिएको समेत गरी यस आ व मा यस कार्यालयबाट सम्पादित कार्यहरु देहाय बमोजिम रहेका छन्

### १. मानव अधिकार अनुगमन

अनुगमन मानव अधिकार संरक्षणको प्रभाकारी विधि हो । मानव अधिकारको अनुगमन आयोग आफै ले एकल रुपमा  वा आयोग सहित सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्दै आएको छ । अनुगमन कार्य मानव अधिकारसँग प्रत्यक्ष एवंम परोक्ष घटनामा हुने गर्दछ । अधिकारहरु आपसमा अन्तर सम्बन्धित हुने हुनाले विषयगत प्रकृतिको आधारमा नागरिक तथा राजनितिक, आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकार भनी विभाजन गर्न सकिन्छ । कर्णाली प्रदेश प्रकृतिक रुपमा सुन्दर भए पनि भौगोलिक विकटता रहेको छ । अहिले पनि यस प्रदेशको २ ओटा जिल्ला हुम्ला र डोल्पामा मोटर बाटो पुग्न सकेको छैन । यस प्रदेशमा रहेको अति गरिवी, अशिक्षा, कमजोर स्वास्थ्य सेवाको पहुँच, विकासको अभाव, महिला हिंसा, बालविवाह, विकृत सामाजिक मुल्य मान्यता, भौगोलिक विकटता, प्राकृतिक प्रकोप र सुशासनको अभाव जस्ता विषय मानव अधिकारको दृष्टिकोणले चुनौतिको रुपमा रहेका छन ।

राष्ट्रिय मानव अधिकार आयोगको कर्णाली प्रदेश कार्यालय सुर्खेतमा स्थापना भएदेखि नै मानव अधिकार को विविध विषयमा अनुगमन गर्दै आइरहेको छ । कर्णाली प्रदेश भौगोलिक सुन्दरता र प्रकृतिले भरिभराउ भएपनि मानव अधिकारका दृष्टिकोणले निकै जोखिमपुर्ण र चुनौतिपुर्ण अवस्थामा रहेको छ । यस प्रदेशमा रहेको अति गरिवी, अशिक्षा, कमजोर स्वास्थ्य सेवामा पहुँच, कमजोर मानव विकास सुचांक, महिला हिंसा, बाल विवाह, वहुविवाह, विकृत सामाजिक मुल्य मान्यता, भौगोलिक विकटता, प्राकृतिक प्रकोप जस्ता विषय

मानव अधिकारको दृष्टिकोणले चुनौतिको रूपमा रहेका छन् । कार्यालयमा रहेको सिमित स्रोत साधनका बाबजुद पहिचान गरिएका सबै विषयमा अनुगमन गर्न नसकिएतापनि स्विकृत वार्षिक बजेट तथा कार्यक्रम भन्दा निकै बढी विषयमा अनुगमन कार्य गरिएकोछ ।

यस कार्यालयलाइ चालु आर्थिक बर्षका कार्यक्रमका लागि कुल रु. ८,२०,०००।- बजेट विनियोजन गरिएकोमा अनुगमन शिर्षकमा मात्रै रु.४,००,०००।- बजेट विनियोजन गरिएको थियो जुन कार्यक्रम अन्तर्गत विनीयोजित कुल वजेटको ४८.७८ प्रतिशत हुन आउँछ। यसबाट पनि आयोगले मानव अधिकार अनुगमनलाइ विशेष प्राथमिकतामा राखेको पाइन्छ ।

कर्णाली प्रदेशको यस कार्यालयले स्थापना भए सँगै कर्णाली प्रदेश भित्रका मानव अधिकारका विषयहरुलाई गम्भिरतासाथ अनुगमन गर्ने गरेको छ । यस आ.व.मा आयोगले मुख्य गरेर बाल अधिकार, स्वास्थ्यको अधिकार, दलित समुदायको अधिकार, महिला अधिकार, अल्पसंख्यक तथा सिमान्तकृत समुदायको अधिकार, अपांङ्गता भएका व्यक्तिको अधिकार, हिरासत तथा कारागारमा रहेका व्यक्तिको अधिकार, कुटपिट तथा यातना, न्याय प्रशासन, प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन जस्ता विषयको अनुगमन गरेको थियो । बालअधिकार सम्बन्धि अनुगमन सुर्खेत जिल्लामा २ पटक र १ पटक कालिकोट जिल्लामा गरिएको छ । दलित समुदायको अधिकार सम्बन्धि अनुगमन ४ पटक गरिएको छ । स्वास्थ्य अधिकार सम्बन्धि अनुगमन सुर्खेत जिल्लामा २ पटक र १ पटक मुगु जिल्लामा गरिएको छ। प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन अवस्था सम्बन्धि अनुगमन ५ पटक मुगु, कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, सल्यान र सुर्खेतमा गरिएको थियो । न्याय प्रशासन तथा कारागार अनुगमन गर्नुका साथै अल्पसंख्यक संख्यामा रहेका राउटे समुदायको अवस्था सम्बन्धि अनुगमन गरिएको थियो। अनुगमन सम्बन्धी विस्तृत विवरण अनूसूची ३ मा राखिएको छ।

## २. मानव अधिकार अनुसन्धान

मानव अधिकार अनुसन्धान आयोगको प्रमुख कार्यहरु मध्ये एक हो । मानव अधिकार संरक्षण र संवर्द्धनका लागी संविधान, ऐन तथा नियमको परिधिभित्र रहि मानव अधिकार उल्लंघन वा दुरुत्साहन सम्बन्धी घटनामा स्वविवेकिय रुपमा र अन्य माध्यमबाट उजुरी ग्रहण गर्दै आएको छ। यस प्रकारको उजुरी पीडित, पीडितको परिवार, संघसंस्था, व्यक्ति वा सञ्चार माध्यममा सम्प्रेषित समाचारका आधारमा लिईन्छ। यसरी आयोगबाट प्राप्त उजुरीमाथी अनुगमन, अनुसन्धान एवं छानविन गरि क्षतिपुर्ति र आवश्यक कानूनी कारबाहीका लागी सरकार वा सरोकारवाला निकायसमक्ष सिफारिश हुदै आएको छ। आयोगको यस कार्यालयले पनि कानूनी प्रकृया अनुसार उजुरी ग्रहण गरि अनुसन्धान कार्य नियमिति रुपमा गरिरहेको छ।

### २.१. उजुरी विवरण

आयोगको यस कर्णाली प्रदेश कार्यालयमा आ.व.२०७९।०८० मा जम्मा ५ ओटा उजुरीहरु दर्ता भएको र अघिल्लो वर्षदेखि सरी आएका कुल उजुरीहरु ३०५ गरी कुल ३१० ओटा उजुरीहरु रहेकेमा २२ ओटा उजुरीहरुको अनुसन्धान सम्पन्न गरी निर्णयार्थ केन्द्रीय कार्यालय पठाइसकिएकाले हाल २८८ ओटा उजुरीहरु मात्रै यस कार्यालयमा अनुसन्धानको क्रममा रहेका छन । त्यस्तै गरी यस आ. व. मा मानव

अधिकार उल्लंघन भयो भनी कुल २५ ओटा उजुरीहरु पर्न आएकोमा २० ओटा उजुरीहरुमा यस कार्यालयबाट तत्कालै फोन तथा पत्राचारको माध्यमबाट समस्याको समाधान गर्न सफल भएको र कतिपय त्यस्ता उजुरीहरु यस कार्यालयको क्षेत्राधिकारभित्र नपर्ने भएकाले परामर्श गरी अन्य कार्यालयहरुमा रेफर गरिएको थियो । यसरी २० ओटा उजुरीहरु सामान्य दर्ता गरी यस कार्यालयबाटै टुङ्ग्याइएको थियो भने ५ ओटा उजुरी उपर मात्रै मुल दर्ता गरी आवश्यक अनुसन्धान प्रकृया बढाइएको थियो । यसरी सामान्य दर्ता गरी यस कार्यालयको प्रयासबाट समस्या समाधान गरी टुङ्ग्याइएका उजुरी समेत गरी यस आ. व. मा कुल उजुरीको संख्या ३३० भएपनि हाल अनुसन्धानको क्रममा २८८ उजुरीहरु मात्रै रहेका छन् । कर्णाली प्रदेशका १० ओटा जिल्ला मध्ये सबै भन्दा धेरै उजुरी जाजरकोट जिल्लामा रहेका छन भने मुगु जिल्लाको कुनै पनि उजुरी रहेको छैन । जिल्लागत रुपमा धेरै उजुरी भएका जाजरकोटमा ७७, सल्यानमा ६९, रुकुम पश्चिममा ४८, सुर्खेत ३७ रहेका छन भने कम उजुरी भए भएका जिल्लामा हुम्लामा १, डोल्पामा २, जुम्लामा २, र कालिकोटमा १६ रहेका छन । उजुरीहरुलाई सन्धिजनित रुपमा हेर्दा सबै भन्दा ५० प्रतिशत भन्दा धेरै उजुरीहरु नागरिक तथा राजनतिक अधिकारसँग सम्बन्धित रहेका छन । नागरिक तथा राजनितिक अधिकार सम्बन्धि जुम्ला जिल्ला र मुगु जिल्लामा कुनै पनि उजुरी रहेका छैनन भने सबै भन्दा धेरै उजुरी जाजरकोट र रुकुम पश्चिमका रहेका छन ।

**तालिका नं ३ : जिल्लागत र महासन्धिजनित उजुरीको विवरण**

| क.सं. | जिल्ला | महासन्धि | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ICCPR | ESCR | CRC | CEDAW | CAT | CRPD | CERD | CMW | ICPPED | Total |
| १ | सुर्खेत | १७ | ५ | - | - | १३ | - | - | - | २ | ३७ |
| २ | सल्यान | २६ | २२ | - | - | ५ | - | - | - | १६ | ६९ |
| ३ | जाजरकोट | ४५ | ६ | - | १ | ६ | | | | १९ | ७७ |
| ४ | दैलेख | १७ | ४ | - | - | ६ | २ | - | - | ७ | ३६ |
| ५ | रुकुम पश्चिम | ३३ | ८ | - | - | ४ | - | - | - | ३ | ४८ |
| ६ | कालिकोट | ६ | २ | १ | - | २ | - | १ | - | ४ | १६ |
| ७ | जुम्ला | - | - | - | - | १ | - | - | - | १ | २ |
| ८ | मुगु | - | - | - | - | - | - | - | - | - | ० |
| ९ | हुम्ला | १ | - | - | - | - | - | - | - | - | १ |
| १० | डोल्पा | २ | - | - | - | - | - | - | - | - | २ |
| **जम्मा** | | **१४७** | **४७** | **१** | **१** | **३७** | **२** | **१** | **०** | **५२** | **२८८** |

पूनश्चः जुम्ला कार्यालयमा रहेका २२ थान उजुरीहरु यसमा समावेश गरिएको छैन ।

## २.२ जिल्लागत उजुरी विवरण

आयोगको यस कार्यालयमा रहेका २८८ उजुरीहरुलाई केलाई हेर्दा सबै भन्दा धेरै ७७ ओटा उजुरी जाजरकोट जिल्लाका रहेका छन भने दोस्रो स्थानमा ६९ उजुरी सल्यान जिल्लाका रहेका छन । त्यसै गरि क्रमश रुकुम पश्चिमा जिल्लाका ४८, सुर्खेत जिल्लाका ३७, दैलेख जिल्लाका ३६ र कालिकोट जिल्लाका १६ रहेका छन । मुगु जिल्लाको कुनै पनि उजुरी रहेको छैन भने हुम्ला जिल्लाको १ र जुम्ला र डोल्पाको २/२

ओटा उजुरी रहेका छन । उजुरीलाई जिल्लागत रुपमा विश्लेषण गर्दा साविको भेरी अञ्चलमा धेरै उजुरी रहेको देखिन्छ भने साविकको कर्णालीका न्युन उजुरी रहेका छन । उजुरीको संख्यालाई हेर्दा आउने दिनमा आउने दिनमा अनुसन्धान गर्नको लागी जाजरकोट, सल्यान, रुकुम पश्चिम र दैलेख जिल्लाका उजुरीलाई प्राथमिकता साथ अनुसन्धान कार्य गर्नं पर्ने आवश्कता रहेको छ ।

**तालिका नं ४ : जिल्लागत उजुरी विवरण**

| क.सं. | जिल्ला | संख्या |
|---|---|---|
| १ | सुर्खेत | ३७ |
| २ | सल्यान | ६९ |
| ३ | जाजरकोट | ७७ |
| ४ | दैलेख | ३६ |
| ५ | रुकुम पश्चिम | ४८ |
| ६ | कालिकोट | १६ |
| ७ | जुम्ला | २ |
| ८ | मुगु | ० |
| ९ | हुम्ला | १ |
| १० | डोल्पा | २ |
| | **जम्मा** | **२८८** |

जिल्लागत उजुरीलाई चार्टमा हेर्दा पनि सबै भन्दा धेरै र सबै भन्दा कम उजुरीको विवरण देख्न सकिन्छ । उजुरी नै नभएको मुगु जिल्ला रहेको छ भने सबै भन्दा धेरै अनुसन्धान गर्नंपर्ने उजुरी संख्या जाजरकोटमा देखिन्छन । साविकको भेरी अञ्चलमा धेरै उजुरी हुनु तथा अनुसन्धान नहुनुमा संघियता कार्यान्वयनमा आए सँगै प्रदेश संरचनाले पनि केही असर गरेको देखिन्छ । तत्कालिन समयमा नेपालगञ्जमा रहेको आयोगको क्षेत्रिय कार्यालयले भेरी अञ्चलका ५ ओटा जिल्लाको क्षेत्राधिकार रहकोमा पछि हटाईएको र कर्णाली प्रदेशको कार्यालय सुर्खेतमा स्थापन नभएकोले अनुसन्धान नहुदाँ उजुरी संख्या बाँकी रहेको देखिन्छ । जाजरकोट, सल्यान, रुकुम पश्चिम, सुर्खेत र दैलेखका उजुरीलाई अनुसन्धान छिटो छरितो सम्पन्न गर्नु पर्ने आवश्यकता छ ।



## २.३ महासंन्धिको आधारमा उजुरी विवरण

महासन्धिजनित आधारमा उजुरीको विश्लेषण गर्दा सबै भन्दा धेरै उजुरीहरु नागरिक तथा राजनितिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (ICCPR) का रहेका छन जसमा १४७ ओटा उजुरी रहेका छन जुन जम्मा उजुरीको ५० प्रतिशत भन्दा धेरै उजुरी संख्या  हो । दोस्रो स्थानमा वेपत्ता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि  महासन्धि (ICPPED) सँग सम्बन्धित उजुरीहरु रहेका छन  जसमा ५२ ओटा उजुरी रहेका छन ।  तेस्रो स्थानमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि प्रतिज्ञापत्र (ICESCR) सँग सम्बन्धित उजुरी रहेका छन । चौथो  स्थानमा यातना विरुद्धको महासन्धि (CAT) सँग सम्बन्धीत उजुरीहरु रहेका छन जसमा ३७ ओटा उजुरी रहेका छन । आप्रवासी कामदारहरु तथा तिनीहरुको परिवारका सदस्यहरुको अधिकार संरक्षण सम्बन्धि अन्तराष्ट्रिय महासन्धि (CMW) सँग सम्बन्धित कुनै पनि उजुरी रहेका छैनन भने बाल अधिकार सम्बन्धि महासन्धि (CRC), महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) र सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने अन्तराष्ट्रिय महासन्धी (CERD) सँग सम्बन्धित १/१ ओटा मात्र उजुरी रहेका छन भने अपांङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि (CRPD) सँग सम्बन्धित उजुरीहरु २ ओटा रहेका छन ।

**तालिका नं ५ : महासन्धिको आधारमा  उजुरी विवरण**

| क.सं. | महासन्धि | संख्या |
|---|---|---|
| १ | ICCPR | १४७ |
| २ | ESCR | ४७ |
| ३ | CRC | १ |
| ४ | CEDAW | १ |
| ५ | CAT | ३७ |
| ६ | CRPD | २ |
| ७ | CERD | १ |
| ८ | CMW | ० |
| ९ | ICPPED | ५२ |
| | **जम्मा** | **२८८** |

महासन्धिजनित उजुरीहरुलाई चार्टमा राखेर विश्लेषण गर्दा धेरै उजुरी नागरिक तथा राजनितिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (ICCPR) का रहेका देखिन्छन । जसमा १४७ ओटा उजुरी रहेका छन जुन जम्मा उजुरीको ५० प्रतिशत भन्दा धेरै उजुरी संख्या  हो । नागरिक तथा राजनितिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (ICCPR) का सँग सम्बन्धित उजुरी पहिलो स्थानमा रहेको छ । भने दोस्रो स्थानमा वेपत्ता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि  महासन्धि (ICPPED) सँग सम्बन्धित उजुरीहरु रहेका छन  जसमा ५२ ओटा उजुरी रहेका छन ।  तेस्रो स्थानमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि प्रतिज्ञापत्र (ICESCR)सँग सम्बन्धित उजुरी रहेका छन । चौथो  स्थानमा यातना विरुद्धको महासन्धि (CAT)

सँग सम्बन्धि उजुरीहरु रहेका छन जसमा ३७ ओटा उजुरी रहेका छन । हाल यस कार्यालयमा रहेका उजुरीहरु धेरै जसो द्वन्द्वकालिन समयका रहेको हुदाँ धेरै जसो ICCPR, ICPPED, ICESCR, र CAT सँग सम्बन्धित धेरै रहेका छन् ।

आप्रवासी कामदारहरु तथा तिनीहरुको परिवारका सदस्यहरुको अधिकार संरक्षण सम्बन्धि अन्तराष्ट्रिय महासन्धि (CMW) सँग सम्बन्धित कुनै पनि उजुरी रहेका छैनन भने बाल अधिकार सम्बन्धि महासन्धि (CRC), महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) र सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने अन्तराष्ट्रिय महासन्धी (CERD) सँग सम्बन्धित १/१ ओटा मात्र उजुरी रहेका छन भने अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि (CRPD) सँग सम्बन्धित उजुरीहरु २ ओटा रहेका छन ।




## २.४ आ.व.२०७९/०८० मा दर्ता भएका उजुरी विवरण

यस आर्थिक वर्ष २०७९/०८० मा आयोगको यस कर्णाली प्रदेश कार्यालयमा मानव अधिकार उल्लंघन तथा हनन भयो भनेर धेरै उजुरी तथा गुनासो आएको भए पनि आयोगले आफनो अधिकार क्षेत्रभित्र पर्ने मानव अधिकार उल्लंघनका उजुरीहरु कानूनी प्रक्रिया अनुसार दर्ता गरि अनुसन्धान कार्य गरेको छ। कतिपय गुनासो वा उजुरीहरुलाई सम्बन्धित निकाय, कार्यालय तथा व्यक्तिसँग समन्वय तथा सहकार्य गरेर समस्या समाधान गरिएको छ भने कतिपय उजुरी आयोगको क्षेत्रधिकार भित्र नपर्ने हुदाँ कानूनी प्रकृयाको लागी सहजीकरण गरि मानव अधिकार प्रवर्धन गरिएको छ। यस वर्षमा आयोगमा जम्मा ५ ओटा नयाँ उजुरी दर्ता भएका छन भने जसमा २ ओटा जाजरकोट जिल्ला, २ ओटा सुर्खेत जिल्ला र १ ओटा कालिकोट जिल्लाका रहेका छन । आरोपित पीडकमा ३ ओटा नेपाल सरकार र २ ओटा नेपाल प्रहरी रहेको छ। विषयगत रुपमा उजुरी हेर्दा कुटपिट र यातना सँग सम्बन्धित २ ओटा उजुरी रहेका छन भने जीवनको अधिकार र न्याय प्रशासनसँग सम्बन्धित १/१ ओटा रहेका छन । आर्थिक, सामाजिक तथा संस्कृति अधिकार सम्बन्धि उजुरी १ ओटा रहेको छ ।

**तालिका नं ६ : आ.व. २०७९/८० मा दर्ता भएका उजुरी विवरण**

| क.सं. | उजुरी नं. | पिडक | विषय | जिल्ला |
|---|---|---|---|---|
| १ | २०७९-१ | नेपाल सरकार | जिवनको अधिकार | कालिकोट |
| २ | २०७९-२ | नेपाल प्रहरी | कुटपिट र यातना | जाजरकोट |
| ३ | २०७९-३ | नेपाल सरकार | न्याय प्रशासन | सुर्खेत |
| ४ | २०७९-४ | नेपाल प्रहरी | कुटपिट र यातना | जाजरकोट |
| ५ | २०७९-५ | नेपाल सरकार | आर्थिक, सामाजिक र संस्कृतिक अधिकार | सुर्खेत |

## २.५ सशस्त्र द्वन्द्वसँग सम्बन्धित र असम्बन्धित उजुरी विवरण

यस कार्यालयमा रहेका २८८ ओटा उजुरीलाई सशस्त्र द्वन्द्वसँग सम्बन्धित र असम्बन्धित गरी विश्लेषण गर्दा जम्मा उजुरीमा २२७ ओटा उजुरी सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन भने ६१ ओटा उजुरी द्वन्द्वसँग असम्बन्धित रहेका छन । उक्त उजुरी मध्ये सशस्त्र द्वन्द्वसँग सम्बन्धित ७९ प्रतिशत रहेका छन भने असम्बन्धित २१ प्रतिशत रहेका छन। धेरै जसो उजुरी सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन उक्त उजुरी नागरिक तथा राजनितिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (ICCPR), वेपत्ता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि (ICPPED),आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि प्रतिज्ञापत्र (ICESCR) र यातना विरुद्धको महासन्धि (CAT) सँग सम्बन्धि उजुरीहरु रहेका छन ।

**सशस्त्र द्वन्द्वसँग सम्बन्धित र असम्बन्धित उजुरी विवरण**



## २.६ आ.व. २०७९/०८० मा गरिएको अनुसन्धान  विवरण

मानव अधिकार अनुसन्धान आयोगको प्रमुख कार्यहरु मध्ये एक हो । अनुसन्धान कार्य मानव अधिकारको संरक्षणको महत्वपुर्ण पक्ष मानिन्छ । मानिसको मानव अधिकार उल्लंघन वा ज्यादती भएपछि वा हुन लागेको खण्डमा आयोगमा उजुरी दिन सकिने अधिकार खुल्ला रहेको छ । कुनै पनि व्यक्तिले लिखित वा मौखिक हिसावले पिडित आफै वा निजको तर्फबाट अन्य कुनै सरोकारवालाले जुनसुकै माध्यमबाट पनि आयोगमा उजुरी दिन सकिन्छ। यस कार्यालयमा विगत द्वन्द्वको समयमा देखिका उजुरीहरु पनि रहेका छन। यस वर्ष यस कार्यालयबाट जम्मा ८ ओटा अनुसन्धान मिसन सम्पन्न भएको छ । अनुसन्धान गरिएका जिल्लाहरुमा सुर्खेत, दैलेख, सल्यान, कालिकोट, जाजरकोट  रहेका छन भने जसमा पुर्ण अनुसन्धान भएका उजुरी संख्या २२ ओटा रहेका छन । त्यसैगरी अंशिक अनुसन्धान भएका उजुरी संख्या ६४ ओटा गरि ८६ ओटा उजुरीहरु उपर अनुसन्धान भएको छ ।

**तालिका नं ७ : आ.व. २०७९/८० मा अनुसन्धान गरिएको  विवरण**

| क.सं. | मिति | स्थान/ठाउँ | अनुसन्धान उजुरीको विवरण | | |
|---|---|---|---|---|---|
| | | | पुर्ण अनुसन्धान | अंशिक अनुसन्धान | जम्मा |
| १ | २०७९/०८/२५ देखि २९ सम्म | सुर्खेत | ४ | ८ | १३ |
| २ | २०७९/०९/०७ देखि १० सम्म | दैलेख/सुर्खेत | २ | ५ | ८ |
| ३ | २०७९/१०/१४ देखि २० सम्म | सल्यान | ४ | १० | १२ |
| ४ | २०७९/१०/२२ देखि २३ सम्म | सुर्खेत | ४ | १२ | १६ |
| ५ | २०७९/१२/१३ देखि १९ सम्म | कालिकोट | ३ | ९ | १२ |
| ६ | २०७९/१२/२५ देखि ३० सम्म | जाजरकोट | १ | ६ | ७ |
| ७ | २०८०/०२/०४ देखि ०६ सम्म | सल्यान | २ | ९ | ११ |
| ८ | २०८०/०३/०२ देखि ०८ सम्म | सुर्खेत | २ | ५ | ७ |
| | | **जम्मा** | **२२** | **६४** | **८६** |

## २.७ आ.व. २०७९/०८० मा अनुसन्धान सम्पन्न उजुरी विवरण

यस आ.व.मा धेरै ओटा उजुरीहरुको अनुसन्धान प्रक्रिया गरिएकोमा केही उजुरीको अनुसन्धान कार्य सम्पन्न गरिएको छ । उजुरी अनुसन्धानको लागी पीडितको स्थाई ठेगानामा पुग्दा पीडित नभेटिने भएकाले एउटै उजुरीमा पटक पटक जानु पर्ने अवस्था रहेको तथा अन्य थुप्रै कारणले पनि समयमै उजुरीको अनुसन्धान सम्पन्न हुन सकिरहेको छैन । यस आ.व.मा २२ ओटा उजुरीहरुको अनुसन्धान सम्पन्न गरि केन्द्रिय कार्यालयमा निर्णयको लागी पठाईएको छ।  अनुसन्धान  सम्पन्न गरिएका उजुरीको  विषयगत विवरणमा वेपत्ता ४ ओटा, हत्या ४ ओटा, न्याय प्रशासन ६ ओटा, कुटपिट २ ओटा, यातना १ ओटा, अपहरण १ ओटा र विस्थापित ४ ओटा रहेका छन । जिल्लागत रुपमा विवरण हेर्दा  १२ ओटा उजुरी सुर्खेत जिल्लाका रहेका छन भने जाजरकोट जिल्लाको १ ओटा रहेको छ। त्यसै गरि सल्यान जिल्लाको ६ ओटा रहेका छन भने कालिकोट जिल्लाका ३ ओटा रहेका छन । उजुरी उपरको अनुसन्धानको निश्कर्षलाई हेर्दा ८ ओटा सिफारिस, २ ओटा नितिगत सिफारिस र १२ ओटा तामेली राख्ने निश्कर्ष रहेको छ। सिफारिसहरु वेपत्ता, हत्या  र न्याय प्रशासनसँग सम्बन्धित छन भने अन्य तामेली राख्ने सँग सम्बन्धित रहेका छन ।

**तालिका नं ८ : आ.व.२०७९/८० मा अनुसन्धान सम्पन्न गरि केन्द्रिय कार्यालयमा पठाएका उजुरीहरु**

| क.सं. | उजुरी नं. | उजुरीको विषय | अनुसन्धानको निष्कर्ष | जिल्ला |
|---|---|---|---|---|
| १ | १७५६ | वेपत्ता | सिफारिस | सुर्खेत |
| २ | १८२२ | हत्या | सिफारिस | सुर्खेत |
| ३ | १६९३ | हत्य | सिफारिस | सुर्खेत |
| ४ | १७५३ | हत्या | सिफारिस | सुर्खेत |
| ५ | ९८५ | वेपत्ता | सिफारिस | सल्यान |
| ६ | १०५८ | वेपत्ता | सिफारिस | सल्यान |
| ७ | २०७९-१ | न्याय प्रशासन | सिफारिस | कालिकोट |
| ८ | २२२ | न्याय प्रशासन | सिफारिस | सुर्खेत |
| ९ | २०७९-३ | न्याय प्रशासन | नितिगत सिफारिस | सुर्खेत |
| १० | २२८ | न्याय प्रशासन | नितिगत सिफारिस | सल्यान |
| ११ | २२०० | न्याय प्रशासन | तामेली | सुर्खेत |
| १२ | १६५ | हत्या | तामेली | कालिकोट |
| १३ | ९८७ | विस्थापित | तामेली | सुर्खेत |
| १४ | २०७९-२ | कुटपिट तथा यातना | तामेली | जाजरकोट |
| १५ | २२६ | कुटपिट पछि मृत्यु | तामेली | कालिकोट |
| १६ | ६२९ | यातना | तामेली | सुर्खेत |
| १७ | ८७४ | न्याय प्रशासन | तामेली | सुर्खेत |
| १८ | १६९९ | विस्थापित | तामेली | सुर्खेत |
| १९ | ६२ | वेपत्ता | तामेली | सुर्खेत |
| २० | १४०९ | अपहरण | तामेली | सल्यान |
| २१ | १९०९ | विस्थापित | तामेली | सल्यान |
| २२ | १९०८ | विस्थापित | तामेली | सल्यान |

यस आ.व.मा कर्णाली प्रदेशको यस कार्यालयबाट अनुसन्धान कार्य सम्पन्न गरि केन्द्रिय कार्यालयमा निर्णयको लागी पठाईएका उजुरीहरुलाई महासन्धि अनुसार चार्टमा राखेर  विश्लेषण गर्दा सबै भन्दा धेरै उजुरी ICCPR र सबै भन्दा कम CRC सँग सम्बन्धित रहेका छन।  यहाँ CEDAW, CRPD, CERD र CMW सँग सम्बन्धित कुनै पनि उजुरी रहेका छैनन। ICCPR सँग सम्बन्धित उजुरी ९ ओटा रहेका छन भने ESCR सँग सम्बन्धित ४ ओटा रहेका छन। त्यसै गरि ICPPED सँग सम्बन्धित ४ ओटा छन भने CAT सँग सम्बन्धित उजुरी ३ ओटा रहेका छन र CRC २ ओटा उजुरी रहका छन।

**महासन्धि अनुसार अनुसन्धान सम्पन्न भई केन्द्रिय कार्यालयमा पठाईएको उजुरी विवरण**




## २.८ आयोगबाट निर्णय भएका उजुरी विवरण

कर्णाली प्रदेशको यस कार्यालयको क्षेत्रधिकार भित्र पर्ने १० ओटा जिल्लाका उजुरीको अनुसन्धान सम्पन्न गरि केन्द्रिय कार्यालयमा निर्णयको लागी पठाईएका उजुरीहरुको आयोगबाट निर्णय भएका छन । यस आ.व. २०७९/८० मा जम्मा १६ ओटा उजुरीहरु उपर आयोगबाट निर्णय भएको छ । निर्णय भएका उजुरीहरुको मुख्य विषय जीवनको अधिकार, रोजगारीको अधिकार, विस्थापित, वेपत्ता र शिक्षाको अधिकार रहेका छन । केही उजुरीमा नितिगत सिफारिस गरिएको भए पनि धेरैजसो उजुरीहरु तामेलीको लागी निर्णय भएका छन ।

**तालिका नं १० : आयोगबाट निर्णय भएका उजुरी विवरण**

| क.सं. | विषय | उजुरी नं. | पिडक | पिडितको ठेगाना | निर्णय |
|---|---|---|---|---|---|
| १ | शिक्षाको अधिकार | १९३ | नेपाल सरकार | स्वविवेकीय | नितिगत सिफारिस |
| २ | उपभोक्ताको अधिकार | ८३० | नेपाल सरकार | चन्दननाथ ५ जुम्ला | तामेली |
| ३ | जीवनको अधिकार | ९० | नेकपा माओवादी | वड्की ६ जुम्ला | तामेली |
| ४ | छात्रावृत्तिमा भेदभाव | २१९ | मा.प.का विद्यार्थीहरु | मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत | पुन पेश गर्ने |
| ५ | रोजगारीको अधिकार | २०७ | भेरीगंगा न.पा. र शिखर माध्यमिक विद्यालय रामघाट | सुर्खेत नेत्रहिन संघ | पुन पेश गर्ने |

| क.सं. | विषय | उजुरी नं. | पिडक | पिडितको ठेगाना | निर्णय |
|---|---|---|---|---|---|
| ६ | वेपत्ता | १११ | स्पष्ट नभएको | कमलगाउँ ६ कालिकोट | पुन पेश गर्ने |
| ७ | जीवनको अधिकार | २०० | कारागार | नेपालगन्ज ४ बाँके | तामेली |
| ८ | रोजगारीको अधिकार | १९० | जिल्ला शिक्षा कार्यालय | कालिकोट | तामेली |
| ९ | सम्पत्तिको अधिकार | ११५ | नेपाली सेना | कोटवाडा ३ कालिकोट | क्षतिपुर्ति |
| १० | वेपत्ता | १११ | अज्ञात | कमलगाँउ ६ कालिकोट | पुन पेश गर्ने |
| ११ | न्याय प्रशासन | २०३ | प्रहरी प्रशासन | वीरेन्द्रनगर १ सुर्खेत | तामेली |
| १२ | सामाजिक सुरक्षाको अधिकार | १९२ | तिला गाउँपालिका | तिला गाउँपालिका ८ जुम्ला | तामेली |
| १३ | विस्थापित | ७१ | स्थानिय | मालिकाठाँटा ९ जुम्ला | तामेली |
| १४ | विस्थापित | ७४१ | नेकपा माओवादी | सेरी ८ मुगु | तामेली |
| १५ | वेपत्ता | ६१ | नेपाल प्रहरी | नारायण नगर पालिका १ दैलेख | तामेली |
| १६ | सम्पत्तिको अधिकार | २८ | सशस्त्र फौज | मुगु गाविस ८ मुगु | तामेली |

### २.९ राय, सुझाव तथा परामर्श सम्बन्धी कार्य

मानव अधिकारको विषय विभिन्न अन्य विषयसँग पनि सम्बन्धित रहेको हुन्छ । मानव अधिकार वृहत्तर रुपपनि हो । कतिपय विषयहरुमा आयोगले सहजीकरण गर्नुपर्ने तथा पहल गर्नुपर्ने आवश्यकता रहन्छ । मानव अधिकारको प्रभावकारी कार्यान्वयनको लागी परामर्श गर्नुका अलावा विषयवस्तुको गम्भिरता अनुसार आफ्नै पहलमा काम गर्नु पर्दछ । आयोगको यस कार्यालयमा आ.व. २०७९/८० मानव अधिकारको उल्लंघन भयो भनी २५ ओटा उजुरीहरु पर्न आएकोमा २० ओटा उजुरीहरु उपर यस कार्यालयले तत्कालै फोन तथा पत्राचार मार्फत र कतिपय परामर्श मार्फत समस्याको समाधान गरी पीडितहरुको मानव अधिकार संरक्षणको कार्य गरेको छ । कतिपय विषयहरुमा सामान्य सोधपुछ तथा जानकारी माग गरिएपछि समस्याको समाधान हुने गरेका छन भने कतिपय विषयहरुमा कानूनी व्यवस्था बारेमा जानकारी गराई सम्बन्धीत निकायमा पठाउने र त्यहीबाट समस्याको समाधान हुने गरेको छ । परामर्श कार्यले विषयको बारेमा पीडितलाई स्पष्ट गर्नुको साथै जानकारी प्राप्त हुने गरेको छ। परामर्श सेवामा घरेलु हिंसा, सम्बन्ध विच्छेद, बालअधिकार, मृत्यु र विस्थापित जस्ता विषय रहेका छन । यसरी २० ओटा उजुरीहरु सामान्य दर्ता पश्चात नै यस कार्यालयको पहलबाट समस्या समाधान भएपछि थप कारवाही नगरी टुङ्ग्याइएको छ भने ५ ओटा उजुरीहरुको मात्रै थप कारवाही अगाडी बढाउने गरी दर्ता गरिएको थियो । राय, सुझाव तथा परामर्श सम्बन्धी विस्तृत विवरण अनूसूची ४ मा राखिएको छ ।

## ३. मानव अधिकार संवर्धन

राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक तथा कानुनी कार्यहरु मध्ये मानव अधिकारको संवर्धन पनि एक प्रमुख कार्य हो । मानव अधिकार सम्बन्धी शिक्षा तथा चेतना अभिवृद्धिका लागि गरिने तालिम, गोष्ठी, छलफल, अन्तर्किया, सेमिनार, कार्याशाला, विभिन्न सञ्चार माध्यमहरुबाट सूचना तथा जानकारी मुलक सन्देश प्रकाशन/प्रशारण, वकालत आदि संवर्धनका माध्यम हुन् । राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाकालदेखि नै यस्ता कार्यहरुको माध्यमबाट आम नागरिकहरुमा मानव अधिकारको विषयवस्तुका बारेमा जानकारी गराउँदै आएको छ । मानव अधिकार संवर्धन मानव अधिकारको बारेमा सबै नागरिकहरुलाइ सुसुचित गराउने, जागृत गराउने एउटा सशक्त माध्यम पनि हो । मानव अधिकार सम्बन्धी शिक्षा र सचेतनामा वृद्धि एंवम मानव अधिकारको वकालत, पक्षपोषण तथा सूचना सम्प्रेषण सम्बन्धी कार्य विस्तारमा संवर्धनात्मक कार्यको भूमिका विशेष हुन्छ। संवैधानिक एवम कानूनी दायित्व अन्तर्गत आयोगले यस प्रकार का गतिविधिहरु सञ्चालन गर्दै आएको छ । आयोगबाट संवर्धन सम्बन्धी गतिविधिहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका २०६९ जारी भई कार्यान्वयनमा आईसकेको छ । आयोगले **"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकारः दिगो शान्ति र समृद्धिको आधार"** भन्ने आह्वानलाई साकार पार्न मानव अधिकारको प्रवर्धन कार्यलाई विशेष प्राथमिकतामा राखी यस कार्यालयले प्रदेश सरकार, स्थानीय सरकार, सुरक्षाकर्मी, पत्रकार, नागरिक समाज, मानव अधिकार रक्षक तथा विकास साझेदारहरुसँग समन्वय तथा सहकार्य गरि अन्तरक्रिया, छलफल, गोष्टी, तालिम, कार्यशाला जस्ता गतिविधिहरु सञ्चालन गर्दै आएको छ । यस कार्यालयले मानव अधिकारको प्रवर्धनका लागि प्राप्त बजेट तथा कार्यक्रमको सिमाभित्र रही कतिपय आफैले र कतिपय अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँगको साझेदारीमा विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ । जसलाइ विस्तृत रुपमा तल उल्लेख गरिएको छः

### ३.१ यस कार्यालय आफैले आयोजना गरेको कार्यक्रम

मानव अधिकारको संरक्षण, संवर्धन  र यसको प्रभावकारी कार्यान्वयनको  सुनिश्चितता गर्ने संवैधानिक दायित्व अनुसार आयोगको यस कार्यालयले विभिन्न कार्यक्रमहरु आयोजन गरेको छ । निर्वाचन पुर्वको अवस्था समबन्धी कार्यक्रम जाजरकोट जिल्लामा गरिएको छ भने अन्तराष्ट्रिय मानव अधिकार दिवस आयोगको कार्यालय रहेको स्थान वीरेन्द्रनगर सुर्खेतमा गरिएको छ । त्यसै गरि कालिकोट जिल्लामा मानव अधिकारको अवस्था सम्बन्धी छलफल कार्यक्रम आयोजना गरिएको छ भने अन्य कार्यक्रमहरु सुर्खेत जिल्लामा आयोजन गरिएको छ। यस आ.व. २०७९/८० मा जम्मा ८ ओटा कार्यक्रमहरु आयोजना गरिएको छ । जसको विस्तृत विवरण अनूसूची ५ मा राखिएको छ ।

### ३.२ समन्वय तथा सहकार्यमा गरेको कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार सम्बन्धी संवर्धनात्मक कार्य गर्नु पर्ने संवैधानिक दायित्व रहेकाले सो कार्यन्वयनको लागि मानव अधिकार सहकार्य तथा समन्वयसम्बन्धी निर्देशिका २०६९ जारी भई कार्यान्वयनमा आईसकेको छ । आयोगलाई प्राप्त कानूनी व्यवस्था अनुसार आयोगको यस कार्यालयले

विभिन्न संघ, संस्थासँग समन्वय तथा सहकार्यमा कार्यक्रमहरु गर्दै आएको छ । यस आ.व.२०७९/८० मा ६ ओटा कार्यक्रमहरु समन्वय तथा सहकार्यमा सम्पन्न गरेको छ । वाल विवाह विरुद्धको अभियान सम्बन्धी कार्यक्रम वाल विवाह विरुद्धको साझा अभियान कर्णाली प्रदेशसँग गरिएको छ भने ३ ओटा कार्यक्रमहरु राष्ट्रिय अपाङ्ग महासंघ कर्णाली प्रदेशसँगको समन्वय तथा सहकार्यमा अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच भन्ने कार्यक्रम गरिएको थियो । त्यसै गरि राष्ट्रिय महिला आयोग र राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ नेपालसँग पनि १।१ ओटा कार्यक्रमहरु समन्वय तथा सहकार्यमा गरिएको थियो । जसको विस्तृत विवरण अनुसूची ६ मा राखिएको छ ।

## ३.३ स्रोत व्यक्तिको रुपमा

मानव अधिकारका विषयमा आयोगमा रहका जनशक्ति अरु भन्दा बढी जानकार तथा अनुभवी रहेको हुदाँ यस प्रदेशको वीरेन्द्रनगर तथा अन्य जिल्लामा हुने मानव अधिकारसँग सम्बन्धित तालिम तथा कार्यक्रममा स्रोत व्यक्तिको रुपमा बोलाईने गरिएको छ । स्रोत व्यक्तिको रुपमा विभिन्न संघ संस्थाले आयोजना गरेको तालिम तथा अन्य कार्यक्रममा हालसम्म २० पटक सहभागीता रहेको छ । यसरी स्रोत व्यक्तीको रुपमा सहभागीता हुँदा मानव अधिकारका विभिन्न विषय लगायत यस कार्यालय र समग्र मानव अधिकार आयोगकै प्रवर्धन हुने गरेको छ । कार्यक्रमका विषयहरु विभिन्न खालका भए पनि मुख्यतयाः मानव अधिकारका विभिन्न विषयमा हुने गरेको छ । विशेष गरी नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्यायोजना, संयुक्त राष्ट्र संघिय सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० को दोस्रो राष्ट्रिय कार्ययोजना, अपाङ्गता भएका व्यक्तीहरुको अधिकार आदि मुख्य विषय रहेका थिए । जसको विस्तृत विवरण अनुसूची ७ मा राखिएको छः

## ३.४ अन्य संघ/संस्थाको कार्यक्रममा सहभागी

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा सरकारी तथा गैर सरकारी निकायहरुका विभिन्न कार्यक्रमहरु हुने गर्दछन । मानव अधिकार सँग सम्बन्धित कार्यक्रममा आयोगको सहभागीता हुने गरेको छ । यस क्षेत्रमा मानव अधिकारका विषयमा काम गर्ने गैरसरकारी निकायका कार्यमक्रममा आयोगको उपस्थिति अनिवार्य जस्तै बनेको छ । यस आर्थिक वर्षमा आयोगबाट ६२ ओटा कार्यक्रममा प्रत्यक्ष सहभागीता रहेको छ। महिला अधिकार, दलित अधिकार, बालबालिकाको अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, मानव अधिकार रक्षकको अधिकार एंव नागरिक तथा राजनितिक अधिकार र आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकार जस्ता विषयहरुमा भएका कार्यक्रममा सहभागीत धेरै रहेको पाईन्छ। जसको विस्तृत विवरण अनुसूची ८ मा राखिएको छः

## ३.५ बैठकहरुमा सहभागी

आयोगको यस कार्यालयबाट मानव अधिकार सम्बन्धि विभिन्न विषयमा सरोकारवाला निकायसँग समय समयमा वैठकहरु आयोजन गर्ने तथा बैठकहरुमा सहभागीता हुने गरेको छ । मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको प्रदेश स्तरमा आयोगको कार्यालयबाट पनि प्रतिनिधि हुने व्यवस्था रहेको हुदाँ उक्त बैठक तथा छलफलमा नियमित सहभागी हुने गरेको छ। यस आर्थिक वर्षमा १३ ओटा बैठकमा आयोगको सहभागीता भएको छ। जसको विस्तृत विवरण अनुसूची ९ मा राखिएको छः

# परिच्छेद- पाँच

## मानव अधिकार अवस्था




| कुल क्षेत्रफल | २७,९८४ वर्ग कि.मि. | साक्षरता | ६३ प्रतिशत |
|---|---|---|---|
| स्थानीय तह | ७९ ओटा | गरिबी | ३९.८ प्रतिशत |
| न.पा | २५ ओटा | मानव विकास सुचकाकं | ०.४२६ |
| गा.पा | ५४ ओटा | पाँच बर्ष मुनिका बाल मृत्यु दर | ५५ |
| वडा | ७१८ ओटा | शिशु मृत्यु दर | ४७ |
| कुल जनसंख्या | १६,९४,८८९ (१०० प्रतिशत) | नवजात शिशु मृत्यु दर | २९ |
| नेपालको कुल जनसंख्याको | ६ प्रतिशत | आधी घण्टामा स्वास्थ्य संस्थामा पुग्न सक्ने जनसंख्या | २४ प्रतिशत |
| ग्रामीण क्षेत्र जनसंख्या | ८,११,९१३ (४७.९० प्रतिशत) | सरदरमा १५,०००। जनसंख्याको लागि चिकित्सक संख्या | १ जना |
| शहरी क्षेत्र जनसंख्या | ८,८२,९७६ (५२.१०प्रतिशत) | सुरक्षित पिउने पानीका पहुच भएको जनसंख्या | ७७ प्रतिशत |
| पुरुष | ८,२८,३०७ | कृषिमा आधारित जनसंख्या | ७० प्रतिशत |
| महिला | ८,६६,५८२ | प्रमुख भाषा | नेपाली |
| लैङ्गिक अनुपात | ९५.५८ प्रतिशत | प्रमुख पेशा | कृषि |

## ५.१. पृष्ठभूमी

कुनै पनि मुलुक वा स्थान विशेषमा मानव अधिकारको अवस्था कस्तो छ भनी मापन गर्न सजिलो विषय होइन । मानव अधिकार विश्वव्यापी प्रकृतीको हुन्छ । यसलाइ मापन गर्ने प्रमुख आधार भनेको राज्य वा सरकारको मानव अधिकारप्रतिको प्रतिवद्धता र त्यसको कार्यान्वियन नै हो । त्यसैले मानव अधिकारको अवस्था कस्तो छ भन्ने विषय त्यहाँको सरकारको काममा बढी निर्भर रहन्छ । मानव अधिकार अवस्थालाइ सरकारको दायित्वसँग जोड्न सकिन्छ । मानव अधिकारको सम्मान, संरक्षण र परिपालना गर्ने सन्दर्भमा पक्षराष्ट्रप्रति राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय दायित्व रहेको हुन्छ ।  नेपाल संयुक्त राष्ट्रसंघको सदस्यका साथै मानव अधिकार संबन्धी विभिन्न महासन्धीहरुको पक्षराष्ट्र समेत रहेकाले मानव अधिकारको सम्मान, संरक्षण र परिपालना गर्ने राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय दायित्व रहेको छ ।

सरकार चाहे संघिय होस् वा प्रदेश वा स्थानीय सम्पुर्ण नागरिकको अभिभावक एवम् मानव अधिकारको संरक्षक, परिपालक र सेवा प्रदायक पनि हो ।  तसर्थ मानव अधिकारको सम्मान, संरक्षण र परिपालना गर्नु तीनै तहका सरकारहरुको दायित्व पनि हो । मानव अधिकारको अवस्था बारेमा चित्रण/विश्लेषण गर्नु त्यति सजिलो छैन । त्यसमा पनि कर्णाली प्रदेश जुन भौगोलिक रुपमा कठिन साथै मानव अधिकारका सबै विधामा कमजोर रहेको विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाइ रहेको र आयोगको यस कार्यालयमा जनशक्ती तथा अन्य श्रोत साधनको कमी रहेको अवस्थामा झन् कठीन रहेको छ । तथापी कर्णाली प्रदेश सरकारले यस वर्ष बनाएका कानुन, नीति नियमहरु, त्यसको कार्यान्वयन पक्ष, वर्षभरी विभिन्न प्रिन्ट, श्रव्य दृश्य संचार माध्यमहरुमा प्रकाशित/प्रशारित समाचारहरु, सरकारी तथा गैर सरकारी निकायहरु, प्रदेश स्थित सुरक्षा निकायहरु तथा विभिन्न संघ संस्थाहरुले गरेको अध्ययन तथा प्रकाशित प्रतिवेदनहरु समेतका आधारमा कर्णाली प्रदेशको मानव अधिकारका विविध विषयको अवस्थाबारे चित्रण गर्ने प्रयास गरिएको छ। यसमा मानव अधिकारका ९ ठुला महासंधिहरु र सामुहिक अधिकारका विषयमा सीमित रही विश्लेषण तथा चित्रण गर्ने प्रयास गरिएको छ ।

## ५.२.  नागरिक तथा राजनैतिक अधिकार

नागरिक तथा राजनीतिक अधिकार अन्तर्गत बाँच्न पाउने अधिकार सबैभन्दा महत्वपुर्ण मानिन्छ । यो मानिसको आधारभुत अधिकार हो । मर्यादित एवम् सम्मानित रुपमा जीवन यापन गर्न पाउनुलाइ हरेक व्यक्तीको नैसर्गिक अधिकारको रुपमा लिइन्छ । बाँच्न पाउने अधिकारको संरक्षण भएपश्चात मात्र अन्य अधिकारको अभ्यास वा उपभोग सम्भव हुन्छ भन्ने मानिन्छ । त्यसैले यस अधिकारलाइ मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज तथा राष्ट्रिय कानुनहरुमा समेत प्राथमिकताका साथ व्यवस्था गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को धारा ६ मा प्रत्येक व्यक्तिलाई जीवनको अधिकारको प्रत्याभूति गरिएको छ भने स्वेच्छाचारी ढङ्गले कसैको पनि जीवन हरण गर्न नपाइने भन्ने उल्लेख गरिएको छ । त्यस्तै हरेक व्यक्तिलाई सम्मानपूर्ण रुपमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ । नागरिक तथा राजनीतिक अधिकार

हरेक व्यक्तिको मौलिक मानव अधिकार हो । त्यस्तैगरी नेपालको संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाइ मौलिक हकको रुपमा स्वीकार गर्दै मृत्युदण्डलाइ पूर्णतः निषेध गरेको छ ।

संविधानमा बाँच्न पाउने अधिकारलाइ आधारभुत अधिकारको रुपमा स्वीकार गरीएतापनि व्यवहारतः कार्यान्वयन अवस्था अझै संतोषजनक छैन । कर्णाली प्रदेशको अवस्थालाइ हेर्दा राज्यका सेवा प्रवाह गर्ने निकायहरुको नागरिकप्रति निर्वाह गर्नु पर्ने भूमिका प्रभावकारी हुन नसक्दा ठुलो संख्यामा मानिसहरुले अकालमा ज्यान गुमाउनु परेको अवस्था देखिन्छ । यसमा आम नागरिकहरु पनि राज्यका निकायहरुलाइ सहयोग गर्नु पर्ने आफ्नो कर्तव्य तथा दायित्वबाट विमुख भएको देखिन्छ ।

यस आर्थिक बर्षको यस अवधिमा यस कार्यालयमा पर्न आएको उजुरी, सञ्चार अनुगमन तथा अन्य श्रोतहरुबाट प्राप्त जानकारीहरुको अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्दा सुरक्षा निकायहरुबाट कुटपिट गर्ने, यातना दिने गरेको पाइएको, द्वन्द्वकालमा राखिएका विष्फोटक पदार्थहरु अहिले पनि विष्फोट भई नागरिकहरुको ज्यान असुरक्षित भएको पाइएको छ । त्यस्तैगरी सरकारी कार्यालयहरुले सेवा दिन इन्कार गरेको वा समयमा नै सेवाग्राहीहरुको काम नगर्ने, ढिलासुस्ताी गरिदिने गरको पाइएको छ । प्रतिनीधि तथा प्रदेश सभा सदस्यको निर्वाचनको क्रममा कार्यकर्ताहरुबीच सामान्य झडप भएको, एक मतदान स्थलमा मतदान स्थगित भई पुनः मतदान भएको बाहेक शान्तिपुर्ण रुपमा निर्वाचन सम्पन्न भएको थियो ।
मिति २०७९ कार्तिक १२ गते कालिकोट जिल्ला तिलगुफा नगरपालिका वडा नं.-१० मा वेवारिसे बम विष्फोट हुँदा २ जना बालबालिकको मृत्यु भएको र ३ जना बालबालिका घाइते भएका थिए । उक्त घटनाको यस कार्यालयले Suo Motto उजुरी ग्रहण गरी हाल अनुसन्धान सम्पन्न गरी निर्णयको लागि केन्द्रीय कार्यालय पठाइ सकेको छ ।

डिभिजन वन कार्यालय सुर्खेतको हिरासतमा मिति २०७९/०५/०२ गते सुर्खेत जिल्लाका धनीराम लामिछानेको मृत्यु भएको सम्बन्धमा आयोगले चासो राखेपछि जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता भई मुद्धा चलेको। सो सम्बन्धमा यस कार्यालयबाट आवश्यक अनुगमन कार्य भएको ।

नापी कार्यालय सुर्खेतले समयमा काम नगरेको, पटक पटक बोलाई दुख दिने गरेको भनी सुर्खेत जिल्ला विरेन्दनगर नगरपालिका वडा नं. ७ का विष्णुबहादुर घर्ती क्षेत्रीले यस कार्यालयमा दिनु भएको निवेदन सम्बन्धमा आवश्यक जानकारी लिने कार्य भएको ।

सुर्खेतमा बाबुको पहिचान नभएको एकजना व्यक्तिले आमाको नामबाट नागरिकता पाउन आवेदन गरेकोमा जिल्ला प्रशासन कार्यालय सुर्खेतले नागरिकता नदिएको भन्ने उजुरी दर्ता भई आवश्यक प्रकृयामा रहेको । यस अवधिमा यस प्रदेशका सबै प्रहरी कार्यालयहरुमा गरी नागरिकको बाँच्न पाउने अधिकारसँग सम्बन्धित ज्यु ज्यान लगायतका विषयमा मात्रै ७७९ घटना भएको र प्रहरीमा मुद्दा दर्ता भएको (कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, भवितव्य ज्यान, फुटकर ज्यान, आत्म हत्या दुरुत्साहन, विष खाएर आत्महत्या, झुण्डिएर आत्महत्या, एसिड सेवन गरी आत्महत्या, पानीमा डुबेर मृत्यु, सवारी ज्यान, सवारी अंगभंग, सवारी भवितव्य समेत) कर्णाली प्रदेश प्रहरी कार्यालयबाट प्राप्त विवरणमा उल्लेख गरिएको छ ।[i] यस अवधिको

i कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत

असोज महिनामा भएको भीषण बाढीबाट पनि जनाले ज्यान गुमाएका छन् भने कैयौं घाइते अंगभंग भएका छन् । यसबाट पनि यस प्रदेशमा नागरिक अधिकारको अवस्था संतोषजनक नभएको देखिन्छ । सुर्खेतको गुर्भाकोट नगरपालिका, मुगुको सोरु गाउँपालिका लगायतका धेरै पालिकाहरुमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा समयमा नै नागरिकले सेवा पाउन नसकेको पाइएको छ । त्यस्तै गरी न्याय प्राप्तिका लागि जानु पर्ने ठाउँहरुमा सबै पीडितहरुको सहज पहुँच हुन नसकेको, पहुँच भइहाले पनि महंगो र निकै ढिला सुस्ती हुने गरेको गुनासोहरु प्राप्त हुन आएका थिए ।

यसरी समग्रमा हेर्दा यस कर्णाली प्रदेशमा द्वन्द्वकालमा भन्दा नागरिक तथा राजनीतिक अधिकारको उपभोगमा सुधार भएको भएतापनि भौगोलिक विकटता, शिक्षा तथा चेतनाको अभावमा उल्लेखित अधिकार को उपभोगमा अझै पनि केही बाधा तथा समस्याहरु देखिएको छ ।

यस अवधिमा यस प्रदेशमा २१४ ओटा प्राकृतिक प्रकोप सम्बन्धी घटना भएका छन् । जसबाट ६ हजार २२८ ओटा घरहरु क्षति भएका छन् भने ७२ जनाको मृत्यु भएको र २५ जना वेपत्ता भएको पाइएको छ । त्यस्तै गरी ३ अर्बभन्दा बढीको क्षति भएको जनाइएको छ ।

यस कार्यालयमा यस अवधिमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धमा २ ओटा मात्रै उजुरी दर्ता भएभने यस अघि दर्ता भएका १४७ ओटा उजुरी अझै पनि अनुसन्धानको क्रममा छन् । यस आ. व. मा नै यसै विषयका १२ थान उजुरीको अनुसन्धान सम्पन्न गरी आवश्यक निर्णयका लागि केन्द्रीय कार्यालय पठाइएको छ ।

### ५.३ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को नेपाल पक्ष राष्ट्र हो । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले व्यक्तिको खाद्य, स्वास्थ्य, शिक्षा, आवास र रोजगारीको अधिकारलाई सुनिश्चित गर्दछ । नेपालको संविधानमा मौलिक हक अन्तर्गत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको व्यवस्था गरिएको छ । अन्तर्राष्ट्रिय सन्धिको अनुमोदन पश्चात पक्ष राष्ट्रले उक्त सन्धिका प्रावधानहरुलाई आफ्नो घरेलु कानुन सरह कार्यान्वयनमा ल्याउनु राज्यको दायित्व हो । मौलिक हकको रुपमा शिक्षा, स्वास्थ्य, खाद्य, आवास र रोजगारीको हक कानून, नीति, तथा कार्यक्रम र योजनाको अभावमा थप चुनौतिपुर्ण देखिँदै आएको छ । संविधान प्रद्धत हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ ।  साथै कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने ब्यवस्था छ । त्यस्तै प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ ।[i]

कर्णाली प्रदेशको आर्थिक अवस्था कमजोर रहेको विभिन्न अध्ययन/अनुसन्धान प्रतिवेदनहरुले पनि देखाएको छ । नेपालको विश्व मानव विकास सुचाङ्कमा कर्णाली प्रदेशको मानव विकास सुचाङ्क सबैभन्दा कमजोर देखिएको छ । नेपाल सरकारले निशुल्क उपलब्ध गराउने भनिएका औषधीहरु कर्णाली प्रदेशका

i सुर्खेतपत्र, बर्ष १२ अंक ३०१, विहिवार १८ साउन २०८०

कुनै पनि पालिकाहरुमा पुर्ण रुपमा पाइने गरेको छैन । सडक सञ्जालको अभावमा सुत्केरी लगायत गम्भिर विरामीहरुले समयमा नै उपचार नपाएर मृत्यु हुन परेको समाचारहरु आइरहेका छन् । कन्सर्न वर्ल्डवाइड र वेल्ट हङ्गर हाइलाइफले तयार गरी सार्वजनिक गरेको विश्व भोकमरी सुचाङ्क प्रतिवेदन २०२२ ले कर्णाली प्रदेशलाई भोकमारीको उच्च जोखिमा रहेको देखाएको छ । यो सुचाङ्क खाद्य अधिकारको अवस्थाको एउटा नमुना मात्रै हो । शैक्षिक सत्र शुरु भएको महिनौं बितीसक्दा पनि पाठ्यपुस्तक विद्यालयमा पुग्न सकेको छैन । सडकको अवस्था अति नै कमजोर र गुणस्तरहिन रहेको छ । यस आ.व. मा सडक दुर्घटनाका कारण ८३ जनाको ज्यान गएको र २ जना गम्भीर अंगभंग भएको प्रदेश प्रहरी कार्यालय सुर्खेतले उपलब्ध गराएको विवरणबाट देखिन्छ । अन्य घाइते तथा सामान्य अंगभंगको संख्या यकिन हुन सकेको छैन । कान्तिपुर राष्ट्रिय दैनिकमा हालै प्रकाशित एक समाचारमा कर्णाली प्रदेशको मुख्य राजममार्गको रुपमा रहेको कर्णाली राजमार्गमा २०७६ साल यता सडक दुर्घटनाकै कारण ४३४ जनाले ज्यान गुमाएका छन् । त्यस्तै कालोबजारी सम्बन्धी ४ ओटा, सार्वजनिक हित, स्वास्थ्य सुरक्षा समेतका विषयमा १७२ ओटा घटना प्रहरी कार्यालयमा दर्ता भएको देखिन्छ । यसबाट पनि कर्णाली प्रदेशको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था विम्वित हुन्छ । गत असोज महिनामा आएको वर्षाले विस्थापित भएका कालिकोट, जुम्ला र मुगुका विस्थापितहरु अझै स्थापित हुन सकेका छैनन् भने राहत पनि नपाएको गुनासो गरिरहेका छन् । दैलेख जिल्लाको गुराँसे गाउँपालिकाका १ घरपरिवार स्थानीय समुदायका कारण २०७८ सालदेखि विस्थापित भएकोमा हालसम्म पुनस्थापित हुन सकेका छैनन् ।

सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिका वडा नं. १० स्थित पठान टोलमा शुद्ध खानेपानी लगायत विविध समस्या रहेको अनुगमनबाट समेत पाइएको छ । त्यस्तै गरी यस कार्यालयबाट भएको अनुगमनबाट सुर्खेतकै विरेन्द्रनगर नगरपालिका वडा नं. ११ स्थित बालुवाटार टोलमा रहेका २५ घरपरिवार गान्धर्व समुदायका व्यक्तीहरुको आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकारको अवस्था ज्यादै नाजुक रहेको पाइएको छ ।

कर्णाली प्रदेशको मुगु जिल्लाको छायानाथ रारा नगरपालिका, खत्याड गाउँपालिका, जाजरकोट जिल्लाको छेडागाड नगरपालिका लगायत हिमाली भेगका धेरैजसो स्वास्थ्य संस्थाहरुमा सरकारले उपलब्ध गराउने भनिएको निःशुल्क औषधीहरु नपाइने गरेको पाइएको छ। यस्तो अवस्था कर्णाली प्रदेशभरी नै रहेको पाइन्छ। कर्णाली प्रदेशमा रहेको राष्ट्रिय गौरवका आयोजना भेरी बबइ डाइभर्सनको काम अति ढिला भएको कारण यहाँका वासिन्दाको विकासको अधिकारमा असर परेको छ। आ. व. २०६८/६९ बाट शुरु गरिएको यस आयो-जनाको हालसम्म ५९ प्रतिशत मात्रै काम सकिएको आयोजनाले बताएको छ।१० वर्षमा सक्ने लक्ष्य राखिएको आयोजनाको ११ वर्षमा ५९ प्रतिशत मात्रै काम सकिनुले यहाँको विकासको अधिकारको अवस्थालाइ दर्शाउँदछ। विश्व भोकमरी सुचाङ्क प्रतिवेदन २०२२ का अनुसार भोकमारीको अवस्थामा नेपालले केहि सुधार गरेको छ। अघिल्लो तथ्याङ्कको तुलनामा यो वर्ष नेपालमा भोकमरीमा कमी आएको छ । हाल पनि नेपालभित्रको भोकमरीको अवस्थालाइ हेर्दा कर्णाली प्रदेश सबैभन्दा जोखिममा रहेको सो प्रतिवेदनले देखाएको छ ।

यस अवधिमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग सम्बन्धित १ ओटा मात्रै उजुरी दर्ता भएपनि यस कार्यालयमा रहेका ४७ ओटा उजुरी अनुसन्धानको क्रममा रहेका छन् । त्यस्तै गरी यस आ. व. मा नै यसै विषयका ४ थान उजुरीको अनुसन्धान सम्पन्न गरी आवश्यक निर्णयका लागि केन्द्रीय कार्यालय पठाइएको छ ।

### (क) स्वास्थ्यको अधिकार

कर्णाली प्रदेशमा स्वास्थ्यको अधिकारको अवस्था त्यती राम्रो देखिंदैन । यस प्रदेशमा १ ओटा प्रदेश अस्पताल र १ ओटा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन् भने ११ ओटा प्राथमिक तहका अस्पतालहरु, १४ ओटा प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरु (PHCs), ३३३ ओटा स्वास्थ्य चौकी (HPs), २३३ ओटा आधारभुत स्वास्थ्य सेवा केन्द्र, १०१ ओटा सामुदायिक स्वास्थ्य इकाइ, ८६४ ओटा (PHC–ORCs) र ४२७३ ओटा (FCHVs) रहेका छन् । जसबाट यस प्रदेशमा कुनै न कुनै किसिमका आधारभुत स्वास्थ्य सेवा प्रदान भइ रहेको पाइन्छ ।[ii]

स्वास्थ्य सेवा प्रदान गर्ने यति धेरै निकाय वा संस्थाहरु भएतापनि सेवा प्रवाह संतोषजनक रहेको पाइएको छैन । कतिपय स्थानमा भौतिक संरचनाको समस्या छ भने कतिपय मानवीय श्रोत साधनको । त्यस्तै गरी मेसीन औजारको अभावका कारण पनि सेवा प्रवाहमा समस्या देखिएको छ। सरकारले आम नागरिकहरुलाइ निःशुल्क उपलब्ध गराउने भनिएको ७६ प्रकारका औषधी सबै स्वास्थ्य संस्थाहरुबाट उलब्ध हुन नसेकेको भनी गुनासो प्राप्त भएको छ भने यस विषयमा विभिन्न संचार माध्यमहरुमा समाचारहरु प्रकाशन तथा प्रशारण भएको र यस कार्यालयबाट भएको अनुगमनबाट समेत पाइएकोछ ।

जिल्ला अस्पताल मुगुमा रहेको सामान्य एक्स रे मेसिन बिग्रीएको र अर्को एक्स रे मेसिन चलाउने प्राविधिक नभएका कारण मुगुका नागरिकहरु सामान्य उपचारको लागि पनि जिल्ला बाहिर जानु पर्ने बाध्यात्मक अवस्था अनुगमनबाट पाइएको छ । स्वास्थ्य संस्थाहरुमा अनावश्यक र अधिक राजनीतिक हस्तक्षेप हुने गरेका कारण पनि सेवा प्रवाहमा बाधा परेको समेत अनुगमनबाट पाइएको छ ।

यस प्रदेशको हुम्ला जिल्लामा अधिकांश महिलाहरु घरमा नै सुत्केरी हुने गरेको पाइएको छ । हुम्लाको खार्पुनाथ गाउँपालिका वडा नं ४ मा ३१ जना गर्भवती महिला भएको रेकर्ड भएपनि सुत्केरी हुँदा १ जना महिला मात्र स्वास्थ्य संस्थामा गएको पाइएको छ । यस्तो अवस्था कर्णाली प्रदेशभरी नै रहेको पाइन्छ । यस प्रदेशमा लागु औषध कारोवार तथा प्रयोगकर्ता अत्याधिक वृद्धि भइ रहेको पाइएको छ । यस अवधिमा मात्रै ११४ ओटा लागु औषध सम्बन्धी मुद्दा दर्ता भएको कर्णाली प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको विवरणबाट देखिन्छ । यसबाट पनि कर्णाली प्रदेशमा स्वास्थ्यको अधिकारमा प्रत्यक्ष असर परिरहेको पाइन्छ ।

### (ख) शिक्षाको अधिकार

कर्णाली प्रदेशमा कुल साक्षरता दर ७६.१ प्रतिशत रहेकोमा पुरुषको ८३.३ र महिलाको ६९.४ रहेको देखिन्छ ।[iii] यहाँ कुल सरकारी विद्यालय ३१४४ ओटा रहेको पाइन्छ भने निजी विद्यालय २२२ ओटा

ii स्वास्थ्य सेवा निर्देशनालय, कर्णाली प्रदेश सुर्खेत

iii राष्ट्रिय जनवणना २०७८

रहेको पाइन्छ ।[i] सरकारी विद्यालयमा सबै तहको गरी कुल विद्यार्थी संख्या ४,८३०७५ रहेको छ भने कुल शिक्षकको संख्या १५७१९ रहेको छ । विद्यार्थी संख्याको अनुपातमा शिक्षकको संख्या कम रहेको पाइन्छ । यस प्रदेशको अधिकांश भुगोल अति नै विकट पहाडी भुगोल रहेका कारण अझै पनि कतिपय स्थानमा बालबालिकाहरु विद्यालय जान १ घण्टादेखी २ घण्टासम्म लाग्ने गरेको पाइएको छ । वर्षात र अति चिसोको समयमा बालबालिकाहरु विद्यालय जानै नसक्ने अवस्थामा रहेको पाइन्छ । त्यस्तै गरी कतिपय स्थानमा विद्यालय जान खोला तर्नु पर्ने भएका कारण बालबालिकाहरु वर्षा शुरु भएपछि विद्यालय नै नजाने गरेको पनि पाइएको छ । विद्यालय जाने विद्यार्थीहरुको संख्याको अनुपातमा शिक्षकहरुको संख्या न्युन रहेका कारण पनि बालबालिकाहरुको शिक्षाको अधिकारमा असर परिरहेको पाइन्छ ।

सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिका वडा नं १२ स्थित बालुवाटार टोलमा रहेका करीब ५० जना बालबालिकाहरु विद्यालय जाँदा जंगल तथा पानी बग्ने खोल्सो कटेर जानु पर्ने भएकाले वर्षात र हिउँदको समयमा सकभर विद्यालय नै नजाने गरेको अनुगमनबाट पाइएको छ । त्यस्तै गरी माथिल्लो कर्णालीका पाँचै जिल्लामा यस्तो अवस्था विद्यामान रहेको पाइएको छ ।

## ५.४ जातीय भेदभाव विरूद्धको अधिकार

नेपालले जातीय भेदभाव विरूद्धको महासन्धिलाई अनुमोदन गरी राष्ट्रिय कानूनद्वारा छुवाछुत तथा जातीय भेदभावलाई दण्डनीय बनाइएको छ । त्यस्तै गरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ मा समेत जातियताका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरिएको छ । नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकको व्यवस्था गरी जातीय आधारमा हुने छुवाछुत तथा भेदभाव विरुद्धको हकलाइ मौलिक हकको रुपमा राखेको छ । कानूनी बन्देज भएतापनि व्यवहारतः अझै पनि कर्णाली प्रदेशमा जातीय आधारमा छुवाछुत र विभेदको अवस्था विकराल रहेको पाइन्छ । गत साउन महिनामा दलित समुदायका व्यक्तिहरुको नागरि कतामा उल्लेखित नाम विभेदकारी रहेको भनी समाचारहरु प्रशारित/प्रकाशित भएको थियो । यसरी विभेदकारी नामबाट विभेद भएको भनी यस प्रदेशको जुम्ला लगायतका जिल्लाहरुमा व्यापक विरोध भएको थियो । जातिय विभेद, छुवाछुत तथा भेदभावका सम्बन्धमा यस अवधिमा विभिन्न प्रहरी कार्यालयहरुमा ६ ओटा मुद्दा दर्ता भएको प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको विवरणबाट देखिन्छ ।

राष्ट्रिय दलित आयोगको आ.व. २०७८/७९ को दोश्रो वार्षिक प्रतिवेदन अनुसार देशमा १५.३२ प्रतिशत पहाडी दलित र ४४ प्रतिशत मधेशी दलित भुमिहिन रहेका, ५० प्रतिशत दलित समुदायका व्यक्तिहरु पूर्ण बेरोजगार र ९५ प्रतिशत दलित समुदाय खाद्य संकटमा रहेको देखिन्छ । सो अवस्थामा हालसम्म पनि कुनै सुधार नआएको देखिंदा दलित समूदाय चरम विभेद र गरिबीमा रहेको देखिन्छ ।

---

i शिक्षा विकास निर्देशनालय

कर्णाली प्रदेशको जुम्लामा दलित समुदायको विषयलाइ लिएर सामाजिक सञ्जालमा जथाभावी गाली गलौज गर्ने जुम्ला जिल्ला सिंजा गाउँपालिका -२ का गौरीलाल जैसी तिमिल्सीनाले जातिय विभेद हुने गरी सामाजिक संजालमा लेखेपछि निजलाइ कानुनी कारवाही गरिनु पर्ने भनी नागरिक स्तरबाट आवाज उठेपछि निजलाइ कानुनी कारवाही भएको पाइन्छ । त्यस्तै गरी जुम्लामा नै क्षेत्री समुदायकी केटी र दलित समुदायको केटाबीच भएको विवाहको विषयलाइ लिएर केटी पक्षकाले दलित समुदायको केटाको घरमा नै आगो लगाइ दिएको भनी विभिन्न सञ्चार माध्यमहरुमा समाचारहरु प्रशारण/प्रकाशन भएपछि अनुगमन गरिएको अनुगमनबाट केटीको दाइले केटाको घरमा आगो लगाइदिएको तथा केटाकेटी दुबै नाबालक/नाबालिका रहेको र हालसम्म सम्पर्क विहिन रहेको पाइएको छ ।

त्यस्तै गरी दलित समुदायमाथि व्यापक विभेद भएको भनी ८४ बुंदे माग सहित दलितका लागि दलित अभियानले २०८० साल बैशाख १ गतेदेखी मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय अगाडी धर्ना दिएकोमा सो धर्ना कार्यक्रमको अनुगमन गरिएको थियो । अनुगमनका क्रममा संविधान तथा कानुनमा जातीय विभेदलाइ दण्डनीय बनाए पनि व्यवहारमा कर्णाली प्रदेशमा जातीय विभेदको अवस्था अत्याधिक रहेको र कानुन कार्यान्वयन गर्ने निकायहरुबाट यस्तो विभेदको अन्त्यका लागि खासै पहल नभएका कारण आन्दोलन गर्नु परेको जानकारी गराइएको थियो ।

कालिकोट जिल्लाको जिल्ला समन्वय उपप्रमुख श्री मिना रावत (विक) लाइ दलित भएकै कारण जिल्लामा भएको खेलकुद कार्यक्रममा प्रमुख अतिथी नबनाइएको भनी कालिकोट जिल्लाका नागरिक समाजका तर्फबाट प्रेस विज्ञप्ति जारी भएको थियो ।

यस प्रदेशको मुगु जिल्लाको छायाँनाथ नगरपालिकामा अन्तर्जातिय विवाह गर्नेलाइ रु १ लाख पुरस्कार दिने गरी नीति बनाएको छ। विशेष गरी जातीय विभेदलाइ कम गर्न यस्तो नीति बनाइएको पाइएको छ। कर्णाली प्रदेश सरकारले दलित समुदायको लागि प्रशस्त बजेट विनियोजन गरेपनि खर्च हुन नसकेको पाइएको छ । गत आ व २०७८/०७९ मा करीब २४ करोड दलित लक्षित कार्यक्रमको लागि बजेट विनियोजन भएको भएपनि जम्मा चार करोड मात्रै खर्च भएको पाइएको छ। यसबाट पनि दलित लक्षित कार्यक्रम सञ्चालनमा सरकारको कार्यान्वयन निकाय उदासिन रहेको देखिएको छ।

कर्णाली प्रदेशमा करीब २८ प्रतिशत दलित समुदायको बसोबास रहेको पाइन्छ। यति ठुलो संख्यामा दलित समुदायको बसोवास रहेको यस प्रदेशमा स्थानीय सरकार तथा प्रदेश सरकारले यी समुदायको स्तरोन्नतीका लागि खासै बजेट विनियोजन गरेको पाइदैन । जातीय विभेदको अवस्था विकराल रहेपनि प्रहरी कार्यालय वा आयोगमा उजुरी भने खासै आउने गरेको पाइंदैन ।

यस अवधिमा जातीय विभेद सम्बन्धी कुनै पनि उजुरी दर्ता नभएपनि यस कार्यालयबाट आवश्यक परामर्श सहित विभिन्न निकायमा पठाइएका र कानुनी उपचारका लागि परामर्श गरिएका कतिपय विषयहरु जातीय विभेदसँग सम्बन्धित रहेका थिए। यस विषयमा यस अघि दर्ता भएको १ थान उजुरी हाल अनुसन्धानको क्रममा रहेको छ।

यस अवधिमा जातिय छुवाछुत र भेदभाव तथा अपमानजनक व्यवहार सम्बन्धमा ६ ओटा मात्रै मुद्दा दर्ता भएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले उपलब्ध गराएको विवरणाबाट देखिन्छ ।

जातिय भेदभाव तथा विभेदमा परेका समुदायहरुको कमजोर आर्थिक अवस्था तथा कमजोर पहुँचका कारण यस्ता विषयहरु अधिकांश स्थानीय स्तरमै मिलापत्र हुने वा न्यायिक निकायसम्म पुग्नै नसक्ने वा पुग्नै नदिइने परिपाटीका कारण राष्ट्रिय मानव अधिकार आयोग, प्रहरी कार्यालय वा अदालतमा उजुरी वा मुद्दा खासै नरहेको पाइन्छ ।

## ५.५. महिला अधिकार

महिलाउपर हुने सवै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि १९७९ ले महिलाउपर हुने शारीरिक, मानसिक, सामाजिक, राजनीतिक विभेद अन्त्य गर्नु पर्ने औंल्याएको छ। नेपालको संविधान र नेपालको अन्य कानूनले महिला अधिकार संरक्षित र सुरक्षित गरेको भएतापनि कार्यान्वयन पक्ष अझै फितलो रहेको छ। महिलालाई घर परिवार र समाजले विभेद गर्ने, दाइजोको निहुँमा घरबाट निकाला गर्ने, मानसिक र शारीरिक यातना दिने गरेको पाइन्छ । महिलाहरुको अपहरण पछि हत्या, घरेलु हिंसा, दुर्व्यवहार, यौनजन्य हिंसाका घटनाहरु दिनानुदिन भैरहेको देखिन्छ। महिला अधिकारसँग सम्बन्धित ३५९ (बहुविवाह, जबरजस्ती करणी, बोक्सीको आरोप अपहरणपछी जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पोसार, बाल विवाह, यौनदुरव्यवहार आदी) उजुरी दर्ता भइ कारवाही प्रकृया बढाइएको कर्णाली प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको विवरणबाट देखिन्छ । त्यस्तैगरी यस अवधिमा कालिकोट जिल्लामा मात्रै ५६ ओटा महिला अधिकारसँग सम्बन्धित (सम्बन्ध विच्छेद, जबरजस्ती करणी, घरेलु हिंसा, बहुविवाह) मुद्दा दर्ता भएको देखिन्छ। यसबाट पनि यस प्रदेशमा महिला अधिकारको अवस्थाको बारेमा बुझ्न सकिन्छ। महिलाले घरमा गरेको काम र श्रम शक्तिको आर्थिकरुपमा मुल्याङ्कन नहुँदा महिलाहरुको आर्थिक परनिर्भरतामा बृद्धि हुनु, कानूनी रुपमा समान काममा समान ज्याला भनिएता पनि अनौपचारिक क्षेत्रमा अझै पनि लागु भएको पाईदैन ।

जुम्ला जिल्लामा पढाइदिने र छोरी सरह पालेर राख्ने भनी घरमा राखेकी १३ वर्षिय बालिका माथि जुम्ला चन्दननाथ नपा वडा नं. ५ वस्ने प्रेमराजा महतले पटक पटक बलत्कार गरेको घटना बालिकाको आमाको जानकारीमा आएपछी जाहेरी परी कारवाही प्रकृया अगाडी बढेको थियो । साउन महिनामा मात्रै यस प्रदेशमा ५ ओटा बलात्कार सम्बन्धि समाचारहरु प्रशारण/प्रकाशन भएका थिए ।

यस प्रदेशमा कानुनले पुर्ण रुपमा निषेध गरेको छाउपडी कुप्रथा अझै पनि विद्यामान छ । जसले महिलाहरुलाइ सँधै जोखिममा राख्ने गरेको पाइन्छ ।

महिला अधिकारका सम्बन्धमा यस अवधिमा कुनै पनि उजुरी दर्ता नभएपनि यस कार्यालयबाट आवश्यक परामर्श सहित विभिन्न निकायमा पठाइएका र कानुनी उपचारका लागि परामर्श गरिएका अधिकांश पीडितहरु महिला रहेका थिए। महिला अधिकार सम्बन्धी १ थान उजुरी पहिलादेखि दर्ता भइ अनुसन्धानका क्रममा रहेको छ

## ५.६. बाल अधिकार

बालबालिकाले बालबालिका भएको कारण अन्य ब्यक्ति सरह पाउनु पर्ने अधिकार नै बाल अधिकार हो । नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक सम्बन्धी ब्यवस्था गरिएको छ। नेपालले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ लाई अनुमोदन गरेको छ । यसै संविधान र मौलिक हक एवं महासन्धिमा आधारित भएर बालबालिका सम्बन्धी ऐन, २०७५ जारी गरेको देखिन्छ । जसमा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुने, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने ब्यवस्था छ । तर कानुन र अन्तर्राष्ट्रिय महासंधीमा भएका यी व्यवस्थाहरु यस प्रदेशमा व्यवहारमा कमै मात्र लागू भएको पाइन्छ ।

यस अवधिमा बालबालिकाको अधिकार सम्बन्धमा २३ ओटा मुद्दा (बाल विवाह, बालयौन दुराचार, बालबालिका सम्बन्धी कसुर आदी) प्रहरीमा दर्ता भएको कर्णाली प्रदेश प्रहरी कार्यालयको विवरणमा उल्लेख छ । त्यस्तै गरी जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग र यौन दुरव्यवहारमा जम्मा २५३ ओटा मुद्दा दर्ता भएकोमा अधिकांश बालबालिकासँग सम्बन्धित रहेको पाइन्छ ।

जुम्लाको पुर्वी भेगमा पर्ने पातारासी गाउँपालिकामा रहेको सरस्वती आधारभुत विद्यालयको भवन भत्किंदा ४ जना विद्यार्थी घाइते हुनुको साथै केही दिन पठनपाठन अवरुद्ध भएको थियो । कक्षा कोठा भवनको अभावमा जुम्लाकै चन्दननाथ नगरपालिका-५ मा रहेको गुरुकुल पाठशालाका पाँचओटा कक्षाका विद्यार्थीहरु एउटै कक्षा कोठामा बस्नु परेको भनी गुनासो गरेको पाइएको थियो ।

मिति २०७९ साल कार्तिक १२ गते कालिकोट जिल्लाको तिलगुफा नगरपालिका वडा नं १० रानीवाडामा बेवारिसे अवस्थामा रहेको बम विष्फोट भइ २ बालिकाको मृत्यु र ३ जना घाइते भएको भनी विभिन्न सञ्चार माध्यमहरुमा समाचार प्रकाशित प्रशारित भएपछि आयोगको ध्यानाकर्षण भई घटनाको बारेमा गृह मन्त्रालयमा पत्राचार गरिएको । त्यस्तै गरी आयोगको यस कार्यालयबाट घटनाको स्थलगत अनुगमन गरिएको थियो । सो घटनाको यस कार्यालयबाट स्वविवेकीय अधिकारको प्रयोग गरी उजुरी दर्ता गरी अनुसन्धान भई आवश्यक निर्णयको लागि केन्द्रीय कार्यालयमा पठाइ सकिएको छ ।

१८ वर्ष मुनिका बालबालिकाले कुनै अपराध गरे कारागार पठाउन नमिल्ने कानुनी व्यवस्था रहेको छ । यस्तो अवस्थामा १८ वर्ष मुनिका बालबालिकालाइ बाल सुधार गृह पठाउनु पर्ने हुन्छ । तर कर्णाली प्रदेशमा हालसम्म बाल सुधार गृह छैन । बाल सुधार गृह नहुँदा कर्णाली प्रदेशबाट बालबालिकाहरुलाइ अन्य प्रदेशमा पठाउने गरिएको छ। होटल रेष्टुरेण्टहरुमा काम गर्ने बाल श्रमिकहरु यस प्रदेशमा प्रशस्त पाइएपनि कुनै पनि सञ्चार माध्यममा प्रकाशन/प्रशारण भएको पाइदैन । त्यस्तै गरी यस कार्यालयमा पनि त्यस्ता प्रकारका कुनै पनि उजुरी प्राप्त हुन आएको छैन । बाल विवाहको अवस्था पनि यस प्रदेशमा विकराल देखिन्छ तर उजुर बाजुर हुने गरेको पाइएको छैन । सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिका वडा नं ६ स्थित जुनतारा प्राथमिक विद्यालयको भवन नहुँदा विद्यार्थीहरु बरण्डामा बसेर पढी रहेको पाइएको छ ।

कक्षा ५ सम्म रहेको सो विद्यालयका कक्षा ४ र ५ का विद्यार्थीहरु भवन अभावका कारण पढ्नका लागि अर्कै विद्यालयमा गइरहेको पाइएको छ ।

मिति २०७९/०९/०७ गते नवज्योती स्कुल लाटीकोइली सुर्खेतका शिक्षकले ऐ विद्यालयको कक्षा ६ मा अध्ययनरत विद्यार्थी आदिती देवकोटालाई कुटपिट तथा दुरव्यवहार गरेको भनी यस कार्यालयमा जानकारी प्राप्त भएकोमा यस कार्यालयबाट अनुगमन भएको थियो ।

बाल अधिकारका सम्बन्धमा यस अवधिमा कुनै पनि उजुरी दर्ता नभएपनि यस कार्यालयबाट आवश्यक परामर्श सहित विभिन्न निकायमा पठाइएका र कानुनी उपचारका लागि परामर्श गरिएका अधिकांश पीडितहरु महिला र बालबालिकाहरु रहेका थिए । बाल अधिकार सम्बन्धी १ थान उजुरी पहिलादेखि दर्ता भइ अनुसन्धानका क्रममा रहेको छ ।

## ५.७ बलपूर्वक बेपत्ता विरूद्धको अधिकार

नेपालमा पञ्चायती व्यवस्थाभन्दा अघिदेखि नै व्यक्तिहरूलाई राज्यबाट बलपूर्वक बेपत्ता पार्ने कार्य हुने गरेको पाइएता पनि तत्कालीन नेकपा (माओवादी)ले २०५२ साल फागुन १ बाट घोषणा गरेको सशस्त्र युद्धपछि व्यापक भएको पाइन्छ । विशेष गरी २०५८ साल मंसिरबाट सङ्कटकाल सुरू भएदेखि २०६२/२०६३ को आन्दोलनपूर्वसम्म यस कार्यले व्यापकता पाएको देखिन्छ । आयोगको अनुसन्धानबाट सशस्त्र द्वन्द्वको क्रममा सुरक्षाकर्मीहरूद्वारा हातहतियारसहित बिनासूचना व्यक्तिहरूलाई पक्राउ गर्ने, पक्राउ गर्नुको कारण र थुनामा राखिएको स्थानसमेत गोप्य राख्ने र हत्या गर्नेसम्मका कार्यहरू भएको पाइन्छ । मध्यरातमा घरभित्र प्रवेश गरी पक्राउ गरिएकाहरूलाई बेपत्ता पारिएको देखिन्छ । बेपत्ता पारिएका व्यक्तिहरूलाई आफन्त वा कानुनव्यवसायीलाई भेट गर्न नदिने, राखिएको स्थानबारे जानकारी नदिने, पक्राउ नै नगरिएको भनी झुट्ठा विवरण दिने गरेको पाइन्छ । यसै गरी माओवादी पक्षबाट पनि सुराकी लगायत विभिन्न आरोपमा अपहरण गरी लैजाने, स्थिति अज्ञात राख्ने, कुनै जानकारी नदिने, हत्या गर्नेसम्मका कार्यहरू भएको देखिन्छ । हालका दिनहरूमा बेपत्ता वा स्थिति अज्ञातसम्बन्धी घटनाहरू भएको पाइँदैन । यस प्रदेशमा द्वन्द्वको समयमा बेपत्ता/स्थिति अज्ञात पारिएको भनी जम्मा ५७ उजूरीहरू रहेकोमा ५ ओटा उजुरीको अनुसन्धान सम्पन्न गरी आवश्यक निर्णयका लागि आयोग समक्ष पेश गरी सकेको छ भने ५२ उजुरीहरु अनुसन्धानका क्रममा नै छन् । सशस्त्र द्वन्द्वको अबधिमा राज्य पक्षवाट बेपत्ता पारिएका र तत्कालीन विद्रोही पक्षवाट अपहरण गरी अवस्था अज्ञात रहेका व्यक्तिहरूको अवस्था विस्तृत शान्ति सम्झौता पश्चात पनि सार्वजनिक हुन सकेन । हालसम्म पनि द्वन्द्वको समयमा बेपत्ता पारिएका तथा अपहरण पश्चात अवस्था अज्ञात रहेको पनि यस प्रदेश कार्यालयमा रहेका ५२ उजुरीहरु उपर यस कार्यालयबाट अनुसन्धान भई रहेको छ । बेपत्ता लगायत द्वन्द पीडितका परिवारलाई राज्यको तर्फबाट प्रदान गरिदै आएको राहत रकम पाए नपाएको सम्बन्धमा विवरण उपलब्ध गराउन यस कर्णाली प्रदेश अर्न्तगतका १० वटै जिल्लाको जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरिएकोमा सबै कार्यालयहरुबाट पठाएको विवरण प्राप्त भइ सकेको छ । जिल्लाहरुवाट प्राप्त तथ्याङकको आधारमा हेर्दा मृतक परिवार, बेपत्ता परिवारका अधिकांश आफन्तहरुले राहत रकम प्राप्त गरी सकेको अभिलेखबाट देखिन आउँछ ।

यस आ.व. को यस अवधिमा वेपत्ता पारिएको भनी यस कार्यालयमा कुनै उजुरी दर्ता भएको छैन । तर व्यक्ति वेपत्ता र अपहरण तथा शरिर बन्धक ३ ओटा जाहेरी दर्ता भएको कर्णाली प्रदेश प्रहरी कार्यालयबाट प्राप्त विवरणबाट देखिन्छ ।

सशस्त्र द्वन्द्वका समयमा वेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा यस प्रदेशका केही व्यक्तीहरुले बेपत्ता पारिएका व्यक्तीको छानवीन आयोगबाट परिचयपत्र पाएपनि कतिपयको हालसम्म पहिचान हुनै नसकेको पाइन्छ। बलपुर्वक वेपत्ता पारिएका व्यक्ती तथा पीडित परिवारहरुका लागि तत्काल राज्यले विशेष संबोधन गर्नु पर्ने यस प्रदेशका पीडितहरुको माग रहेको छ ।

## ५.८ यातना विरुद्धको अधिकार

नेपालको सविधानले यातना विरुद्धको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । मुलुकी अपराध (संहिता) ऐनले पनि प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान तथा अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन निषेध गरेको छ। त्यस्तो कार्य गरेमा कसुरको गाम्भीर्यता हेरी पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा ५ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को धारा ७ ले पनि यातनालाई निषेध गरेको छ । यातना, क्रुर र अमानवीय एवं अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४ लाई नेपालले अनुमोदन गरिसकेको सन्दर्भमा नीति, कानूनी संरचना बन्न आवश्यक भै सकेको छ । अभियुक्तको सावितिको आधारमा प्रमाण संकलन गर्ने पुरानो अनुसन्धान पद्धतिको निरन्तर ताका कारण प्रहरी हिरासतमा यातना, कुटपीट, दुर्व्यवहार र मृत्यु जस्ता घटनाहरु भई रहेको पाइन्छ । सो सम्बन्धमा आयोगको यस कार्यालयमा उजुरी दर्ता भई अनुसन्धानको क्रममा रहेका छन् । प्रतिनीधि तथा प्रदेश सभा सदस्यको निर्वाचन २०७९ को सन्दर्भमा जाजरकोट जिल्लामा ऐ नलगाड नगरपालिका वडा नं. ८ का इन्द्रबहादुर वि.क. लाई स्थानीय प्रहरीले नियन्त्रणमा लिइ यातना दिएको भनी दर्ता भएको उजुरी अनुसन्धान सम्पन्न गरी निर्णयार्थ केन्द्रिय कार्यालय पठाई सकेको छ ।

मिति २०७९/०६/१६ गते दैलेख जिल्लाको राकम प्रहरी कार्यालयका सुरक्षाकर्मीले कालिकोट जिल्ला खाडाचक्र नगरपालिका वडा नं. ११ का सवारी चालक काममा रहेका सन्तोष गिरीलाई कुटपिट गरी यातना दिएको भनी परेको उजुरीका सम्बन्धमा यस कार्यालयबाट आवश्यक बुझ्ने कार्य भइ रहेको छ ।
अझै पनि यस प्रदेशमा सुरक्षाकर्मीहरुमा हिरासतमा रहेका अभियुक्तहरुलाई कुटपिट गर्ने, कुटपिटबाटै साविती गराउन खोज्ने प्रवृत्ति कायमै रहेको पाइन्छ ।

यस अवधिमा यातना सम्बन्धमा २ ओटा उजुरी दर्ता भइ कुल उजुरी संख्या ३९ रहेकोमा २ ओटा उजुरीको अनुसन्धान सम्पन्न भइ आवश्यक निर्णयको लागि केन्द्रीय कार्यालय पठाइ सकिएको छ भने ३७ ओटा उजुरी अझै अनुसन्धानको क्रममा रहेका छन् ।

## ५.९ मानव बेचविखन तथा आप्रवासी कामदारको अधिकार

बैदेशिक रोजगारीको बहानामा महिलालाई यौन शोषण गरी भारत लगायतका विभिन्न देशहरुमा पुऱ्याई बेचविखन गर्ने प्रचलन रहेको देखिन्छ । बैदेशिक रोजगारीको वहानामा विभिन्न मुलुकमा राम्रो कामको आश्वासनमा मानव तस्करी हुने गरेको पाईन्छ ।

कर्णाली प्रदेशमा सिजनल कामको लागि भारत जाने चलन व्यापक रहेको पाइन्छ । अदक्ष कामदारहरु असंगठित क्षेत्रमा काम गर्नको लागि बर्खे बाली लगाइ सकेपछि जाने र हिंउदे बाली लगाउने बेलामा आई पुनः जाने गरेको पाइन्छ । यसको आधिकारीक रेकर्ड कतै नभएपनि कर्णाली प्रदेशबाट मात्रै वर्षेनी हजारौं मानिसहरु आप्रवासी कामदारको रुपमा भारत जाने गरेको पाइन्छ । जसमा महिलाहरुको संख्या पनि उल्लेख्य हुने गरेको छ । यसरी जानेहरुको कुनै आधिकारीक रेकर्ड नहुने हुँदा कति फर्किएर आए कतिको उतै मृत्यु भयो भन्ने आधिकारीक जानकारी नहुने गरेको पाइन्छ । यसरी जाने क्रममा कतिपय महिलाहरु बेचविखनमा समेत पर्ने गरेको पाइएको छ । त्यस्तै गरी रोजगारीको सिलसिलामा खाडी मुलुक, अध्ययन तथा कामको लागि युरोप, अष्ट्रेलिया तथा अमेरिका जानेहरुको संख्या पनि उल्लेख्य नै रहेको पाइन्छ ।

यसरी आप्रवासी कामदारको रुपमा भारत वा खाडी मुलुक जानेहरुमा मानसिक रोगको समस्या बढ्दै गएको पाइएको छ । जनसंख्या बढेसंगै यस प्रदेशबाट आप्रवासी कामदारको रुपमा भारत तथा खाडी मुलुक जाने युवाहरुको संख्या बढ्दै गएको र सोचेभन्दा वास्तविकता अर्कै हुने, परिवार तथा सामाजिक सम्पर्कबाट टाढा हुने, दुरव्यसनमा फस्ने, स्वास्थ्यमा ध्यान दिन नसकेको कारण नेपालीहरुमा मानसिक स्वास्थ्यको समस्या बढ्दै गएको पाइएको छ ।

यस अवधिमा यस कार्यालयमा आप्रवासी कामदार सम्बन्धि कुनै उजुरी दर्ता भएनन् भने मानव बेखबिखन तथा आप्रवासी कामदारको अधिकार सम्बन्धि एउटा पनि उजुरी यस कार्यालयमा छैनन् । तर कर्णाली प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको विवरणमा सुर्खेतर दैलेखमा २/२, जाजरकोट र हुम्ला जिल्लामा १/१ गरी ६ ओटा जाहेरी मानव बेचबिखन तथा ओसार पोसार विरुद्ध दर्ता भई कारवाहीको प्रकृयामा रहेको उल्लेख छ । त्यस्तै गरी अपहरण तथा मानव बेचविखन तथा ओसार पोसार र जबरजस्ती करणीमा कालिकोट जिल्लामा १ ओटा जाहेरी परी कारवाही चलिरहेको जनाइएको छ ।

मानव बेचबिखन तथा ओसार पोसारबाट पीडित हुने वा भएका व्यक्तीहरुको कमजोर आर्थिक अवस्था, कमजोर पहुँच हुने र पीडकहरु आर्थिक रुपमा सम्पन्न, सबैतहमा पहुँच भएका व्यक्तीहरु हुने वा भएका कारण न्यायिक निकायसम्म नपुग्ने गरेको अध्ययन प्रतिवेदनहरुले देखाएको पाइन्छ । यस प्रदेशमा पनि सोही अवस्था रहेको पाइन्छ ।

## ५.१० अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

नेपालको संविधान (२०७२) मा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई मौलिक हकमा व्यवस्था गरेको पाइन्छ । त्यसैगरी अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७५, नेपाल सरकारको पाँचौ

मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७५/०७६-२०८१/०८२), अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण निर्देशिका २०७३, अपाङ्गता भएका व्यक्तिहरुको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ लगायत कानूनी संरचना रहेका छन् । नेपालले अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण सम्वन्धी महासन्धि अनुमोदन गरिसकेको छ । सन्धिका प्रावधान बमोजिम सरकारी, सार्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचको लागि पुरा गर्नुपर्ने पूर्वाधारको विकास हुन सकेको छैन । राज्यबाट अपाङ्गता भत्ताको व्यवस्था गरेतापनि अपाङ्गता भएका सवै बर्गमा पहुँच पुग्न सकेको छैन । यसै सन्दर्भमा अपाङ्गता भएका १०३ जना विद्यार्थीहरुलाई दिनु पर्ने मासिक भत्ता विरेन्द्रनगर नगरपालिकाले उपलब्ध नगराएको भनी राष्ट्रिय अपाङ्ग महासंघबाट प्राप्त उजुरीका सम्बन्धमा आयोगको यस कार्यालयले सरोकारवाला निकायसंग परामर्श छलफल सम्पन्न गरेको छ ।

मिति २०७९ साल मंसिर महिनामा अपाङ्गता भएका शिक्षकलाई दुर्गम ठाउँमा पदस्थापन गरेको र शारिरीक अपाङ्गता भएका कारण पदस्थापन गरिएको विद्यालयमा जान नसक्ने भनी यस कार्यालयलाइ जानकारी प्राप्त भएपछि सो विषयमा सरोकारवालाहरुसँग छलफल गरी समस्या समाधान गरिएको थियो ।

## ५.११ तेश्रो लिङ्गीको अधिकार

नेपालको संविधान,२०७२ को धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूवर्क बाच्न पाउने हक हुन, धारा १७ ले नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको व्यवस्था गरेको छ तथापि तेश्रो लिङ्गी समुदायका मानिसहरुले यो अधिकार उपभोग गर्न पाएका छैनन् ।

यस प्रदेशमा तेस्रो लिंगीको अधिकारको सम्बन्धमा कुनै उजुरी प्राप्त भएको छैन तर यस कार्यालयको कार्यक्रममा Blue Diamond Society का तर्फबाट सहभागी भई आफ्नो भनाई राख्दा कर्णाली प्रदेश विशेष गरी सुर्खेत जिल्लामा सुरक्षाकर्मी तथा आमनागरिकहरुको तेस्रो लिंगीप्रतिको दृष्टिकोण ठीक नरहेको र डराएर बस्नु पर्ने बाध्यता रहेको । तेस्रो लिंगीहरु खुलेर आफ्नो पहिचान सहित हिंड्न सक्ने अवस्था नहरे को जानकारी गराउनु भएको थियो ।

## ५.१२ वातावरणको अधिकारः

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक प्रदान गरिएको छ । धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने, ३० (२) मा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने उल्लेख गरिएको छ ।

कर्णाली प्रदेशमा रहेका कर्णाली, भेरी, बबइ जस्ता नदीहरुमा फोहोरजन्य पदार्थहरु मिसाएका कारण प्रदुषित हुँदै गएको भनी वातावरणविद् तथा प्रकृती संरक्षणकर्ताहरुले चिन्ता व्यक्त गरेका छन् । विकास निर्माणका कारण पनि वातावरण प्रदुषित बन्दै गएको अवस्था छ । कर्णाली प्रदेशको मुख्य मार्गको रुपमा रहेको कर्णाली राजमार्ग भत्किएर त्यहाँबाट निस्केको धुलोले यस क्षेत्रको वातावरणलाई नकरात्मक असर गरेको छ । हाल भई रहेका सडक निर्माण, विभिन्न पालिकाहरुको डोजरे विकासले यस क्षेत्रको प्राकृतिक जमिनलाई असर गरेको वर्षायाममा पानी परेपछि व्यापक पैरो जाने गरेको पाइएको छ ।

## ५.१३ मानव अधिकार रक्षकको अधिकारः

सामान्य अर्थमा मानव अधिकार रक्षक एकल वा अरूसँग मिलेर शान्तिपूर्ण रूपमा मानव अधिकारको संरक्षण र संवर्धनका लागि कार्य गर्ने व्यक्ति वा समूह वा संस्था हुन् । व्यक्तिगत, समूहगत वा संस्थागत रूपमा मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा पालनासम्बन्धी काममा संलग्न व्यक्ति, समूह र सङ्गठनलाई "मानव अधिकार रक्षक" सम्झनुपर्दछ, जो पूर्णकालीन वा आंशिक रूपमा, वैतनिक वा अवैतनिक रूपमा क्रियाशील रहेका हुन्छन । मानव अधिकार रक्षकको आवश्यकता र महत्वलाई समेत आत्मासँग गरी संयुक्त राष्ट्रङ्घले मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र, १९९८ जारी गरेको छ । नेपाल सरकारले पनि मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश, २०७७ जारी गरेको छ । यसै गरी राष्ट्रिय मानव अधिकार आयोगले पनि मानव अधिकार रक्षकहरुको सुरक्षा, सम्मान, पहिचान र अभिलेखिकरणको विषयमा आवश्यक नीति नियमहरु बनाउने तर्फ सक्रियतापूर्वक कार्य गरिरहेको छ । मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन, परिपालन, यसको संस्कृतिको विकासमा रक्षकहरूको भूमिका विशेष एवम् महत्वपूर्ण मानिन्छ । राज्य वा राज्यका निकायसँग मानव अधिकारका मुद्दामा साझेदारी र खरबदारीमा उनीहरू क्रियाशील हुन्छन् । मानव अधिकार उल्लङ्घन वा हननका घट्ना हुन नदिन र भएको अवस्थामा दोषीमाथि कारबाही, पीडितलाई राहत, क्षतिपूर्ति र त्यस्ता घट्नाको पुनरावृति हुन नदिन शान्तिपूर्ण माध्यमबाट भूमिका निर्वाह गर्दछन् । नेपालको परिवेशमा यस प्रकृतिका घट्नामा पहिलो र नजिकको सूचना स्रोतको रुपमा मानव अधिकार रक्षक रहेका हुन्छन् । स्थानीय, क्षेत्रीय र राष्ट्रिय रूपमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको सूचना, तथ्य र जानकारी उनीहरूसँग रहेको हुन्छ। सूचना सङ्कलन, सम्प्रेषण, आवश्यक कारबाही अगाडि बढाउन उद्दार, संरक्षण, न्याय र पुनःर्स्थापनाको लागि एकल, समन्वय र सहकार्य गरेको पाइन्छ । सम्बन्धित पक्षबाट जवाफदेहिता बहन, मानव अधिकार हनन् तथा उल्लङ्घनका घट्नाको दस्तावेजीकरण, दण्डहीनताको अन्त्य, मानव अधिकार शिक्षाको प्रवर्धन, पीडितका अधिकारको संरक्षणजस्ता कार्यमा अग्रणी भूमिका खेल्दै आएका छन् । आयोगले मानव अधिकार रक्षकको अधिकार र अवस्थासम्बन्धमा अनुगमन, छलफल, अन्तर्क्रिया, प्रादेशिक, राष्ट्रिय सम्मेलनमार्फत कार्य गर्दै आएको छ । यस सम्बन्धमा २०६९ मा पहिलो, २०७४ मा दोस्रो र २०७९ मा तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ। आयोगले कर्णाली प्रदेशमा पनि क्षेत्रीय तथा प्रादेशिक सम्मेलन गरी यस प्रदेशका मानव अधिकार रक्षकहरुको सुरक्षा लगायतका विषयमा कार्य गरिरहेको छ। यसअघि रक्षकहरूसँग विषयवस्तुमा केन्द्रित रही स्थानीय, प्रदेश तहमा छलफल र सम्मेलन गरिएको थियो । आयोगले आयोजना गरेको मानव अधिकार रक्षकसम्बन्धी पहिलो राष्ट्रिय सम्मेलनले मानव अधिकार रक्षकसम्बन्धी मार्ग- निर्देशिका, २०६९ जारी गरेको थियो । मानव अधिकार रक्षकहरूको अवस्था अनुगमन र मानव अधिकार रक्षकविरुद्ध भएका मानव अधिकार उल्लङ्घनका उजूरीहरूमाथि अनुसन्धानको साथै सिफारिस पनि गर्दै आइरहेको छ । यस प्रकृतिका कार्यलाई नियमित, व्यवस्थित र चुस्त बनाउन सम्पर्क अधिकृत तोकी कार्य अगाडि बढाएको छ। आयोगले गरेको पछिल्लो अध्ययनबाट रक्षकहरूले विभिन्न (राजनीतिक, आर्थिक, सामाजिक, शारीरिक, भौतिक तथा मानसिक) चुनौतीहरूको सामना गर्दै आएको पाइएको छ । राजनीतिक दल तथा सरकारी संयन्त्र मानव अधिकार रक्षकहरूको भूमिका र पहिचान र सुरक्षाप्रति संवेदनशील हुन सकेको पाइएको छैन्।

मानव अधिकारकर्मी, कानुनव्यावसायी, सञ्चारकर्मी एवम् रक्षकहरू, पीडितको न्यायको लागि आवाज उठाउने व्यक्तिहरू आफूलाई अहिले पनि सुरक्षित महसुस गर्न सकेका छैनन् । प्रत्यक्ष वा परोक्ष रूपमा धम्की, हिंसा तथा गैरकानुनी पक्राउजस्ता घटनाहरूको सामना गर्न बाध्य छन् । आयोगले २०७८ फागुन २० र २१ गते सँग वटै प्रदेशमा मानव अधिकार रक्षक सम्मेलन एकै मिति र समयमा सम्पन्न गरेको छ । यसमा कर्णाली प्रदेश पनि समावेश छ । कर्णाली प्रदेशको सुर्खेतम सम्पन्न सो सम्मेलनले मानव अधिकार रक्षकहरुको सुरक्षा, संरक्षण तथा क्षमता अभिवृद्धिका विषयमा १७ बुँदे घोषणा पत्र जारी गरेको थियो । जसमा कर्णाली प्रदेशका १० ओटै जिल्लाहरुबाट गरी १२९ जना मानव अधिकार रक्षकहरुको उपस्थिती रहेको थियो ।

सो सम्मेलनमा मानव अधिकार रक्षकका हक, अधिकार तथा कर्तव्यका साथै पहिचान, सुरक्षा, सञ्जालीकरण, कानुनी र संस्थागत व्यवस्थाको बारेमा विशेष छलफल भएको थियो । छलफलमा मानव अधिकार रक्षकले अहिले पनि सुरक्षित रूपमा काम गर्न सक्ने वातावरण निर्माण हुन नसकेको अवस्थालाई औँल्याइएको थियो । राज्यले मानव अधिकार रक्षकको पहिचान, सुरक्षा, सञ्जालीकरण तथा रक्षकको अधिकारको संरक्षण तथा संवर्धनका विषयमा प्रभावकारी काम गर्न नसकेको विषय उठाइएको थियो ।

कर्णाली प्रदेशमा मानव अधिकार रक्षकहरुको सुरक्षाको विषय निकै गम्भीर रहेको पाइएको छ । इन्सेक कर्णाली प्रदेश कार्यालयले पनि यस प्रदेशमा मानव अधिकार रक्षकहरुको सवालमा काम गरिरहेको अवस्था छ । दैलेख जिल्लामा मिति २०७९ फागुन १३ र १४ गते भएको जिल्लाका मानव अधिकार रक्षकहरुको सम्मेलन र मिति २०८० जेठ १२ र १३ गते सुर्खेतमा भएको कर्णाली प्रदेश स्तरिय मानव अधिकार र क्षकहरुको सम्मेलनका क्रममा यी विषयहरु उठेको पाइएको थियो ।

मानव अधिकार संरक्षणका लागि काम गरिरहँदा विभिन्न किसिमका आरोपहरु खेप्नु पर्ने र अर्को पक्षले बदलाको भावना राखेर पछिसम्म दुख दिने गरे पनि सरकारका निकायहरुबाट कुनै सहयोग नहुने गरेको यस प्रदेशका मानव अधिकार रक्षकहरुको गुनासो रहेको छ । सरकारले कानुन बनाएर कानुन मार्फत नै मानव अधिकार रक्षकहरुको सुरक्षा, संरक्षण गर्नं पर्ने पनि यस प्रदेशका मानव अधिकार रक्षकहरुको माग रहेको छ ।

## ५.१४ आम निर्वाचन २०८० र मानव अधिकार

नेपालको संविधान, २०७२ को धारा २४९ ले राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने दायित्व तोकेको छ । त्यस्तै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले आयोगलाई मानव अधिकार अवस्थाको अनुगमन तथा अनुसन्धान गर्ने दायित्वका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । आयोगलाई प्राप्त कार्यादेश बमोजिम आयोगले विभिन्न निर्वाचनको अवधिमा मानव अधिकार अवस्थाको अनुगमन गर्दै आईरहेको छ । नियमित रुपमा निर्वाचनको माध्यमबाट आफ्नो प्रतिनिधि चुन्ने क्रममा मिति २०७९/०८/०४ गते प्रतिनीधि तथा प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न गरिने भनि नेपाल सरकारबाट घोषणा भएको थियो । सोही सन्दर्भमा

मतदानपूवको अवधि, मतदानको दिन र मतदान पश्चात गरी ३ चरणमा मानव अधिकारमुखी पद्दतीबाट यस प्रदेशको हुम्ला र डोल्पा बाहेकका ८ जिल्लामा अनुगमन गरिएको थियो । दैलेख, जाजरकोट, मुगु, जुम्ला, कालिकोट र सुर्खेत जिल्लामा कर्णाली प्रदेश कार्यालयकै श्रोत साधनबाट अनुगमन गरिएको थियो भने अन्य जिल्लामा केन्द्रीय कार्यालयबाट खटाइएको टोलीबाट अनुगमन भएको थियो ।

विशेष गरी नेपालको संविधान, नेपाल पक्ष भएका मानव अधिकार सम्वन्धी अन्तराष्ट्रिय सन्धी सम्झौताहरुले प्रत्याभुत गरेको स्वतन्त्रताको हक, समानताको हकका साथै महिला, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार लगायत सवै वर्ग, क्षेत्र, समुदायको मतदानमा समान पहुँच, भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरिनु आदि विषयहरुमा केन्द्रीत रहि अनुगमन कार्य सम्पन्न गरिएको थियो । अनुगमनबाट देहाय बमोजिमको अवस्था रहेको पाइएको थियो:

### १) विचार र अभिव्यक्ति स्वतन्त्रता तथा मतदान

- सुर्खेत जिल्लाको विरेन्द्र नगरपालिकामा बाम गठबन्धनको आमसभामा विपक्षी दलका नेताहरूलाई होच्याउने प्रकृतिको भाषण गरेको पाइयो ।
- निर्वाचनको क्रममा देशभर केही शीर्ष नेताहरूको तस्बीर सहित No not Again को अभियान सञ्चालन भएको देखियो । जसमा सर्वोच्च अदालतबाट विचार अभिव्यक्तिमा प्रतिबन्ध लगाउन नपाइने भनी आदेश जारी भएको पाइयो ।
- मतदानको दिन जेष्ठ नागरिक तथा अशक्त नागरिकहरूले मतदान केन्द्रहरूमा स्वतन्त्र रूपले मतदान गर्न नपाएका । ज्येष्ठता र अशक्तताको कारण देखाउँदै उनिहरूको सट्टामा विश्वास गरेका भनिएका सहयोगी परिवारका व्यक्तिहरूले आफूले चाहेको स्थानमा मतदान गरेको पाइयो ।
- सुर्खेतमा राजनीतिक दलका एजेण्टहरूको सहमतिमा जुनैसुकै व्यक्तिलाई पनि वारेस दिन लगाएको अनुगमनबाट पाइयो ।
- जिल्ला कारागार कार्यालय जुम्लामा १०९ जना कैदीवन्दीहरू मध्ये १८ जनाले मात्र समानुपातिक तर्फ मतदान गर्न पाएका थिए । निर्वाचन आयोगको कमजोरीले मतदाता नामावली अद्यावधिक नभएको, मतदान गर्न नपाएको गुनासो अनुगमन टोलीलाई आएपछि उक्त मतदान केन्द्रमा स्थलगत अनुगमन गर्दा आयोगको टोली पुगेपश्चात् मात्र दिनको ११:०० बजे मतदान कार्य सुरु भएको पाइयो ।
- हुम्ला कारागारमा रहेका २० मध्ये १५ जना कैदीवन्दीलाई हतकडी सहित मतदानमा सहभागीता गराएको विषयमा कारागार व्यवस्था विभाग तथा गृह मन्त्रालयका प्रवक्तासँग जानकारी लिँदा हुम्ला जिल्लामा कारागार नरहेको र प्रहरी हिरासतमा कैदीवन्दी राख्नुपर्ने हुँदा सुरक्षाको कारण मतदानस्थल सम्म हतकडीमा लगाइ लग्नुपर्ने बाध्यताका कारण त्यसो हुन गएको भन्ने भनाइ रहेको पाइयो ।

### २) शान्तिपूर्ण भेला, सभासम्मेलन गर्न पाउने अधिकार

- पश्चिम रुकुम जिल्लाका चौरजहारी नगरपालिका र जाजरकोट जिल्लाको भेरी नगरपालिका, नलगाड नगरपालिकाका निजी घर, पसल, कम्पाउण्ड, पर्खाल, सार्वजनिक धारा, विद्यालयका

भित्ताहरूमा निर्वाचनमा भाग लिएका उम्मेदवार तथा दलहरूले आफ्नो प्रचार सामाग्री पम्पलेट टाँस्नुका साथै झण्डासमेत राखेको पाइयो । निर्वाचनको स्थिर अवधि, मतदानका दिन र मतदान-पूर्व समेत सामाग्री यथावतै रहेको पाइयो ।

**३) शान्ति-सुरक्षाको अवस्था**

- पश्चिम रुकुम जिल्ला, आठविसकोट नपा-११ को नेपाल राष्ट्रिय मावि गत्सैनामा रहेको मतदानस्थलमा नेकपा माओवादी विप्लव समूहका भनिने एक जना व्यक्तिबाट मतदान गर्ने क्रममा मतपेटिकामा लात्तीले हानी तोडफोड गर्ने प्रयास गर्दा तत्काल निजलाई नियन्त्रणमा लिएको र एक घण्टा मतदान प्रक्रिया रोकेर मुचुल्का उठाएपछि पुनः मतदान सुरु भएको पाइयो ।
- पश्चिम रुकुम जिल्ला आठविसकोट नपा ५ र १३ मा समेत माओवादी विप्लवका कार्यकर्ताले मतदान गर्ने क्रममा मतपेटिका तोडफोड गर्ने प्रयास गरेतापनि सुरक्षा नियन्त्रणमा लिई मतदान सुचारु भएको पाइयो ।
- सुर्खेत जिल्लाको सिम्ता गाउपालिका वडा नं. ६ स्थित सिम्ता बहुमुखी क्याम्पस मतदान स्थलको (ख) मतदान केन्दमा प्रदेशसभाको प्रत्यक्षतर्फको मतपत्रको सट्टा प्रतिनिधिसभाको प्रत्यक्षतर्फको १०० थान मतपत्र पर्न गएको कारण विवाद भई सो दिनको मतदान कार्य नै स्थगित भएको पाइयो ।
- मुगु जिल्लाको कर्णाली मावि टोप्ला मतदान केन्द्रमा भएको झडपका कारण नेकपा समाजवादीका कार्यकर्ता ऐनबहादुर बम, नेकपा एमालेका कार्यकर्ता बिष्णबहादुर मल्ल, रतनबहादुर शाही र सविना मल्लसमेत ४ जना घाईत भएकोमा रतनबहादुर शाही, ऐनबहादुर बम र सविना मल्ललाई उपचारका लागि हेलिकप्टार मार्फत सुर्खेत लगिएको भने विष्णबहादुर मल्ल समान्य घाइते भएका कारण घर फर्किएको पाइयो ।

**४) सूचना (मतदाता शिक्षा) को अधिकार**

- मतदाता शिक्षा निर्वाचन आयोगले सामाजिक सञ्जाल र मोवाईल तथा टेलिफोन सेवामार्फत समेत प्रचार- प्रसार गरेको भए पनि स्थानीय स्तरमा मतदाताहरूमा मतदाता शिक्षाको अभाव रहेको पाइयो ।
- पश्चिम रुकुम जिल्ला र जाजरकोट जिल्ला लगायत कर्णाली प्रदेशमा नेपाल टेलिकमको मोबाइल टोन सन्देश "बालबालिका प्रयोग नगरौं" भन्ने सन्देशमूलक प्रचार प्रभावकारी भएको पाइयो ।
- कर्णाली प्रदेशमा मुख्य निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारीबाट मतदाता शिक्षा सम्भव भएसम्म दिइएको भन्ने भनाइ रहेको तर टोलटोलमा मतदाता शिक्षा प्रदान गरिएको पाइएन ।
- मतगणना स्थलको सुरक्षा व्यवस्थापन प्रर्याप्त रहेको भए पनि जुम्ला जिल्लामा सञ्चार कर्मीहरूलाई मत गणनास्थलमा जान नदिएको, गणनासम्बन्धी सूचना दिन ढिलाई भएको भनी पत्रकारहरूबाट ज्ञापनपत्र तथा नाराबाजी गरे पश्चात् गणनास्थलमा जान र दुईदुई घण्टामा सूचना उपलब्ध गराइएको पाइयो ।

## ५) समावेशी/सहभागिताको अवस्था

कर्णाली प्रदेशमा निर्वाचन आयोगका अनुसार प्रदेशसभा उम्मेदवारीमा समावेशिताको अवस्था निम्नबमोजिम रहेको छः

| कुल उम्मेदवार संख्या | | आदिवासी/जनजाति | | खसआर्य | | थारु | | दलित | | मधेशी | | मुस्लिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११६ | | १४ | | ९७ | | ० | | ५ | | ० | | ० | |
| पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| ११३ | ३ | १३ | १ | ९४ | २ | ० | ० | ५ | ० | ० | ० | ० | ० |
| प्रतिशतमा | | | | | | | | | | | | | |
| ९७.४१ | २.५९ | | | | | | | | | | | | |

नेपालको संविधान र प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचन ऐनको मर्म भावना र प्रावधानका आधारमा राजनीतिक दलहरूबाट पहिलो हुने निर्वाचन प्रयोजनामा समावेशिता र सहभागितालाई पूर्णरूपमा पालना गरेको देखिँदैन ।

- प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य, २०७९ को लागि सुर्खेत, रुकुम पश्चिम तथा जाजरकोट जिल्लाका २९ जना उम्मेदवार मध्ये तीन जनामात्र महिला उम्मेदवार भएको पाइयो भने प्रदेश सभाका ४२ जना उम्मेदवार मध्ये दुई जना महिला उम्मेदवारको संख्या रहेको पाइयो । २९ जना उम्मेदवार मध्ये प्रतिनिधिसभा निर्वाचनमा आदिवासी/जनजातिको सख्या तीन र प्रदेशसभाका ४२ जना उम्मेदवारमध्ये तीन जना रहेको पाइयो ।
- मुगु,जुम्ला र कालिकोट जिल्लामा राजनीतिक दलहरूले कानुनमा अनिवार्य व्यवस्था भए बमोजिम समावेशिताको आधारमा उम्मेदवार नामाङ्कनलाई प्राथमिकता दिएको पाइएन ।
- जुम्ला जिल्लामा प्रतिनिधि सभाका उम्मेदवारहरू मध्ये गठबन्धनका साझा उम्मेदवार नेकपा माओवादी केन्द्रबाट गोमा गौतम कुवँर बाहेक सबै पुरुष रहेको पाइयो ।
- मुगु र कालिकोट जिल्लामा पनि प्रतिनिधिसभा तर्फ पुरुष रहेको पाइयो । साथै प्रदेश सभामा तीन वटै जिल्लामा उम्मेदवार रहेको सबै पुरुष र खसआर्यबाट मात्र रहेको हुँदा महिला, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व शून्य रहेको पाइयो ।
- मुगु तथा जुम्ला जिल्लाका प्रतिनिधि सभाका पाँच/पाँच जना र कालिकोट जिल्लाका सँग जना समेत गरी जम्मा १७ जना उम्मेदवारहरूमध्ये सबै उम्मेदवार खस आर्यबाट रहेको पाइयो । मुगु,कालिकोट र जुम्ला गरी तीन जिल्लाका प्रदेश कतर्फका जम्मा १२ जना उम्मेदवार र प्रदेशसभा (ख) तर्फ १४ जना उम्मेदवारहरू सबै खसआर्यबाट उम्म्मेदवार रहेको भए पनि अन्य सूचीबाट उम्मेदवारको समावेशिता शून्य रहेको पाइयो ।
- जुम्ला ,कालिकोट र मुगु जिल्लामा क्रमस ६५ प्रतिशत, ५७.४३ प्रतिशत र ७४.४९ प्रतिशत मत खसेकोमा जुम्ला जिल्लामा २३१०२ महिला र २१९९७ जना पुरुषले मतदान गरेको विवरणका आधारमा पुरुष मतदाताभन्दा बढी महिला मतदाताले मतदान गरेको पाइयो ।
- कर्णाली प्रदेशमा पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत प्रदेशसभामा कुल विजयी उम्मेदवार मध्ये शतप्रतिशत पुरुषमात्र विजयी भएको पाइयो ।

### ६) विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, जेष्ठ नागरिक, बिरामी र सुत्केरी)

- कर्णली प्रदेशका अधिकांश मतदान केन्द्रमा मतदानको दिन अधिकांश ज्येष्ठ नागरिकहरूले मतदान केन्द्रहरूमा स्वतन्त्र रूपले मतदान गर्न नपाएको, ज्येष्ठता र अशक्तताको कारण देखाउँदै उनीहरूको सट्टामो विश्वास गरेका भनिएका सहयोगी व्यक्तिहरूले चाहेको स्थानमा मतदान गरेका पाइयो ।
- सबै मतदान केन्द्रहरूमा महिलाको लागि छुट्टै लाइनको व्यवस्था गरिएको थियो भने अधिकांश मतदान केन्द्रहरूमा शौचालयको व्यवस्था पनि रहेको थियो तर स्तनपान कक्षको व्यवस्था भएको पाइएन ।
- जाजरकोट जिल्ला, भेरी न.पा वडा नं १ को वागेश्वरी आ.वि.मा मतदान केन्द्रमा ज्येष्ठ नागरिक, बच्चा बोकेका महिला, गर्भवती र अभिभावकसँग आएका बालबालिकाहरू यातायातको असुविधाले तीनचार घण्टा पैदल हिँड्नुपर्ने गुनासो गरेका पाइयो । उनीहरूलाई मतदानस्थलमा ल्याउने काममा राजनैतिक दलका कार्यकर्ताले गरेका र फर्काउने व्यवस्था नगरेका कारण अलपत्र परेको भन्ने गुनासो रहेको पाइयो ।
- जाजरकोट जिल्लाको भेरी नगरपालिका वडा नं. ८ स्थित श्री ज्ञानकुञ्ज गाविस बुरुङे र ऐ ऐ वडा नं. ४ खलङ्गास्थित कस्तुरी सहकारी मावि मतदानस्थल अति साँगुरो रहेको। बाटोबाट ५/७ मिनेट ओरालो हिँडेर पुग्नुपर्ने । ह्वील चेयर वा अन्य कुनै सवारी साधन जान सक्ने सम्भावना नरहेको पाइयो ।
- कालिकोट जिल्लाको खाडाचक्र नगरपालिका अन्तर्गत श्री जनजीवन मावि ताडी, श्री कालीका मावि सिमकोट पिली, कालिका मावि राचुलीको मतदान केन्द्रका ग्राउण्ड फराकिलो रहे पनि अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक ,गर्भवतीहरूलाई मतदान स्थलसम्म जानका लागि सहज पहुचँ नरहेको, ओरालो भाग सहितको भौगोलिक बिकटता रहेको, खानेपानीको धारो रहेको भए पनि ट्वाइलेटको समस्या रहेको पाइयो ।

### ७) प्राप्त उजुरी/सूचना (निर्वाचनसँग सम्बन्धित)

- जुम्ला जिल्लाको तातोपानी गाउँपालिकाको वडा नं ८ स्थित कालिका मावि टोप्लामा राप्रपाको प्रतिनिधिलाई मतदान केन्द्रमा एजेण्टको रूपमा नेकपा एमालेका नेता सुरत शाहीले बस्न नदिएको गुनासो राप्रपाका उम्मेदवार ज्ञानेन्द्र शाहीले आयोगको अनुगमन टोलीलाई गराउनुभएको अनुगमन टोलीले सहायक प्रमुख जिल्ला अधिकारी, मुख्य निर्वाचन अधिकृत, मतदान अधिकृत तथा सुरक्षाकर्मीसँग समन्वय गरी एजेण्ट बस्ने वाताबरण बनेको थियो ।
- नेपाल पत्रकार महासङ्घ शाखा जुम्लाका अध्यक्ष नेत्रबहादुर शाहीले आयोगको अनुगमन टोलीलाई जिल्ला कारागार कार्यालय जुम्लाका कैदीवन्दीहरूले मतदान गर्न नपाएको भनी बिहान करिब १०:१२ मिनेटमा जानकारी गराएकोमा आयोगको अनुगमन टोली तत्काल अस्थायी मतदान केन्द्र राखिएको जिल्ला कारागार कार्यालय जुम्लामा पुगी बुझ्दा बिहान ११:०० बजेसम्म निर्वाचन सुरु

नभएको पाइयो । १०९ जना कैदीबन्दी रहेको जुम्ला कारागारका कैदीवन्दीको नामावली जिल्ला निर्वाचन कार्यालयमा पठाउदा सबै कैदीबन्दीको नामावली अद्यावधि हुन नसकेको, १०९ जना कैदीहरू मध्ये १४ जना कैदीहरूको मात्र अन्तिम नामावली आएको पाइयो । अन्तिम नामावली भएका कैदीबन्दीहरूले बिहान ११:०८ मिनेटमा आयोगको अनुगमन टोलीको उपस्थितिमा मतदान सुरु भएको थियो ।

- जुम्ला जिल्लाको चन्दननाथ मावि. खलंगा र तातोपानी गाउँपालिकाको दुर्गा मावि. मतदान केन्द्रमा प्रत्यक्ष तर्फ दिएको मतपत्रलाई समानुपातिक मत पेटिकामा खसालेको र कर्मचारीहरूले नसिकाएको भनी चन्दनाथ नगरपालिका बोहोरागाउँ घर भएका किशोर न्यौपानेले आयोगको टोलीलाई गुनासो गरेपश्चात अनुगमन टोली सम्बन्धित मतदान केन्द्रको अनुगमन गरी मतदान अधिकृतसँग छलफल गरी अवस्थामा सुधार भएको थियो ।

### ८) सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य लगायतका अन्य सेवाहरूको अवस्था

- अधिकांश मतदान केन्द्रहरू विद्यालयमा तोकिएको र पाँच दिनसम्म विद्यालयहरू बन्द रहेको कारण बालबालिकाहरू तथा अन्य विद्यार्थीहरूको पठनपाठनमा वाधाअवरोध भएको पाइयो ।
- स्वास्थ्य सेवाका कर्मचारीहरू पनि निर्वाचन कार्यमा खटाइएका कारण नागरिकहरूको स्वास्थ्यको अधिकारमा प्रत्यक्ष असर परेको पाइयो ।

# परिच्छेद-छ
# उपलब्धी र चुनौति

## ६.१ उपलब्धी

यस कार्यालयले यस अवधिमा गरेका मानव अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यहरुबाट विभिन्न उपलब्धिहरु हासिल भएका छन् । मानव अधिकार उल्लङ्घसम्बन्धी उजूरी ग्रहण, अनुगमन, अनुसन्धान लगायतका संरक्षण सम्बन्धी विभिन्न कार्यहरू निरन्तर हुँदै आएका छन् । मानव अधिकारका विविध सवालहरुमा सचेतना अभिवृद्धि गर्नको लागि विभिन्न छलफल/अन्तर्क्रिया जस्ता कार्यक्रमहरु सम्पन्न गरिएका छन् । यसका अलावा अध्ययन प्रतिवेदनहरुको प्रकाशन विभिन्न संघ संस्था, सरकारी निकाय, दातृ निकायहरुबाट आयोजना गरिएका विभिन्न कार्यक्रमहरुमा अतिथीको रुपमा वा वक्ताको रुपमा सहभागी भइ यस प्रदेशको मानव अधिकारको अवस्था र यसमा सुधार गर्नु पर्ने विषयमा धारणा राखीएको छ । मानव अधिकारका विभिन्न विषयहरु, महत्वपूर्ण घट्ना र विषयहरुप्रति सरकार तथा सम्वन्धित सरोकार वालाहरुको ध्यानाकर्षणको लागि पत्राचारलगायतका कार्यहरू सम्पन्न गर्दै आएको अवस्था छ । यस आवमा सम्पादित कार्यहरूको आधारमा हासिल गरिएका उपलब्धि, भोग्नुपरेका चुनौतीहरूलाई संक्षेपमा देहाय बमोजिम उल्लेख गरिएको छ :

### ६.१.१ आठ जिल्लामा उपस्थिती

यस कार्यालयको भौगोलिक कार्यक्षेत्र कर्णाली प्रदेशको १० ओटै जिल्ला भएपनि यस आ.व. मा हुम्ला र डोल्पा जिल्लामा उपस्थिती जनाउन सकिएन । चालु आ.व. को चौथो महिनाबाट मात्रै कार्यक्रम शुरु भएको र सिमित श्रोत साधन तथा जनशक्तिको कारण सडक सञ्जालले नछोएको उक्त दुइ जिल्लामा पुग्न नसकिएको हो । तरपनि छोटो समय सिमित श्रोत साधन र जनशक्ति भएपनि विविध कार्यक्रमको सिलसिलामा बाँकी ८ जिल्लामा यस कार्यालयको उपस्थिती रहन सक्यो । आठ जिल्ला अन्तर्गत पनि प्रतिनीधि तथा प्रदेश सभा सदस्यको निर्वाचनको अनुगमनको क्रममा २४ ओटा पालिकाहरुमा यस कार्यालयको उपस्थिती रहन सक्यो । प्रतिनीधि तथा प्रदेश सभा सदस्यको निर्वाचनको अनुगमनका कारण बढी समय र बजेट प्रयोग भएतापनि अन्य विविध कार्यक्रमको सिलसिलामा पनि ८ जिल्लामा उपस्थिती जनाउन सक्नुलाइ उपलब्धीको रुपमा लिन सकिन्छ ।

### ६.१.२. लक्षित सबै कार्यक्रमहरु समयमा नै सम्पन्न

कर्णाली प्रदेश कार्यालय सुर्खेत स्थापना २०७९ सालको असोजमा मात्रै भएपनि यस प्रदेशको क्षेत्राधिकार भित्रका उजुरी फाइलहरु कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला र लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगंजमा रहेको थियो । यस कार्यालय स्थापना हुने बित्तिकै दुबै कार्यालयमा रहेका उजुरी फाइलहरु यस कार्यालय मातहत ल्याइ अनुसन्धान प्रारम्भ गरिएको थियो । यस कार्यालय स्थापना भइ कार्य प्रारम्भ हुँदा कुल उजुरी फाइलहरु ३३१ थान (जुम्ला कार्यालय अन्तर्गतका २२ थान उजुरी फाइल समेत गरी) रहेकोमा २२ थान उजुरी फाइलहरुको अनुसन्धान सम्पन्न गरी निर्णयार्थ केन्द्रीय कार्यालय पठाइ सकिएको छ । यस आ.व. मा लक्षित ४ ओटा अनुसन्धान मिसन रहेकोमा ८ ओटा अनुसन्धान मिसन सम्पन्न गर्न सफल

भएको छ । त्यस्तै गरी २ ओटा दिवस मनाउने सम्बन्धी कार्यक्रम रहेकोमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस र आयोगको स्थापना दिवस मनाएर सम्पन्न गरिएको थियो । त्यस्तैगरी ६ ओटा अनुगमन गर्ने भनी वार्षिक लक्ष्य रहेकोमा १८ ओटा अनुगमन सम्पन्न गरी सबै लक्षित वार्षिक कार्यक्रमहरु तोकिएको समयमा नै सम्पन्न गरिएको थियो ।

### ६.१.३. आर्थिक तथा भौतिक प्रगति हासिल

यस कार्यालयलाई चालु आर्थिक बर्षको लागि कार्यक्रमतर्फ कोड नं. २२५२२ मा विनीयोजित बजेटतर्फ ९९.८२ प्रतिशत र कोड नं. २२५२९ तर्फ ९८.७४ प्रतिशत औसतमा ९९.६८ प्रतिशत आर्थिक प्रगती रहेको छ । त्यस्तै बार्षिक लक्षित कार्यक्रममा कुल कार्यक्रम संख्या १३ रहेकोमा सम्पन्न कुल कार्यक्रम संख्या ४० रहेको हुनाले भौतिक प्रगति ३०० प्रतिशत रहेको छ ।

### ६.१.४. बाल सुधार गृह स्थापनाको लागि मूख्यमन्त्रीलाइ पत्राचार

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपुर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने उद्देश्यले बालबालिका सम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी नियमावली २०७८ र बाल न्याय सम्पादन (कार्यविधि), नियमावली २०७६ लागु भइ सकेको र सो कानुनी व्यवस्थाहरु बमोजिम कानुनको विवादमा परेका बालबालिकाहरुलाइ बाल सुधार गृहमा मात्रै राख्न पाइने अनिवार्य व्यवस्था रहेको अवस्थामा कर्णाली प्रदेशमा बाल सुधार गृह नभएका कारण विभिन्न कानुनको विवादमा परेका  बालबालिकाहरुलाइ सम्मानीत अदालतको आदेश बमोजिम राख्नलाइ नेपालगंज लगायत अन्य प्रदेशमा लैजानु पर्ने बाध्यता रहेकोले कर्णाली प्रदेशभित्रै बाल सुधार गृह स्थापना गरी सञ्चालनमा ल्याउन कर्णाली प्रदेशका माननीय मुख्यमन्त्रीलाइ मिति २०८०/०१/१३ मा पत्राचार गरिएको थियो ।

### ६.१.५. कर्णाली प्रदेश कार्यालयको स्थापना र सञ्चालन

कर्णाली प्रदेश सरकारका तत्कालिन मुख्यमन्त्री श्री जीवनबहादुर शाहीको सकारात्मक सहयोग र पहलबाट विरेन्द्रनगर, सुर्खेतमा २०७९ जेठ महिनादेखि राष्ट्रिय मानव अधिकार आयोग विरेन्द्रनगर सुर्खेतको नामबाट कार्यालय संचालनमा आएको थियो । सोही कार्यालयलाइ आयोगको मिति २०७९/०३/३० गतेको निर्णय बमोजिम २०७९ साल असोजबाट राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयको रुपमा स्थापना गरी सञ्चालन भएको छ । यो कार्यालयको स्थापना र सञ्चालनसँगै आयोगको सँगै प्रदेशमा प्रादेशिक कार्यालयहरु सञ्चालनमा रहेका छन् । तथापी आयोगले निर्णय गरी स्वीकृतीका लागि नेपाल सरकारलाइ पठाएको सांगठानीक संरचना हालसम्म पनि सरकारले स्वीकृत नगरेका कारण प्रदेश कार्यालयहरुको अवस्था अन्यौलपुर्ण रहेको छ ।

स्थापनाकालको शुरुवातमा तत्कालिन कर्णाली प्रदेश सरकारले उपलब्ध गराएको कर्णाली प्रदेश सरकारका मुख्य न्यायधिवक्ताको कार्यालय रहेको भवनको ३ ओटा मात्रै कोठामा कार्यालय सञ्चालन हुँदै आएकोमा २०८० साल जेठ महिनाबाट भाडामा भएपनि आफ्नै छुट्टै भवन लिइ कार्यालय सञ्चालन भएको छ । जसमा अपाङ्गतामैत्री शौचालय, मिटिङ हल, शिशु स्याहार तथा स्तनपान कक्ष समेतको व्यवस्थापन गर्न सकिएको छ ।

## ६.२. चुनौती

### ६.२.१ आन्तरिक चुनौती

### क. भौतिक स्रोत साधन

कुनै पनि संगठनले उसको उद्देश्य प्राप्तिका लागि कार्यक्रम अनुसारको भौतिक स्रोत साधन के कति रहेको छ भन्ने विषय महत्वपुर्ण हुन्छ। भौगोलिक एवम् कार्यगत क्षेत्राधिकार सँगसँगै आर्थिक तथा भौतिक स्रोत साधनको उचित व्यवस्थापन विना कार्यालयको कामकारवाही सहजढंगले अघि बढ्न सक्दैन। कर्मचारीको मनोवल मात्र उच्च भएर काममा प्रभावकारिता आउन सक्दैन। मन छ तर स्रोत साधन छैन भने कामकारवाही प्रभावित हुन्छ। यस्तो समस्याबाट कार्यालय गम्भिररुपमा गुज्रिरहेको छ। विशेषतः कार्यालयको कामकार वाही प्रभावकारीढंगले सञ्चालन गर्नका लागि आवश्यक पर्ने विजुली, कम्प्युटर, सवारी साधन, उचित वजेट र मानव संशाधनको उचित तालमेल मिल्नु पर्दछ। कार्यालयमा रहेका अधिकांश डेस्कटप र ल्याबटप पुराना भई काम नगर्ने हालतमा रहेका हुनाले उक्त प्रविधिमा आधारित भई गर्नुपर्ने कामकारवाही प्रभावित हुदै आएका छन।

यस कार्यालय आयोगको फिल्ड कार्यालय हो। यसले जिल्ला स्तरमा मानव अधिकार सम्बन्धमा रहेका समस्या उपर स्वस्फुर्तढंगले भुमिका निर्वाह गर्नु पर्ने हुन्छ। यस कार्यालयले कर्णाली प्रदेशका १० ओटै जिल्ला हेर्नुपर्ने अवस्था छ तर कार्यालयमा एउटा मात्र सवारी साधन (जीप) रहेपनि यसको मर्मत संभार इन्धनमा सारै थोरै बजेट भएकाले समयमा नै सबै ठाउँमा पुग्न सकिएको छैन। यसले पनि कार्यालयको काम कारवाहिमा प्रत्यक्ष असर गरिरहेको छ।

### ख. न्यून मानव संशाधन

कार्यालयमा सवै किसिमका व्यवस्थापन असल रहेपनि मानव संशासधन व्यवस्थापन असल भएन वा पर्याप्त भएन भने अन्य व्यवस्था आफै सक्रिय भई उद्देश्य हासिल गर्न सक्दैन। अन्य व्यवस्था अमुर्त हो भने मानव संशाधन मुर्त हो। मानव संशाधनको अभावमा कार्यालयले मुर्त स्वरुप प्राप्त गर्न सक्दैन। हाल यस कार्यालयमा कार्यरत ७ जना कर्मचारी मध्ये श्रेणीविहिन स्तरमा ४ जना र अधिकृतस्तरमा ३ जना रहेका छन। ५ जना मानव अधिकार अधिकृत रहने स्थानमा २ जना मात्र अधिकृत रहेका छन। त्यसमध्ये पनि १ जना लेखापालबाट भर्खर मात्रै मानव अधिकार अधिकृतमा बढुवा भएपनि जिम्मेवारी लेखाकै रहेको छ। कार्यालयको प्रमुख कार्यहरु अधिकृत स्तरका कर्मचारीबाट हुने भएतापनि १ जना अधिकृत मात्र रहेको हुनाले कार्यालयको काम प्रभावित हुदै आइरहेको छ।

### ग. बृहत भौगोलिक कार्यक्षेत्र

भौगोलिक क्षेत्रफलको हिसाबले नेपालको सवैभन्दा ठुलो प्रदेशको रुपमा रहेको यस कर्णाली प्रदेशको सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिका बाहेक सबै भुभाग पहाडी र हिमाली भएकाले अति नै विकट रुपमा रहेको छ। यस प्रदेशका २ ओटा जिल्ला अझैपनि सडक सञ्जालमा जोडिन सकेको छैन। प्रदेश कार्यालय स्थापना भएपनि बृहत भौगोलिक क्षेत्र त्यसमा पनि सबै जिल्लाहरु सडक सञ्जालसँग जोडिइ नसकेको अवस्थामा सबै क्षेत्रमा समान रुपमा यस कार्यालयको पहुँच पुग्न सकेको छैन। बृहत भौगोलिक क्षेत्र पनि यस कार्यालयको मुख्य चुनौती मध्ये एक रहेको छ।

### घ. उजुरी उपर प्रभावकारी अनुसन्धान

अधिकृतस्तरीय कर्मचारीको उपस्थिती न्युन रहेको हुनाले आयोग ऐन, नियमावली, निर्देशिका बमोजिम नियमितरुपमा चाल्नुपर्ने अनुसन्धान प्रकृया प्रभावकारीढंगले हुनसकिरहेको छैन । एक जना अधिकृतले उजुरी लगायत कार्यालयमा अन्य अनुगमन अनुसन्धान लगायतका कार्य पनि गर्नुपर्ने हुनाले अपेक्षाकृत अनुसन्धान हुनसकेको छैन । जसले गर्दा लामो समयदेखि विचाराधिन रहेका उजुरीहरु उपर उचित समयभित्र अनुसन्धान कार्य सम्पन्न गर्न सकिएको छैन ।

### ङ. कमजोर पहुँच

कार्यालयको सिमिति साधन स्रोत, न्युन मानव संशाधन, अपर्याप्त वजेट इत्यादीको कारणले कर्णालीका दशवटै जिल्लामा समानढंगले नियमित पहुँच कायम गर्न सकिएको छैन । सवै जिल्लाका मानव अधिकार रक्षक, पत्रकार, गैसस प्रतिनिधिहरुसँग नियमित सम्पर्क सुत्र स्थापित हुन सकेको छैन ।

## ६.२.२ बाह्य चुनौति

### क. भौगोलिक विकटता

कर्णाली प्रदेशको प्राकृतिक सुन्दरता सकारात्मक पक्ष हो भने भौगोलिक विकटता चुनौति हो । कर्णाली प्रदेशका अधिकांश जिल्लाहरुमा अझैपनि सहज आवतजावतकोलागी स्तरीय सडक सञ्जालको अभाव रहेको छ । जसले गर्दा मौसम थोरै मात्र प्रतिकुल भएको खण्डमा फिल्डमा कार्य गर्न कठिनाई थपिन्छ । बर्षायाममा बर्षातको कारणले ठाउँ ठाउँमा पहिरो आउने हुनाले बाटो वन्द हुने, पहिरो आउने सम्भावना प्रबल हुनेहुदा यात्रा असुरक्षित हुने हुनाले यात्रा गर्न कठिन हुन्छ । ठिक त्यस्तै जाडोयाममा अत्यधिक जाडो हुनेहुनाले केही जिल्लामा आवतजावत नै वन्द हुन्छ भने अन्य जिल्लामा पनि खुल्ला सवारीसाधनमा यात्रा गर्न जीउज्यानमै नकारात्मक असर पुग्ने सम्भावना बढि हुन्छ । जसले गर्दा भौगोलिक विकटता र मौसमी प्रतिकुलताले गर्दा निर्धारित कार्ययोजना अनुसार काम हुन नसकने अवस्था छ ।

### ख. द्वन्द्वकालिन उजुरीहरु र मानव अधिकार आयोगको सिफारिशहरुको कार्यान्वयन

राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिशहरु कार्यान्वयन सरकारले गर्नु पर्ने र यो बाध्यकारी हुने कानुनी व्यवस्थाका साथै सम्मानीत सर्वोच्च अदालतबाट मानव अधिकार आयोगको सिफारिशहरु कार्यान्वयनमा सरकारले कुनै IF वा BUTS प्रयोग गर्न नपाउने भनी निर्णय समेत भइसकेको अवस्थामा पनि सरकारबाट आयोगका सिफारिशहरु कार्यान्वयन नगरिंदा आम नागरिकहरुमा आयोगप्रति नै वितृष्णा बढेको छ । जसले गर्दा  यस कार्यालयबाट स्थानीय स्तरमा गरिने कार्यहरुमा नकरात्मक प्रभाव परेको देखिन्छ ।

## ६.३. सुझाव

कर्णाली प्रदेश मानव विकास सुचांकमा सबैभन्दा पुछारमा रहेको देखिएबाट पनि यस प्रदेशमा मानव अधिकारको अवस्था संतोषजनक नभएको मान्न सकिन्छ । यसर्थ यस प्रदेशको मानव अधिकार अवस्थामा सुधार ल्याउन यहाँको प्रदेश सरकार र स्थानीय सरकारले समन्वयमा यस प्रदेशमा गरिने विकास निर्माण लगायत सबै कार्यक्रमहरुमा मानव अधिकारका सबै विषयवस्तुलाइ समेट्ने गरी मानव अधिकारमुखी पद्दती अवलम्बन गर्न जरुरी छ। समग्रमा यस कर्णाली प्रदेश तथा यस प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरुलाइ देहाय बमोजिमका सुझावहरु प्रस्तुत गरिएको छः

- विकासको केन्द्रविन्दु मानिस भएको र सबै सरकारले गर्ने विकासका कार्यहरुले मानव जातिलाइ नै लक्षिय गर्ने हुनाले कर्णाली प्रदेश र यस अन्तर्गका ७९ ओटै स्थानीय सरकारहरुले बजेट विनियोजन गर्दा नै मानव अधिकारमुखी विकास पद्दतीलाइ केन्द्रविन्दुमा राख्नु पर्ने ।
- विकासका सबै प्रकृयाहरु (नीति निर्माण, योजना, बजेट तथा कार्यक्रम, कार्यक्रमको कार्यान्वयन आदि)मा विकासको केन्द्रविन्दुमा रहेका सबै सरोकारवाला नागरिकहरुको सार्थक सहभागीतालाइ जोड दिँदै विकास निर्माणका कार्यमा योगदान गर्ने वातावरण निर्माण गर्नँ पर्ने ।
- विकासको प्रतिफल वितरणमा समानता र सबै तहका आम नागरिकहरु र सबै भौगोलिक क्षेत्रहरुसम्म पुऱ्याउनु पर्ने ।
- सीमान्तकृत र आवाज विहिनका आवाजलाइ संबोधन गर्न स्थानीय सरकारले नै नेत्तृत्व लिनु पर्ने ।
- नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाले तोकेका १७ ओटा प्राथमिकताका क्षेत्रलाइ प्रदेश र स्थानीय तहबाट समन्वय समितीहरु गठन गरी कार्यान्वयनमा जोड दिनु पर्ने ।
- महिला हिंसा तथा बाल अधिकार उल्लंघनका बढ्दो तथ्य र तथ्याङ्कलाइ दृष्टिगत गरी सो न्युनीकरणका लागि आवश्यक र प्रभावकारी कदम चाल्नु पर्ने ।
- न्यायिक समितीको भूमिकालाइ न्यायको मान्य सिद्धान्त अनुसार प्रभावकारी बनाउनु पर्ने ।

## अनुसूची- १

## कर्णाली प्रदेश कार्यालय सुर्खेतमा कार्यरत कर्मचारीहरुको विवरण

| क.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री लोकनाथ बास्तोला | उप-सचिव | |
| २ | श्री मान बहादुर कार्की | मानव अधिकार अधिकृत | |
| ३ | श्री नरेन्द्र खत्री | मानव अधिकार अधिकृत | |
| ४ | श्री रेशम बहादुर थापा | सवारी चालक | |
| ५ | श्री बलसिंह सुनार | कार्यालय सहयोगी | |
| ६ | श्री जोवन महत | सुरक्षा गार्ड | |
| ७ | श्री नन्द बुढा | सुरक्षा गार्ड | |
| ८ | श्री सीता चौधरी | सुरक्षा गार्ड | गण्डकी प्रदेश कार्यालय दरबन्दी कायम भइ हाल काजमा कार्यरत |

अनुसूची- २

# चालु आ. व. २०७९/८० को बार्षिक बजेट, कार्यक्रम र प्रगती विवरण

## राष्ट्रिय मानव अधिकार आयोग

कर्णाली प्रदेश कार्यालय, सुर्खेत

आ.व. २०७९/०८० को चौथो त्रैमासिक (असार मसान्तसम्म) को प्रगति विवरण

बजेट कार्यक्रम खर्च नं २२५२२

| क्र.सं | LMBIS code | कार्यक्रम | बजेट | सम्पन्न गर्नुपर्ने कार्यक्रम संख्या: प्रथम त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | चौथो त्रैमासिकसम्म सम्पन्न भएको संख्या | चौथो त्रैमासिक सम्मको प्रगति रु. | चौथो त्रैमासिक सम्मको बजेट | चौथो त्रैमासिक सम्मको आधारमा प्रगति प्रतिशत | बाकी बजेट रु. | चौथो त्रैमासिक बजेटको आधारमा प्रगति प्रतिशत | कार्यक्रम भएको स्थान/जिल्ला | कुनै कार्यक्रम सम्पन्न नभएको भए सम्पन्न हुन नसक्नाको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २.७.७.१.१ | मानव अधिकार उल्लंघनका घटना,उजुरी तथा फाइलहरुको अनुसन्धान | | १ | १ | १ | १ | ७ | ३१८,८२०.०० | ३२०,०००.०० | ९९.६३ | १,१८०.०० | ९९.६३१ | सुर्खेत, कालिकोट, सल्यान,जाजरकोट | |
| २ | २.७.७.१.२ | मानव अधिकार उल्लंघनका घटनाहरुको आकस्मिक (निर्वाचन) अनुगमन | | १ | १ | १ | १ | २ | १९९,९९६.०० | २००,०००.०० | १००.०० | ४.०० | ९९.९९८ | कालिकोट र मुगु | |
| ३ | २.७.७.१.२१९ | खाद्य अधिकारको (निर्वाचन) अनुगमन तथा अन्तरक्रिया | | १ | १ | ० | ० | २ | १९९,८९०.०० | २००,०००.०० | ९९.९५ | ११०.०० | ९९.९४५ | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन जाजरकोट दैलेख जुम्ला मुगु कालिकोट र सुर्खेत | |
| | | जम्मा | | ३ | ३ | २ | २ | ११.०० | ७१८,७०६.०० | ७२०,०००.०० | ९९.८२ | १,२९४.०० | ९९.८२ | | |

बजेट अन्य कार्यक्रम खर्च नं २२५२९

| क्र.सं | LMBIS code | कार्यक्रम | बजेट | सम्पन्न गर्नुपर्ने कार्यक्रम संख्या: प्रथम त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | चौथो त्रैमासिकसम्म सम्पन्न भएको संख्या | चौथो त्रैमासिक सम्मको प्रगति रु. | चौथो त्रैमासिक सम्मको बजेट | चौथो त्रैमासिक सम्मको आधारमा प्रगति प्रतिशत | बाकी बजेट रु. | चौथो त्रैमासिक बजेटको आधारमा प्रगति प्रतिशत | कार्यक्रम भएको स्थान/जिल्ला | कुनै कार्यक्रम सम्पन्न नभएको भए सम्पन्न हुन नसक्नाको कारण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २.७.२७.१.२ | आयोगको स्थापना दिवस कार्यक्रम | | ० | ० | ० | १ | १ | ४८,७४३.०० | ५०,०००.०० | ९७.४९ | १,२५७.०० | ९७.४९% | सुर्खेत | |
| २ | २.७.२७.१.३ | १० डिसेम्बर दिवस कार्यक्रम | | | १ | ० | ० | १ | ५०,०००.०० | ५०,०००.०० | १००.०० | - | १००.००% | | |
| | | | | | | | | | | | | | | | |
| | | जम्मा | | ० | १ | ० | १ | २ | ९८,७४३.०० | १००,०००.०० | ९८.७४ | १,२५७.०० | ९८.७४ | | |

तयार पार्ने
नरेन्द्र शाही
लेखा प्रमुख

प्रमाणित गर्ने
लोकनाथ वास्तोला
लोकनाथ वास्तोला
कार्यालय प्रमुख

## अनुसूची- ३

## मानव अधिकार अनुगमन गरिएको विवरण

| क.सं. | अनुगमनको विषय | अनुगमन गरिएको जिल्ला/स्थानिय तह/कार्यालय | मिति | प्राप्त तथ्य र उपलब्धी |
|---|---|---|---|---|
| १ | बेवारिसे बम बिस्फोट भएको घटनाको अनुगमन | जिल्ला कालिकोट, तिलागुफा नगरपालिका | २०७९/०७/१५-१७ | ➢ घटनास्थलको अनुगमन गरिएको ।<br>➢ २ जना बालिकाको मृत्यु भएको र ३ जना घाईते भएको ।<br>➢ घाईतेको उपचार प्रदेश अस्पताल सुर्खेतमा भएको । |
| २ | कालिकोट जिल्लामा बम विस्फोटमा परि घाइते भएका बालबालिकाहरुको अनुगमन | प्रदेश अस्पताल, सुर्खेत | २०७९/०७/२२ | ➢ बालबालिकाहरुको निशुल्क उपचार भैरहेको ।<br>➢ घटनाको बारेमा जानकारी लिएको ।<br>➢ अनुगमन पश्चात उपचार प्रभावकारी भएको । |
| ३ | अस्पतालको स्वास्थ्य सेवाको समग्र अवस्था अनुगमन | प्रदेश अस्पताल, सुर्खेत | २०७९/०७/२२ | ➢ अस्पतालको मेडिकल सुपरडेन्ट सँग भेटघाट गरि छलफल गरि जानकारी लिएको ।<br>➢ अस्पतालमा विरामीहरुका लागी वेडहरुको अभाव रहेको । |
| ४ | प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन मतदान पुर्वको अनुगमन | जिल्ला जाजर कोट, भेरी नगर पालिका र छेडागाड नगर-पालिका | २०७९/०७/२४-२९ | ➢ निर्वाचन बहिस्कार गर्ने पाटीहरुको पनि गतिविधी रहेको ।<br>➢ चुनावी गतिविधिमा महिलाको सहभागीता कम देखिएको ।<br>➢ मतदाता शिक्षा नभएको प्रभावकारी नभएको । |
| ५ | प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन अनुगमन | जिल्ला कालिकोट, मुगु र जुम्ला | २०७९/०७/३०-०८/०६ | ➢ मतदाताहरुमा स्थानिय चुनाव जस्तो उत्साह नभएको र कम उपस्थिती रहेका<br>➢ मतदान गतिविधिमा महिलाको सहभागती बढी ।<br>➢ मतदाताहरुको स्वतन्त्ररुपमा मतदान गरेको । |
| ६ | प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन अनुगमन | जिल्ला दैलेख, नारायण नगर-पालिका, गुराँश गाउँपालिका, डुङ्गेश्वर गाउँपालिका | २०७९/०८/०२-०५ | ➢ मतदाताहरुको स्वतन्त्ररुपमा मतदान गरेको ।<br>➢ मतदाताहरुमा पहिला जस्तो उत्साह र कम उपस्थिती रहेको ।<br>➢ मतदान गतिविधिमा महिलाको सहभागती बढी ।<br>➢ निर्वाचन दिन भन्दा पहिलो राती विष्फोटक प्रदार्थ विस्फोटन भएको ।<br>➢ निर्वाचन शान्तिपुर्ण भएको । |

| क.सं. | अनुगमनको विषय | अनुगमन गरिएको जिल्ला/स्थानिय तह/कार्यालय | मिति | प्राप्त तथ्य र उपलब्धी |
|---|---|---|---|---|
| ७ | प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन अनुगमन | जिल्ला सुर्खे-तका सिम्ता गाउँपालिका, गुर्भाकोट नगर-पालिका र भेरीगंगा नगर-पालिका | २०७९/०८/०२-०५ | ➢ सिम्ता गाउँपालिकाको एउटा मतदान केन्द्र कर्मचारीको लापरवाहीले मतदान स्थगित भएको ।<br>➢ मतदाता शिक्षा प्रयाप्त नभएको ।<br>➢ कतिपय मतदान केन्द्रमा स्तनपान केन्द्र नभएको, पानीको व्यवस्था नभएको, अपाङ्ग मैत्र नभएको ।<br>➢ समग्रमा मतदान शान्ति पुर्णरुपमा भएको । सिम्ता गाउँपालिकाको एउटा मतदान केन्द्र कर्मचारीको लापरवाहीले मतदान स्थगित भएको ।<br>➢ मतदाता शिक्षा प्रयाप्त नभएको ।<br>➢ कतिपय मतदान केन्द्रमा स्तनपान केन्द्र नभएको, पानीको व्यवस्था नभएको, अपाङ्गमैत्री नभएको ।<br>➢ समग्रमा मतदान शान्ति पुर्णरुपमा भएको । |
| ८ | प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन मतदान पश्चात अनुगमन | जिल्ला सल्यान, सार दा नगरपालिका खलंगामा मतगणना | २०७९/०८/०६-७ | ➢ शान्ति पुर्ण मतगणना भएको ।<br>➢ सबै राजनितिक दलका प्रतिनिधिहरुको मतगणना स्थलमा सहभागी रहेको ।<br>➢ मतगणना कार्य प्रकृयागत कारणले समय धेरै लागेको । |
| ९ | प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन पश्चात अनुगमन | जिल्ला सुर्खेत, वीरेन्द्रनगर नगर पालिका सुर्खेत हलमा मतगणना | २०७९/०८/०८ | ➢ सबै राजनितिक दलका प्रतिनिधिहरुको मतगणना स्थलमा सहभागी रहेको ।<br>➢ मतगणना कार्य प्रकृयागत कारणले समय धेरै लागेको । |
| १० | बाजुरा घटनामा घाईते भएका व्यक्तिहरुको अवस्था अनुगमन | प्रदेश अस्पताल, सुर्खेत | २०७९/०८/०९ | ➢ घाइतेहरुको अवस्थाको बारेमा जानकारी लिई सुदुरपश्चिम कार्यालयलाई पठाएको ।<br>➢ पिडितको उपचार अवस्था जानकारी लिएको । |
| ११ | राउटे समुदायको अवस्था अनुगमन | दैलेख जिल्ला, नारायण नगर-पालिका | २०७९/०८/१९ | ➢ उनिहरुको मानव अधिकार अवस्थाको जानकारी लिएको । |

| क.सं. | अनुगमनको विषय | अनुगमन गरिएको जिल्ला/स्थानिय तह/कार्यालय | मिति | प्राप्त तथ्य र उपलब्धी |
|---|---|---|---|---|
| | | | | ➢ राउटेहरुले अत्याधिक मात्रामा रक्सी प्रयो ग गरेको पाईयो ।<br>➢ विरामीहरुको उपचार नहुँदा मृत्यु हुने गरे को ।<br>➢ महिलाहरुको अवस्था दयनिय रहेको । |
| १२ | कारागार अनुगमन | कारागार कार्यालय, सुर्खेत | २०७९/१०/२६ | ➢ कारागार भित्र कैदी बन्दीहरु क्षमता भन्दा बढी रहेको ।<br>➢ ८० वर्ष भन्दा वढी उमेरको कैदी रहेको ।<br>➢ महिला कैदी बन्दी सँग बालबालिकाहरु रहेको । |
| १३ | दलित समुदायको अधिकार सम्बन्धी अनुगमन | जिल्ला सुर्खेत वीरेन्द्रनगर नगर-पालिका वडा नं १० शान्ति विकास टोल | २०७९/१२/२४ | ➢ स्वच्छ खाने पानीको अभाव रहेको ।<br>➢ खानेपानी मुहानहरुको संरक्षण नभएको ।<br>➢ विद्युतको प्रभावकारी जडान नभएको ।<br>➢ सरोकारवाला निकायको ध्यानकर्षण गरेको । |
| १४ | दलित समुदायले गरेको आन्दोलनको अनुगमन | जिल्ला सुखे ित, मुख्यमंत्री कार्यालय अगाडी | २०८०/०१/०३ | ➢ ८४ ओटा माग राखी दलित समुदायको हक हितका लागी आन्दोलन गरेको ।<br>➢ आन्दोनको धर्ना कार्यक्रममा बालबालिका समेत प्रयोग भएको ।<br>➢ धर्ना कार्यक्रममा शौचालयको उचित प्रवन्ध नहुदाँ दुर्गन्धित हुने गरेको ।<br>➢ आन्दोनको क्रम्म धर्नामा रहेका आन्दोलनकारीले ढुङ्गा प्रहार गर्दा १ जना प्रहरी निरिक्षक र प्रहरी हवलदार घाईते भएको ।<br>➢ आन्दोलनकारी कुनैलाई पनि चोटपटक नलागेको । |
| १५ | स्वास्थ्य अधिकार अनुगमन | मुगु जिल्ला अस्पताल | २०८०/०२/१३ | ➢ उपचारमा आवश्यक मेसिन तथा सामग्रीको अभाव रहेको ।<br>➢ भएका सामग्रीको मर्मत संभार नभएको ।<br>➢ जनशक्तिको अभाव रहेको ।<br>➢ बजेट अभावले औषधि किन्न नसकिएको । |

| क.सं. | अनुगमनको विषय | अनुगमन गरिएको जिल्ला/स्थानिय तह/कार्यालय | मिति | प्राप्त तथ्य र उपलब्धी |
|---|---|---|---|---|
| | | | | ➢ बजेट अभावले औषधि किन्न नसकिएको । ➢ राजनीतिक दबाव र पहुँचका भरमा कर्मचारी भर्ना गर्ने तथा स्रोत साधनलाई दुरुपयोग हुने गरेको पाईयो । |
| १६ | संस्था विरुद्धको आन्दोलन अनुगमन | जिल्ला सुर्खेत, वीरेन्द्रनगर नगर पालिका स्थित आवाज संस्थाको कार्यालय | २०८०/०२/२८ | ➢ आन्दोलनकारी सँग समन्वय गरि आन्दो-लनलाई शान्ति पुर्ण पहल गरेको । ➢ आवाज संस्था, सुरक्षा निकाय र आन्दोलनकारी विच समन्वय गरि आन्दो लन स्थगित गरि थप क्षति हुन बाट रोकेको । ➢ आन्दोलनको धर्ना कार्यक्रममा बालबालिका समेत प्रयोग भएको । |
| १७ | हिरासत अनुगमन | जिल्ला प्रहरी कार्यालय, सुर्खेत | २०८०/०३/०३ | ➢ पक्राउ परेको व्यक्तिहरुलाई कुनै पनि यातना नदिएको तथा मानविय व्यवहार गरेको । ➢ आफन्त तथा अन्य व्यक्तिहरुसँग भेटघाट गर्न दिएको । ➢ पक्राउ परेका मध्ये १ जनालाई अलि धेरै चोटपटक लागेको र उपचार भैरहको । ➢ पक्राउ परेका व्यक्तिहरुलाई कानून बमोजिम अनुसन्धान प्रक्रिया अगाडी बढेको । |
| १८ | बालबालिकाको अवस्था सम्बन्धी अनुगमन | बराताल गाउँपालिका वडा नं ५ बड्डिचौर, सालघारी | २०८०/०३/२५ | ➢ बालबालिकाको खाना, बस्न र पढाई बारेमा जानकारी लिएको । ➢ निजहरुको बारेमा वडा कार्यालयसँग जानकारी लिएको । ➢ उनिहरुको पढाईको लागी काठमाण्डौमा रहेको बाल गृहमा पठाउने पहल गरेको । ➢ कारागारमा रहेका बालबालिकाका वुवा आमा सँग भेटेर जानकारी लिएको । |

## अनुसूची- ४

## राय, सुझाव तथा परामर्श सम्बन्धी कार्यहरु

| क.सं. | विषय | गरेको कार्य तथा पहल |
|---|---|---|
| १. | कामदारको मृत्यु | ➢ सरोकारवाला निकायसँग जानकारी माग गरेको तथा जानकारी लिएको ।<br>➢ घाइतेको उपचार निशुल्क भएको ।<br>➢ मृत्यु भएका व्यक्तिले राहत तथा क्षेतिपुर्ति पाएको ।<br>➢ समस्याको समाधान भएको । |
| २ | विस्थापित भएको | ➢ पिडितसँग छलफल गरि कानूनी व्यवस्था बारेमा जानकारी गराएको ।<br>➢ सरोकारवाला निकायसँग सोधपुछ गरि जानकारी लिएको ।<br>➢ कानूनी व्यवस्था अनुसार भएको । |
| ३ | हिरासतमा दुरव्यबहार | ➢ सरोकारवाला निकायसँग घटनाको बारेमा जानकारी लिएको ।<br>➢ हिरासतमा रहेका व्यक्तिलाई मानविय व्यवहार गर्न भनेको ।<br>➢ आफन्त तथा नातेदारहरुलाई भेटघाट गर्न दिएको ।<br>➢ आयोगको पहल पछि कुनै दुर्व्यहार नभएको । |
| ४ | विहे गर्न वडाको सिफारिस अनिवार्य | ➢ वडा अध्यक्षसँग फोन सम्पर्क गरि उक्त विषयको बारेमा जानकारी लिएको ।<br>➢ उमेर पुगेको र अन्तरजातिय विवाहको हकमा कानूनी ध्यान दिनु पर्ने ।<br>➢ बालविवाह न्युनिकरण गर्नकुरामा केन्द्रित रहेको । |
| ५ | जातिय विभेद | ➢ पिडित सँग जानकारी लिएको र जातिय विभेद नभएको तर विधि र प्रक्रिया नमिले को भनिएको ।<br>➢ सरोकारवालहरुले महिला भएको तथा जातिय छुवाछुतको रुपम नभएको र भुलबस यस्तो भएको भनिएको ।<br>➢ पुन अव नदोहरीने प्रतिवधता ।<br>➢ पिडितले भने अनुसार पलह भएको र पिडितले न्याय पाएको । |
| ६ | शिक्षाको अधिकार | ➢ पिडक पक्षलाई पत्रचार गरेको तथा कार्यालयमा वोलाएर जानकारी लिएको ।<br>➢ दुबै पक्षका कुरा सुनी समस्याको समाधान गरिएको । |
| ७ | घरेलु हिंसा | ➢ कानूनी व्यवस्था बारेमा जानकारी गराएको ।<br>➢ सम्बन्धित निकायमा पठाएको । |
| ८ | घरेलु हिंसा र सम्बन्ध विच्छेद | ➢ कानूनी व्यवस्था बारेमा जानकारी गराएको ।<br>➢ सम्बन्धित निकायमा पठाएको ।<br>➢ समस्या समाधानको लागी पहल गरेको र समस्या समाधान भएको । |
| ९ | मृत्यु | ➢ पिडित सँग छलफल गरेको ।<br>➢ कारण र प्रक्रियाको बारेमा जानकारी लिएको ।<br>➢ कानूनी व्यवस्था सहित सम्बन्धित निकायमा पठाएको ।<br>➢ न्याय प्रशासनबाट भैरहेको प्रक्रिया बारेमा जानकारी गराएको । |
| १० | छात्रावृत्ति | ➢ सरोकारवाला निकायसँग जानकारी माग गरेको ।<br>➢ जानकारी प्राप्त भएको र कानूनी व्यवस्थाको बारेमा छलफल गरेको ।<br>➢ पुन नदोहरीने प्रतिवधता प्राप्त भएको । |
| ११ | आर्थिक अधिकार | ➢ जानकारी मागी उक्त विषयको बारेमा थप स्पष्टता पारिएको ।<br>➢ सरोकारवाली निकायको ध्यानकर्षण गरेको ।<br>➢ समस्या समाधान गर्ने प्रतिवधता प्राप्त गरेको । |

| क.सं. | विषय | गरेको कार्य तथा पहल |
|---|---|---|
| १२ | न्याय प्रशासन | ➢ जिप्रकासँग फोन सम्पर्क गरि समस्याको समाधान भएको ।<br>➢ थप समस्या नहुने र पुन नदोहरीने प्रतिवधता प्राप्त भएको ।<br>➢ पिडितले न्याय प्राप्तिको महसुश गरेको । |
| १३ | न्याय प्रशासन | ➢ नापि कार्यालयसँग जानकारी लिएको ।<br>➢ कानूनी व्यवस्था अनुसार प्रक्रिया भएको ।<br>➢ पिडितलाई कानूनी व्यवस्था बारेमा जानकारी दिएको । |
| १४ | रोजगारीको हक | ➢ सरोकारवाला निकाय सँग जानकारी लिएको ।<br>➢ कानूनी व्यवस्था बारेमा जानकारी गराएको । |
| १५ | मृत्यु | ➢ कानून प्रकिया अनुसार भएको र अदालतमा गएको ।<br>➢ अदालतको विषयमा जानकारी गराएको ।<br>➢ कानूनी व्यवस्था बारेमा पिडितलाई जानकारी गराएको ।<br>➢ समस्याको समाधान भएको । |
| १६ | न्याय प्रशासन | ➢ डिभिजन बन कार्यालयसँग जानकारी माग गरेको र पिडितलाई कानूनी व्यवस्था बारेमा बताएको ।<br>➢ कानून अनुसार भएको र आयोगको क्षेत्र भित्र नपर्ने बारेमा बताएको । |
| १७ | यातना | ➢ उपचार गर्न पहिलो प्राथमिकता दिएको ।<br>➢ उपचारपछि कानूनी प्रक्रियामा जान सुझाव दिएको । |
| १८ | मृत्यु | ➢ घटनाको बारेमा विस्तृत रुपमा जानकारी लिएको ।<br>➢ कानूनी प्रक्रिया आवश्यक रहेको ।<br>➢ कानून व्यवसायी मार्फत प्रकृया अगाडि बढाउन सुझाव दिएको । |
| १९ | बाल अधिकार | ➢ विद्यालयमा पढाईको लागी  नियमित पठाउन परामर्श दिएको ।<br>➢ विद्यालयसँग पनि कुराकानी गरेको । |
| २० | न्याय प्रशासन | ➢ कानूनी उपचारमा जान सल्लाह दिएको ।<br>➢ कानूनी प्रक्रियाम गएको । |

## अनुसूची- ५
## यस कार्यालय आफैले गरेको कार्यक्रमहरु

| क.सं. | कार्यक्रमको नाम | सहभागी निकाय/व्यक्ति | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | निर्वाचन पुर्वको अवस्था सम्बन्धित अन्तक्रिया कार्यक्रम | नेपाल सरकारका विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधीहरु, सरोकारवाला निकाय, नागरिक समाज र पत्रकार | भेरी नगरपालिका, जाजरकोट | २५ |
| २ | अन्तराष्ट्रिय मानव अधिकार दिवस मनाउने सम्बन्धमा नागरिक समाजका प्रतिनिधिहरुसँग छलफल | नागरिक समाजका, पत्रकार, कानून व्यवसायी र गैससका प्रतिनिधि | वीरेन्द्रनगर नगर पालिका, सुर्खेत | १५ |

| क.सं. | कार्यक्रमको नाम | सहभागी निकाय/व्यक्ति | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| ३ | ७४औं अन्तराष्ट्रिय मानव अधिकार दिवस | नेपाल सरकारका विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधि, नागरिका समाज, पत्रकार, कानून व्यवसायी | वीरेन्द्रनगर नगर-पालिका, सुर्खेत | १०४ |
| ४ | द्वन्द्वकालिन मानव अधिकार उल्लंघन उजुरीको अवस्था | द्वन्द्व पिडितहरु व्यक्तिहरु | वीरेन्द्रनगर नगर-पालिका, सुर्खेत | २५ |
| ५ | जातिय छुवाछुत तथा भेदभाव सम्बन्धि छलफल | दलित अधिकार कर्मी तथा नागरिक अगुवा | वीरेन्द्रनगर नगर पालिका, सुर्खेत | ३० |
| ६ | कर्णाली प्रदेशका मानव अधिकार का नितिगत सवालहरु | नागरिका समाजका व्यक्तिहरु, कानून व्यवसायी, पत्रकार तथा विभिन्न संघ संस्था व्यक्तिहरु | वीरेन्द्रनगर नगर-पालिका, सुर्खेत | ४७ |
| ७ | मानव अधिकार अवस्था तथा द्वन्द्व पिडितसँग छलफल | द्वन्द्व पिडित तथा नागरिक समाज, पत्रकार र गैसस | खाँडचक्र नगर-पालिका,कालिकोट | २५ |
| ८ | मानव अधिकार आयोगको स्थापन दिवस | नेपाल सरकार, कानून व्यवसायी, पत्रकार , नागरिक | वीरेन्द्रनगर नगर-पालिका, सुर्खेत | ६० |
| | | समाज र संघ संस्था | | |

## अनुसूची- ६

## समन्वय तथा सहकार्यमा गरिएका कार्यक्रमहरु

| क.सं. | कार्यक्रमको नाम | समन्वय तथा सहकार्य गर्ने निकाय | सहभागी निकाय | स्थान |
|---|---|---|---|---|
| १ | मानव अधिकार र बाल विवाह विरुद्धको अभियान | बाल विवाह विरुद्धको साझा अभियान, कर्णाली प्रदेश | बाल बालिका सम्बन्धि काम गर्ने संस्थाका प्रतिनिधिहरु | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत |
| २ | अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच | राष्ट्रिय अपाङ्ग महासंघ, कर्णाली प्रदेश | नेपाल सरकारका न्यायिक निकायका कार्यालयबाट | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत |
| ३ | अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच | राष्ट्रिय अपाङ्ग महासंघ, कर्णाली प्रदेश | नेपाल सरकारका न्यायिक निकायका कार्यालयबाट | नारायण नगरपालिका, दैलेख |
| ४ | अध्ययन प्रतिवेदन सार्वजनिक, अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच | राष्ट्रिय अपाङ्ग महासंघ, कर्णाली प्रदेश | नेपाल सरकारका कार्यालय र विभिन्न गैसस र नागरिक समाजका व्यक्तिहरु | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत |

| | | | | |
|---|---|---|---|---|
| ५ | CEDAW कमिटिले पठाएको प्रतिवेदनमाथी छलफल | राष्ट्रिय महिला आयोग | नेपाल सरकारका विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधि, कानून व्यवसायी, पत्रकार तथा विभिन्न संघ संस्थाका प्रमुख एंव प्रतिनधि | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत |
| ६ | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धिको निश्कर्ष सुझाव तथा कार्यान्वन अवस्था | राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ नेपाल | नेपाल सरकार विभिन्न कार्यालय, विभिन्न संघसंस्था, कानून व्यवसायी, पत्रकार | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत |

## अनुसूची- ७
## श्रोत व्यक्तीका रुपमा सहभागीता सम्बन्धी विवरण

| क.सं. | विषय | आयोजक | स्रोत व्यक्ति |
|---|---|---|---|
| १ | पाँचौ राष्ट्रिय मानव अधिकार कार्य योजनाको कार्यान्वयन अवस्था | वीरेन्द्रनगर नगरपालिका र इन्सेक | श्री लोकनाथ बास्तोला |
| २ | नेपालको संक्रमणकालिन न्याय र हालको अवस्था | मानव अधिकारका लागी महिला एकल समुह | श्री लोकनाथ बास्तोला |
| ३ | मानव अधिकार रक्षकहरुको सुरक्षा तथा चुनौति र स्थानीय सरकारको भुमिका | अनौपचारिक सेवा केन्द्र (इन्सेक) | श्री लोकनाथ बास्तोला |
| ४ | संयुक्त राष्ट्र संघिय सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० को दोस्रो राष्ट्रिय कार्ययोजना | मानव अधिकारका लागी महिला एकल समुह | श्री लोकनाथ बास्तोला |
| ५ | मनोसामाजिक अपांगता प्रतिको बुझाई UNCRPD कार्यान्वयनको अवस्था र कानूनी अवरोध तथा जटिलता | कोशिस | श्री लोकनाथ बास्तोला |
| ६ | मानव अधिकार रक्षकको अवस्था र ICCPR र ESCR सम्बन्धी | अनौपचारिक सेवा केन्द्र (इन्सेक) | श्री लोकनाथ बास्तोला |
| ७ | अपाङ्गताको अधिकार संरक्षण सम्बन्धमा आयोगले गरेको प्रयासहरु | राष्ट्रिय अपांङग महासंघ, नेपाल | श्री लोकनाथ बास्तोला |
| ८ | अपांङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँच अवरोधको पहिचान सम्बन्धि अध्ययन प्रतिवेदन | राष्ट्रिय अपांङ्ग महासंघ,नेपाल | श्री लोकनाथ बास्तोला |
| ९ | अधिकारकर्मीहरुको लागी मानव अधिकार विषयक तालिम | अधिसामाजिक विकास मंन्त्रालय | श्री लोकनाथ बास्तोला |
| १० | नेपालको संक्रमणकालिन न्याय र हालको अवस्था | मानव अधिकारका लागी महिला एकल समुह | श्री लोकनाथ बास्तोला |
| ११ | विद्यामान कानून, बाल संरक्षण तथा बाल अधिकार सम्बन्धि कानूनी व्यवस्था र ग्याप विषयमा प्रस्तुति | बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेश | श्री मान बहादुर कार्की |
| १२ | कोभिड १९ महामारीमा महिला तथा सिमान्तकृत समुदायको अधिकार | शान्तिका लागी साझा अभियान, कर्णाली प्रदेश | श्री मान बहादुर कार्की |

| क.सं. | विषय | आयोजक | स्रोत व्यक्ति |
|---|---|---|---|
| १३ | पाँचौ राष्ट्रिय मानव अधिकार कार्ययोजना र कार्यान्वियनको अवस्था | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | श्री मान बहादुर कार्की |
| १४ | अपाङ्गता भएका व्यक्तिको मानव अधिकार | राष्ट्रिय आदीवासी अपाङ्ग महिला संघ-नेपाल | श्री मान बहादुर कार्की |
| १५ | मानव अधिकार रक्षकको अधिकार संरक्षण र सम्बर्द्धनमा भएका प्रयासहरु | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | श्री मान बहादुर कार्की |
| १६ | मानव अधिकार र नागरिक समाज विच समन्वय | बाल विवाह विरुद्धको साझा अभियान, कर्णाली प्रदेश | श्री मान बहादुर कार्की |
| १७ | अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षणमा मानव अधिकार आयोगको भुमिका | राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल | श्री मान बहादुर कार्की |
| १८ | अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका अवरोध पहिचान सम्बन्धी अध्ययन प्रतिवेदन | राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल | श्री मान बहादुर कार्की |
| १९ | नेपालको संक्रमणकालिन न्याय र हालको अवस्था | मानव अधिकारका लागी एकल महिला समुह | श्री मान बहादुर कार्की |

## अनुसूची - ८
## अन्य संघ/संस्थाको कार्यक्रममा सहभागीता सम्बन्धी विवरण

| क.सं. | कार्यक्रमको नाम | आयोजक संस्था/निकाय | मिति |
|---|---|---|---|
| १ | मानव अधिकार रक्षकको अधिकार संरक्षण र सम्बर्द्धनमा भएका प्रयास | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०७९/०४/०५ |
| २ | विश्वव्यापी आवधिक समिक्षा को तेस्रो चक्रमा नेपालले स्वीकार गरेका सुझावहरुको कार्यान्वयनका सम्बन्धमा | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०७९/०४/०८ |
| ३ | सार्वजनिक सुनुवाई | आवाज संस्था | २०७९/०४/२२ |
| ४ | संस्थागत सुधार मार्फत न्यायमा पहुँच अभिवृद्धि परियोजना २ | युएनडिपी | २०७९/०४/२९ |
| ५ | आवास संस्थाको २३औ स्थापना दिवस | आवाज संस्था | २०७९/०५/१० |
| ६ | सञ्चार नीति सम्वाद | फि मिडिया नेटवर्क र नेपाल पत्रकार महासंघ सुर्खेत | २०७९/०५/१२ |
| ७ | वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ विधेयकका विषयमा अन्तरक्रिया | इन्सेक, एडभोकेसी फोरम, नेपाल रेडक्रस, मानव अधिकारका लागी महिला एकल समुह | २०७९/०५/१३ |
| ८ | वेपत्ता पारिएका नागरिकको सम्झनामा दिप प्रज्वलन कार्यक्रम | इन्सेक, एडभोकेसी फोरम, नेपाल रेडक्रस, मानव अधिकारका लागी महिला एकल समुह | २०७९/०५/१४ |
| ९ | मानव अधिकार रक्षकको संरक्षण र सम्बर्द्धनका सरोकार अन्तरक्रिया कार्यक्रम | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०७९/०५/१५ |
| १० | प्रभावित केन्द्रित अवधारण सम्बन्धि २ दिने तालिम | महिला पुन स्थापन केन्द्र | २०७९/०५/२१ |

| क्र.सं. | कार्यक्रमको नाम | आयोजक संस्था/निकाय | मिति |
|---|---|---|---|
| ११ | सरकारी प्रतिनिधिहरु तथा सरोकारवालाहरु विच UPR, CERD, CEDAW बाट विशेष सिफारिसहरुको कार्यान्वयन कार्यक्रम | दलित महिला संघ | २०७९/०५/२२ |
| १२ | अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका लागी न्यायमा पहुँच विषयमा कार्यरत मुलधारका सामाजिका संस्थाहरुसँग अन्तरक्रिया कार्यक्रम | राष्ट्रिय अपांङ्ग महासंघ नेपाल | २०७९/०५/२३ |
| १३ | नागरिक समाज मानव अधिकार न्यायिक समिति कानून पर्बद्धन र सेवा प्रदायक विच अन्तरक्रिया कार्यक्रम | दलित महिला संघ | २०७९/०५/३१ |
| १४ | अपाङगता सम्बन्धी सवाल तथा मुल प्रवाहीकरण विषयमा कार्यक्रम | सामाजिका विकास मन्त्रालय, कर्णाली प्रदेश सरकार | २०७९/०५/३१ |
| १५ | पाँचौ राष्ट्रिय मानव अधिकार कार्ययोजना र कार्यान्वयनको अवस्था | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०७९/०६/०२ |
| १६ | जलवायु अनूकुलन सम्बन्धी प्रदेश सम्मेलन कार्यक्रम | अन्नपुर्ण मिडिया नेटवर्क प्रा.लि. | २०७९/०६/०३ |
| १७ | द्वन्द्व प्रभावित महिला र यौन तथा प्रजनन स्वास्थ्यको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम | महिला पुनस्थापन केन्द्र | २०७९/०६/०३ |
| १८ | कोपिला भ्याली सेवा समाजको समिक्षा बैठक कार्यक्रम | कोपिला भ्याली सेवा समाज | २०७९/०६/०४ |
| १९ | बाल अधिकारका लागी साझा अभियानकार्यक्रम | बाल अधिकारका लागी साझा अभियान कर्णाली प्रदेश | २०७९/०६/०५ |
| २० | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धी १९७९ को प्रतिवेदन तयारी कार्यक्रम | राष्ट्रिय महिला आयोग | २०७९/०६/०९ |
| २१ | मानव अधिकार रक्षकको अवस्था र चुनौति कार्यक्रम | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०७९/०६/१२ |
| २२ | पाँचौ राष्ट्रिय मानव अधिकार कार्ययोजना र कार्यान्वयन अवस्था कार्यक्रम | अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) | २०७९/०६/३१ |
| २३ | निर्वाचन अनुगमन सम्बन्धी सरोकारवाला निकायसँग छलफल | नेपाल कानून समाज | २०७९/०७/३० |
| २४ | कोभिड १९ महामारीको समयमा महिला र सीमान्तकृत समुहहरुको न्यायमा पहुँचमा परेको प्रभाव मुल्यांकन सम्बन्धी अध्ययन तथा उक्त समयमा अवलम्बन गरिएको E–Justice कार्यक्रम | महिला, कानून र विकास मञ्च | २०७९/०८/१२ |
| २५ | मर्यादित/सम्मानजनक महिनावारी सम्बन्धी कार्यक्रम | कोपिला भ्याली सेवा समाज | २०७९/०८/१८ |
| २६ | लैङ्गिक हिंसा १६ दिने अभियान | नेपाल कानून समाज | २०७९/०८/२० |
| २७ | मानव अधिकार रक्षकको अवस्था र चुनौति विषयक अन्तरक्रिया कार्यक्रम | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०७९/०८/२२ |
| २८ | अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँच विषयक सार्वजनिक बहस कार्यक्रम | दर्शन खबर | २०७९/०८/२६ |

| क.सं. | कार्यक्रमको नाम | आयोजक संस्था/निकाय | मिति |
|---|---|---|---|
| २९ | एकल महिला समुह सँग एकल महिलाको अधिकार सम्बन्धी अन्तर्क्रिया तथा छलफल | मानव अधिकारका लागी एकल महिला समुह | २०७९/०८/२७ |
| ३० | दलित समुदायका सवालमा अन्य समुदायको भुमिका कार्यक्रम | दलित महिला संघ | २०७९/०८/२८ |
| ३१ | नागरिक स्थान अनुगमन तथा विश्लेषण कार्यक्रम | शान्तिका लागी साझा अभियान | २०७९/०८/२८ |
| ३२ | शान्ति, मानव अधिकार र सामाजिक न्याय | कोक्याप | २०७९/०८/२९ |
| ३३ | अपाङ्गता समावे-शीकरणका लागी वकालत, पैरवी र नेतृत्व विकास सम्बन्धी तालिम कार्यक्रम | राष्ट्रिय आदिवासी अपाङ्ग महिला संघ | २०७९/०९/०३ |
| ३४ | कोभिड १९ पछि द्वन्द्व प्रभावित महिलाहरुको स्थिति र आवश्यक्ताको सन्दर्भमा गरिएको आधारभुत अध्ययनको छलफल कार्यक्रम | मानव अधिकारका लागी महिला एकल महिला समुह | २०७९/०९/११ |
| ३५ | UNCRPD को समिक्षा कार्यक्रम | राष्ट्रिय अपांङग महासंघ नेपाल | २०७९/०९/१२ |
| ३६ | नेपाल मानव अधिकार समिक्षा पुस्तक कार्यक्रम | अनौपचारिका क्षेत्र सेवा केन्द्र ( इन्सेक) | २०७९/०९/१८ |
| ३७ | यातना पिडितका लागी द्वन्द्व पछिको नेपालमा मेलमिलाप परियोजना कार्यक्रम | मानव अधिकारका लागी महिला एकल समुह | २०७९/१०/१२ |
| ३८ | द्वन्द्व पछिको नेपालमा लैंगिक हिंसा यातना पिडितहरुका लागी मेलमिलाप परियोजना अन्तरगत संक्रमणकालिन न्याय विषयमा | मानव अधिकारका लागी महिला एकल महिला समुह | २०७९/१०/२५ |
| ३९ | नेपालको संक्रमणकालिन न्यायमा पुनस्थापकीय न्याय र मेलमिलाप सम्बन्धी प्रदेश स्तरीय परामर्श बैठक कार्यक्रम | मानव अधिकारका लागी महिला एकल महिला समुह | २०७९/१०/२६ |
| ४० | बहुप्रकोप पुर्व तयारी तथा प्रतिकार्य योजनाको मस्यौदा उपर प्रदेश स्तरिय परामर्श कार्याशाला गोष्ठी कार्यक्रम | सामाजिका विकास मन्त्रालय, कर्णाली प्रदेश सरकार | २०७९/१०/२७ |
| ४१ | न्याय प्रकृयामा पिडितको पहुँच विषयक छलफल कार्यक्रम | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०७९/११/०१ |
| ४२ | मानव अधिकार उल्लंघनका घटनामा अनुसन्धान र पीडितको न्यायमा पहुँच कार्यक्रम | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०७९/११/१० |
| ४३ | कर्णाली प्रदेशको मानव अधिकार अवस्थाका विषयमा सरो कारवालाहरुबीचको अन्तरक्रिया कार्यक्रम | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०७९/११/२८ |
| ४४ | संक्रमणकालिन न्याय र चुनौति विषयमा कार्यक्रम | मानव अधिकारका लागी महिला एकल महिला समुह | २०७९/१२/०२ |
| ४५ | बालश्रम र बाध्यकारी श्रम निवारणका लागी प्रदेश स्तरीय छलफल कार्यक्रम | श्रम, रोजगार तथा सामाजिका सुरक्षा मन्त्रलालय | २०७९/१२/२९ |
| ४६ | लैङ्गिक समानता तथा सामाजिक समावे-शीकरण कार्यक्रम | सुर्खेत अपाङ्ग समाज | २०७९/१२/३० |

| क.सं. | कार्यक्रमको नाम | आयोजक संस्था/निकाय | मिति |
|---|---|---|---|
| ४७ | न्याय समानता सम्मानका लागी दलित महिला जनप्रतिनिधिहरुको सम्मेलन कार्यक्रम | दलित महिला संघ | २०८०/०१/०४ |
| ४८ | द्वन्द्व पछिको नेपालमा लैंगिक हिंसा यातना पिडितहरुका लागी मेलमिलाप परियोजना कार्यक्रम | मानव अधिकारका लागी महिला एकल महिला समुह | २०८०/०१/०६ |
| ४९ | महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ र सरुक्षा परिषद प्रस्ताव न १३२५ र १८२० को दोस्रो राष्ट्रिय कार्ययोजना कार्यक्रम | मानव अधिकारका लागी महिला एकल महिला समुह | २०८०/०१/२९ |
| ५० | मनोसामाजिक अपाङ्गताप्रतिको बुझाई UNCRPD कार्यान्वयनको अवस्था र कानूनी अवरोध तथा जटिलताका कार्यक्रम | कोशिश | २०८०/०२/२८ |
| ५१ | महिला विरुद्ध हुने सबै प्रकारका विभेद अन्त्य गर्ने सम्बन्धी महासन्धी समितिमा बुझाईने  प्रतिवेदन सम्बन्धी कार्यक्रम | फियान नेपाल | २०८०/०२/२९ |
| ५२ | सञ्चार सम्वाद निति को Inception Workshop कार्यक्रम लैंगिक हिंसा सम्बन्धी अभिमुखिकरण | फि मिडिया नेटवर्क र नेपाल पत्रकार महासंघ सुर्खेत शाखा | २०८०/०३/०१ |
| ५३ | आप्रवासी कामदार र उनका परिवारहरुका लागी मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य प्रवर्द्धन कार्यक्रम | नव किरण प्लस | २०८०/०३/०२ |
| ५४ | मानव अधिकार रक्षकको अधिकार संरक्षणका लागी कानूनको आवश्यक्ता विषयक अन्तरक्रिया कार्यक्रम | मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र, नेपाल | २०८०/०३/०७ |
| ५५ | मानव अधिकार रक्षकको अधिकार संर-क्षणका लागी कानूनको आवश्यक्ता विषयक अन्तरक्रिया कार्यक्रम | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०८०/०३/०८ |
| ५६ | नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ प्रकाशन पुर्व सरोकारवाला निकायसँग समीक्षा कार्यक्रम | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०८०/०३/१३ |
| ५७ | महिला शान्ति<br>सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघको प्रस्ताव नं १३२५ र १८२० सम्बन्धमा कार्यक्रम | द्वन्द्व पिडित महिला राष्ट्रिय सञ्जाल | २०८०/०३/१३ |
| ५८ | दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी बनेका ऐन, कार्यविधी सम्बन्धी अभिमुखिकरण कार्यक्रम | नेत्रहिन सेवा संघ | २०८०/०३/१८ |
| ५९ | मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनितिक कार्ययोजना कार्यक्रम | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश सरकार | २०८०/०३/२२ |
| ६० | सिफारिस संयन्त्र सम्बन्धी कार्यक्रम | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०८०/०३/२८ |
| ६१ | नागरिक संघ संगठन र मानव अधिकार रक्षकहरुमा कोभिड १९ ले पारेको संकुचन विषयक अध्ययन प्रतिवेदन कार्याक्रम | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०८०/०३/२८ |
| ६२ | सिफारिस संयन्त्र सम्बन्धी कार्यक्रम | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २०८०/०३/२९ |

## अनुसूची - ९

## विभिन्न बैठकहरुमा सहभागीमा सम्बन्धी विवरण

| क.सं. | विषय वस्तु | उद्देश्य | आयोजक | स्थान |
|---|---|---|---|---|
| १ | पाँचौ राष्ट्रिय मानव अधिकार कार्ययोजनाको बैठक | कार्ययोजनाको कार्यान्वयन समिक्षा | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | वीरेन्द्रनगर, सुर्खेत |
| २ | मानव अधिकार सहायता कक्ष | लैङ्गिक हिसांमा परि न्यायमा पहुँच नभएको पिडितहरुलाई न्यायमा पहुँच बनाउन राहत प्रदान गर्ने | मानव अधिकार सहायता समिति | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुर्खेत |
| ३ | पाँचौ राष्ट्रिय मानव अधिकार कार्ययोजनाको बैठक | कार्ययोजनाको कार्यान्वयन समिक्षा | कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय |
| ४ | पाँचौ राष्ट्रिय मानव अधिकार कार्ययोजनाको बैठक | कार्ययोजना सम्बन्धमा | जिल्ला समन्वय समितिको कार्यालय, सुर्खेत | जिल्ला समन्वय समितिको कार्यालयमा |
| ५ | मानव अधिकार सहायता कक्ष | लैङ्गिक हिसांमा परि न्यायमा पहुँच नभएको पिडितहरुलाई न्यायमा ६ पहुँच बनाउन राहत प्रदान गर्ने | मानव अधिकार सहायता समिति | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुर्खेत |
| ६ | HIV संक्रमिति व्यक्तिहरुको मानव अधिकार | HIV संक्रमित व्यक्तिको मानव अधिकार र मानविय व्यवहार सम्बन्धमा | नव किरण संस्था, सुर्खेत | राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयमा |
| ७ | मानव अधिकार सहायता कक्ष | लैङ्गिक हिसांमा परि न्यायमा पहुँच नभएको पिडितहरुलाई राहत प्रदान गर्ने | मानव अधिकार सहायता समिति | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुर्खेत |
| ८ | अपाङ्गता भएका व्यक्तिको अधिकार तथा न्यायमा पहुँच | सरकारी निकायमा न्यायमा पहुँच तथा उनीहरुको अधिकार | राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल | राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयमा |
| ९ | OCMC अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँच | अपाङ्गता भएका व्यक्तिले पाईरहे को सुविधा अवस्था | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय अपाङ्ग महासंघ र स्वास्थ्य सेवा कार्यालय दैलेख | स्वास्थ्य सेवा कार्यालय दैलेख |
| १० | मानव अधिकार सहायता कक्ष | लैङ्गिक हिसांमा परि न्यायमा पहुँच नभएको पिडितहरुलाई न्यायमा पहुँच बनाउन राहत प्रदान गर्ने | मानव अधिकार सहायता समिति | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुर्खेत |
| ११ | अपाङ्गता भएका व्यक्तिहरुले पाउने परिचय पत्र | अपाङ्गता भएका व्यक्तिहरुले परिचय पत्र सहज पाउने अवस्थाको बारेमा | राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय अपाङ्ग महासंघ | गुराँस गाउँपालिका, दैलेख |

| क.सं. | विषय वस्तु | उद्देश्य | आयोजक | स्थान |
|---|---|---|---|---|
| १२ | मानव अधिकार सहायता कक्ष | लैङ्गिक हिसांमा परि न्यायमा पहुँच नभएको पिडितहरुलाई न्यायमा पहुँच बनाउन राहत प्रदान गर्ने | मानव अधिकार सहायता समिति | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुर्खेत |
| १३ | मानव अधिकार सहायता कक्ष | लैङ्गिक हिसांमा परि न्यायमा पहुँच नभएको पिडितहरुलाई न्यायमा पहुँच बनाउन राहत प्रदान गर्ने | मानव अधिकार सहायता समिति | राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय, सुर्खेत |
| १४ | पाँचौ राष्ट्रिय मानव अधिकार कार्ययोजनाको बैठक | कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धमा | जिल्ला समन्वय समितिको कार्यालय, सुर्खेत | जिल्ला समन्वय समितिको कार्यालयमा |

# कार्यालयबाट भएका गतिविधी सम्वन्धी फोटोहरू














## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरु

**केन्द्रीय कार्यालय**

हरिहर भवन, पुल्चोक, ललितपुर

फोन : ०१-५०१००१५, (हटलाइन : ०१-५०१००००)

फ्याक्स : ०१-५५४७९७३, पोष्ट बक्स नं. ११८२, काठमाडौं, नेपाल

ई-मेल : nhrc@nhrcnepal.org

**प्रदेश कार्यालयहरू :**

कोशी प्रदेश कार्यालय, विराटनगर

फोन : ०२१-४६१५३१, ४६१०५३,

फ्याक्स : ०२१-४६११००

ई-मेल : nhrcbrt@nhrcnepal.org

मधेश प्रदेश कार्यालय, जनकपुर

फोन : ०४१-५५०३१३/१४,

फ्याक्स : ०४१-५५०३१५

ई-मेल : nhrcink@nhrcnepal.org

बागमती प्रदेश कार्यालय, हेटौडा, मकवानपुर

फोन : ०५७-५९१२११, ५९१३११

ई-मेल : nhrcsnp@nhrcnepal.org

गण्डकी प्रदेश कार्यालय, पोखरा

फोन : ०६१-४६२८११/४६३८२२,

फ्याक्स : ०६१-४६३०४२

ई-मेल : nhrcpkr@nhrcnepal.org

लुम्बिनी प्रदेश कार्यालय, बुटवल

फोन : ०७१-४१०१७५

फ्याक्स : ०७१-४१०१७६

ई-मेल : nhrcbti@nhrcnepl.org

कर्णाली प्रदेश कार्यालय, सुर्खेत

फोन : ०८३-५९०२२४

इ-मेल : nhrcskt@nhrcnepal.org

सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी

फोन : ०६१-५२५६२१, ५२५६२२,

फ्याक्स : ०९१-५२५६२३

ई-मेल : nhrcdhn@nhrcnepal.org

**प्रदेश शाखा कार्यालयहरू**

कोशी प्रदेश शाखा कार्यालय, दिक्तेल

फोन : ०३६-४२०२८४

ई-मेल : nhrckht@nhrcnepal.org

लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज

फोन : ०८१-५२६७०७, ५२६७०८

ई-मेल : nhrcnpj@nhrcnepal.org

कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला

फोन : ०८७-५२०२२२

ई-मेल : nhrcjum@nhrcnepal.org